सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ जेठ २०८१, आइतबार (19 May 2024, Sunday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बागमती सफाइ अभियानको १२ वर्ष

६ हजार बिरुवा हुर्किए, २१ हजार मेट्रिकटन फोहोर संकलन



(विस्तृत पृष्ठ २)

मानव बेचबिखनमा गाउँपालिका अध्यक्षलाई उन्मुक्ति प्रकरण

उच्च सरकारी वकिलद्वारा थप अनुसन्धान गर्न फाइल फिर्ता



आफ्नै गाउँकी एक महिलालाई कुवेत पठाउने भन्दै भारतबाट श्रीलंका लगेर बन्धक बनाएको आठ वर्षअघिको घटनामा घले पक्राउ परेका थिए

(विस्तृत पृष्ठ ३)

अर्थ पत्रिका

घरजग्गामा बैंकको कर्जा

आवासीय बढ्यो, व्यापारिक घट्यो

चालू आवको नौ महिनामा दुई करोडसम्म पाइने व्यक्तिगत आवासीय कर्जा ३८ अर्ब ६३ करोड प्रवाह, गत आव ०७९/८० को पूरै वर्ष यस्तो कर्जा १० अर्ब ३२ करोड वितरण



'अटोमेटिक रुट'मार्फत दुई अर्ब १६ करोड एफडिआई स्वीकृत

(विस्तृत पृष्ठ ९)

संसदीय छानबिन समिति बनाउन सहमति

सहकारी अपचलनमा संसदीय छानबिन समिति बनाउनुपूर्व कार्यविधि टुंग्याउन कानुनमन्त्रीको संयोजकत्वमा कार्यदल गठन, आज संसद् बैठकअघि कार्यविधि टुंगो लगाउने र सदन सञ्चालन गर्ने तयारी

प्रेम गौतम, केशवप्रसाद पाण्डे

सहकारीको रकम अपचलनबारे संसदीय छानबिन समिति गठन गर्नुपर्ने आफ्नो माग सम्बोधन गर्न सत्तापक्ष सहमत भएपछि कांग्रेस संसद् खोल्न लचक भएको छ। शनिबार सत्तारूढ दल र कांग्रेसबीच समिति बनाउने सैद्धान्तिक सहमति भएसँगै कार्यविधि टुंग्याउन कार्यदल गठन भएको छ। समिति गठनपूर्व कार्यविधि तय हुनेछ।

आइतबार बिहान ११ बजे संसद् बैठकअघि कार्यविधि टुंगो लगाउने र सदन सञ्चालन गर्ने शीर्ष नेताहरूको तयारी छ। सोहीअनुसार कार्यदलको बैठक बिहान ८ बजे बोलाइएको छ। समिति गठन गर्न दलहरू तयार भए पनि कार्यविधिमा सहमति बनाउन बाँकी छ। तर, समितिको कार्यविधिमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेको नाम भने समावेश नहुने उच्च स्रोतको दाबी छ।

कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कांग्रेसका जीवन परियार, एमालेका महेश बर्तौला र रास्वपाका शिशिर खनाल सम्मिलित कार्यदल बनेको छ। कार्यदलमा माओवादीका प्रतिनिधि छैनन्। कांग्रेसले सत्तापक्षका सदस्य धेरै भएको बताएपछि प्रधानमन्त्री प्रचण्डले आफ्नो पार्टीको प्रतिनिधि नराख्दा पनि हुन्छ भनेका थिए। कार्यविधिबारे आइतबार बिहानबाट छलफल हुने संयोजक गिरीले बताए।

कार्यविधिमा कांग्रेस र रास्वपाका फरक-फरक प्रस्ताव छन्। 'सुप्रिम सहकारी, सूर्यदर्शन सहकारी, स्वर्णलक्ष्मी सहकारीलगायत संस्थाबाट अनुचित लाभ लिने एवं सहकारी ऐनविपरीत कार्य गर्ने वा कार्य गर्न मद्दत पुऱ्याउने व्यक्ति र गोरखा मिडिया नेटवर्क प्रालिजस्ता कम्पनीका प्रबन्ध निर्देशक रहेका रवि लामिछानेलगायत सेयरधनी एवं सञ्चालकसमेतका बारे अध्ययन गरी कानुनी कारबाहीसम्बन्धी सुझाव र सिफारिस गर्ने,' कांग्रेसको प्रस्ताव छ। तर, 'अनुचित लाभ लिने व्यक्ति, संस्था र कम्पनीबारे समेत अध्ययन गरी कानुनी कारबाहीसम्बन्धी सुझाव र सिफारिस

» पृष्ठ ११ मा क्रमशः

■ समितिको कार्यविधि बनाउने कार्यदल



पदम गिरी, संयोजक (कानुनमन्त्री)



जीवन परियार (सांसद, कांग्रेस)



महेश बर्तौला (मुख्य सचेतक, एमाले)



शिशिर खनाल (सांसद, रास्वपा)

■ **कार्यदलका संयोजक पदम गिरी भन्छन्-** निकासका लागि लचिलो भयौं

संसद्मा देखिएको अवरोधको निकासका लागि संसदीय छानबिन समिति बनाउन प्रमुख दलहरूबीच सहमति भएको छ। प्रमुख प्रतिपक्षी दल कांग्रेसले संसदीय छानबिन समिति गठन हुनुपर्ने अडान नछाडेपछि निकासका लागि हामीहरू तयार भएका हौं। प्रधानमन्त्रीले ७ जेठमा लिने विश्वासको मत, नीति तथा कार्यक्रम र १५ जेठमा बजेट प्रस्तुत गर्ने समय पनि नजिकिएको अवस्थामा हामी लचिलो बन्यौं। कार्यविधिबारे आइतबार बिहानबाट कार्यदलमा छलफल हुन्छ। कार्यदलले मस्यौदा बनाउँछ। ११ बजे संसद् बैठकअघि कार्यविधि टुंगो लगाउने र सदन सञ्चालन गर्ने कोसिस रहन्छ।



■ **कांग्रेस प्रमुख सचेतक रमेश लेखक भन्छन्-** कार्यविधिपछि समिति गठनको निर्णय हुन्छ

मूलतः संसदीय छानबिन समिति बनाएर जाने विषयमा सबै राजनीति दलको समान धारणा बनेको छ। कार्यदलले कार्यविधिको मस्यौदा तयार पारेपछि शीर्ष बैठकमा प्रस्तुत गर्छ र त्यसलाई टुंग्याएर समिति गठनको औपचारिक निर्णय हुनेछ। समितिको कार्यविधि टुंग्याउने विषयमा प्रारम्भिक सहमति बन्यो। समितिको सहजीकरण कानुनमन्त्रीले गर्नुहुनेछ। सबै दलका साथीहरू बसेर कार्यविधिका विषय टुंग्याउने सहमति भएको छ। आइतबार बिहानैबाट कार्यदलमा रहेका साथीहरूले काम सुरु गर्नुहुनेछ। छलफलबाट कार्यविधिको विषय टुंगो लाग्नेछ।

■ **कार्यदल सदस्य शिशिर खनाल भन्छन्-** व्यक्तिमा होइन, नीतिमा केन्द्रित हुन्छौं

संसदीय समिति बनाउने विषयमा सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच मोटामोटी सहमति भएको छ। यसबारे विस्तृत रूपमा आइतबार छलफल हुन्छ। कार्यविधि बनाउन कार्यदल बनेको छ। त्यसले मस्यौदाको काम गर्छ। व्यक्तिमाथि छानबिन होइन, समग्र सहकारी क्षेत्र सुधार गर्ने गरी अगाडि बढ्छ। कानुन बनाउने सांसद सम्मिलित समितिमा व्यक्ति तोकेर होइन, समग्र क्षेत्रको समस्या समाधान गर्ने गरी नीतिगत विषय आउनुपर्छ।

सहमति र संवादबाट निकास निकाल्दै छौं : प्रधानमन्त्री



'अहिले सहकारीसँग सम्बन्धित विषयलाई लिएर सदन अवरुद्धको स्थितिमा छ। मैले केही दिनदेखि लगातार समीकरणभित्र र प्रतिपक्ष दलहरूसँग पनि छलफल गरिरहेको छु। कहीँ न कहीँ समस्याको समाधान होस् भनेर छलफल भइरहेको छ। भोलिसम्म (आइतबार) एउटा निकासतिर जान्छ र सदन खुल्छ।

प्रधानमन्त्री प्रचण्डले सहमति जुटेर संसद् खुल्ने विश्वास व्यक्त गरेका छन्। माओवादी पार्टी कार्यालय पेरिसडाँडामा शनिबार आयोजित एक कार्यक्रममा प्रचण्डले सहमति र संवादबाट विद्यमान समस्याको समाधान निस्कने बताए। 'अहिले सहकारीसँग सम्बन्धित विषयलाई लिएर सदन अवरुद्धको स्थितिमा छ। मैले केही दिनदेखि लगातार समीकरणभित्र र प्रतिपक्ष दलहरूसँग पनि छलफल गरिरहेको छु,' उनले भने, 'कहीँ न कहीँ समस्याको समाधान होस् भनेर छलफल भइरहेको छ। भोलिसम्म एउटा निकासतिर जान्छ र सदन खुल्छ।'

प्रधानमन्त्री प्रचण्डले चौथोपटक पनि विश्वासको मत पाउनेमा आफू ढुक्क रहेको बताए। ७ जेठमा विश्वासको मत लिन लागेको उनले बताए। जतिपटक लिनुपरे पनि विश्वासको मत प्राप्त हुने उनले दाबी गरे। 'एकजना कांग्रेसको नेताले मैले तेह्रोपटक विश्वासको मत लिँदा यो अवधिमा १२-१३ पटक विश्वासको मत लिनुपर्ने परिस्थिति हुन्छ कि भन्दै हुनुहुन्थ्यो। अहिले चौथोपटक लिनुपरेको हुनाले पाँचौं, छैटौं हुँदै जाने हो कि भन्नेजस्तो त देखिन्छ। तर, जतिपटक लिनुपरे पनि विश्वासको मत प्राप्त हुन्छ भन्ने कुरामा विश्वस्त छु।'

भन्डै शतप्रतिशतसमेत विश्वासको मत प्राप्त भएको भन्दै प्रचण्डले घटबढ भने भइरहने बताए। 'कहिले अलि बढ्छ, कहिले अलि घट्छ। घटबढ त भइरहन्छ, तर विश्वासको मत प्राप्त हुन्छ। एकपटक त भन्डै शतप्रतिशत नै प्राप्त भयो। यसपटक पनि विश्वासको मत प्राप्त हुन्छ भन्नेमा कुनै दुविधा छैन,' उनले भने।

प्रधानमन्त्री प्रचण्डले नीति तथा कार्यक्रमअनुरूप बजेट आउने पनि बताए। 'नीति तथा कार्यक्रमलाई बजेटले ठीक ढंगले सम्बोधन गरोस् भनेर सानो टिमलाई लगाएको छु। बजेट एकातिर, नीति तथा कार्यक्रम अर्कोतिर हुन नपाओस्। नीति तथा कार्यक्रमका मूलभूत विषयलाई बजेटले बोकोस्, सम्बोधन गरोस्,' प्रधानमन्त्रीको भनाइ छ।



तराईदेखि काठमाडौंसम्म बढ्यो गर्मी

पश्चिम तराईमा ४२ डिग्री नाघ्यो, काठमाडौंमा झन्डै ३४ डिग्री

नयाँ पत्रिका

तातो हावा चलिरहेको पश्चिम नेपालमा तापक्रम ह्वात्तै बढेको छ। शनिबार पश्चिम तराईका प्रमुख सहरको अधिकतम तापक्रम ४२ डिग्री सेल्सियस नाघेको छ भने काठमाडौं, घोराही, वीरेन्द्रनगर र दिपायल उपत्यकाको तापक्रम पनि बढेको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार शनिबार सबैभन्दा बढी नेपालगन्जको तापक्रम ४२.६ डिग्री सेल्सियस मापन भएको छ। बाँकेकै भगवानपुरमा ४२.२ र सिक्टा सिँचाइ आयोजना क्षेत्रमा ४२ डिग्री सेल्सियस पुगेको छ। त्यस्तै, धनगढीको अधिकतम तापक्रम ४२.१ र कैलालीकै साडेपानीमा ४१.४ डिग्री सेल्सियस पुगेको छ। भैरहवामा भने ३९.८ डिग्री सेल्सियस मापन भएको छ।

तापक्रम तराईमा मात्र होइन, पहाडी क्षेत्रका खासगरी उपत्यकामा उच्च भएको छ। शनिबार दिपायलमा ४०.५, सुर्खेतको वीरेन्द्रनगरमा ४०.३ र दाङको घोराहीमा ३८.४ डिग्री सेल्सियस पुगेको छ। त्यस्तै, काठमाडौं र पोखरामा अधिकतम तापक्रम समान ३३.६ डिग्री सेल्सियस मापन भएको छ।



काठमाडौंको इन्द्रचोकमा पानी पिउँदै सर्वसाधारण। गर्मी बढेसँगै स्थानीयको सक्रियतामा पैदल यात्रुका लागि पिउने पानीको प्रबन्ध गरिएको छ। तस्बिर : **संजीत परियार**/नयाँ पत्रिका

■ नक्कली सवारी लाइसेन्स प्रकरण

जिम्मेवारीबाट हटिसकेका कर्मचारीको 'युजर' दुरुपयोग गरी फर्जी विवरण भरियो

सुवास भट्ट/नयाँ पत्रिका



नक्कली सवारी लाइसेन्स प्रकरणमाथि छानबिन गरिरहेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले नयाँ-नयाँ तथ्य फेला पारेको छ। जिम्मेवारीबाट हटिसकेका कर्मचारीको 'युजर' दुरुपयोग गरी कार्यालयबाहिरबाट समेत फर्जी विवरण भरेको भेटिएको हो।

प्रकरणमा संलग्न भएको आशंकामा हालसम्म १२ जनालाई नियन्त्रणमा लिइसकेको छ। बिहीबार मात्रै सिआइबीले यातायात व्यवस्था विभागकी दीपा न्यौपाने तथा बुधबार इलाका प्रशासन कार्यालय, थारमारे सल्यानमा कार्यरत कम्प्युटर अप्रेटर गणेश भण्डारीलाई पक्राउ गरेको छ। न्यौपाने तीन वर्षदेखि विभागमै कार्यरत रहेकोमा भण्डारी भने विगतमा यातायातमा हुँदा यसमा संलग्न रहेको प्रहरीले जनाएको छ।

सिआइबीले हालसम्म विभिन्न यातायात कार्यालयमा काम गरेका सात सरकारी कर्मचारीलाई पक्राउ गरिसकेको छ। अनुसन्धानका क्रममा नयाँ तथ्य भेटिएको सिआइबीले जनाएको छ।

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र बुटवलमा सहायक कम्प्युटर अप्रेटरमा करारमा कार्यरत ज्ञानराज पाण्डेको 'आइडी' दुरुपयोग गरी एक सय २२ नक्कली सवारी लाइसेन्स जारी भएको तथ्य फेला परेको छ। उनी ०७८ भदौदेखि ०८० असार मसान्तसम्म कार्यालयमा कार्यरत थिए।

त्यसबीचमा उनी ०७९ जेठदेखि १० महिना कार्यालयको सवारीचालक अनुमतिपत्र नवीकरण तथा दर्ता शाखामा कार्यरत थिए। उक्त शाखामा रहँदा कार्यालयले दिएको 'युजर आइडी'बाट उनले ढड्डा इन्ट्री, लाइसेन्स नवीकरण तथा दर्ता प्रक्रियाको काम गर्दथे।

०७९ चैतदेखि उनको जिम्मेवारी फेरियो, उनी लाइसेन्स नवीकरण/दर्ता शाखाबाट अर्कै शाखामा पुगे। तर, उनको 'युजर आइडी' भने यथावत् रूपमा 'एक्टिभ' भएको र त्यसबाट नयाँ नक्कली विवरण प्रविष्ट भएको भेटिएको छ। प्रविष्ट गरिएका विवरणका आधारमा एक सय २२ वटासम्म नक्कली लाइसेन्स जारी भएको देखिएको छ।

त्यति बेला कार्यालयको कार्यालय प्रमुखमा केशव अर्याल कार्यरत रहेको देखिन्छ। 'युजर आइडी' दुरुपयोग गरी नक्कली लाइसेन्स जारी गर्ने कार्यमा उनको पनि संलग्नता रहेको स्रोतको दाबी छ। तत्कालीन कार्यालय प्रमुख अर्यालले नै पाण्डेको आइडी 'एक्टिभ' गरी प्रणालीमा डाटा प्रविष्ट गर्ने

» पृष्ठ ११ मा क्रमशः

यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र बुटवलमा सहायक कम्प्युटर अप्रेटरमा करारमा कार्यरत ज्ञानराज पाण्डेको 'आइडी' दुरुपयोग गरी १२२ नक्कली सवारी लाइसेन्स जारी भएको तथ्य फेला परेको छ

■ घुस, शक्ति र पहुँचका आधारमा निजामती, सेना, प्रहरी र भिआइपीसमेतले लिए नक्कली लाइसेन्स

नक्कली लाइसेन्सको लहरो तान्दै जाँदा यसले ठूलो आकार ग्रहण गर्दै गएको छ। निजामती, सेना, प्रहरी र भिआइपीसमेतले घुस, शक्ति र पहुँचका आधारमा नक्कली लाइसेन्स लिएको भेटिन थालेका छन्। शक्ति, पहुँचका आधारमा तथा घुस बुझाएर लाइसेन्स लिएकाहरू अहिले लाइसेन्स रद्द भएपछि त्यसको गुनासो लिएर विभाग धाउन थालेका छन्। कतिपय यातायात कार्यालयले नक्कली पहिचान भएका लाइसेन्स रद्द गरेपछि त्यसको गुनासो लिएर समस्या समाधानका लागि विभाग धाउन थालेका हुन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

धनगढीमा आम्दानीको स्रोत बन्दै फोहोर

कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै गाडीमार्फत संकलन गरिरहेको धनगढी उपमहानगरले वर्गीकरण गरेर फोहोर बिक्री गर्न थालेको छ। कुहिने फोहोर पनि बायोग्यास प्लान्टमा जान्छ, त्यहाँबाट उत्पादन भएको ग्यास सिलिन्डरमा भरेर बजार पठाउने तयारी छ। पुनः प्रयोग गर्न नसकिने फोहोरका लागि मात्र ल्यान्डफिल साइट बनाइँदै छ।

धनगढीमा **तेजराज भट्ट**

धनगढीमा फोहोर वर्गीकरण गर्न दैनिक १० कामदार खटिएका छन्। बजार र बस्तीबाट ट्र्याक्टरमार्फत संकलन गरी ल्याइएको फोहोरबाट कागज, प्लास्टिक, सिसालगायत सामग्री छुट्याउने काममा खटिएका छन्।

धनगढी उपमहानगरपालिका- २, दक्षिण बेहडीस्थित सूक्ष्म वर्गीकरण केन्द्रमा ६ महिनादेखि फोहोर वर्गीकरण भइरहेको छ। कुहिने ठोस र नहुकिने फोहोर मात्र सूक्ष्म वर्गीकरण केन्द्रमा लगेर प्लास्टिक, सिसा, कागज, बोतल, तारलगायतलाई छुट्याएर राख्ने गरिएको छ। वर्गीकरण केन्द्रमा कागज, प्लास्टिकलगायत फोहोर टुक्र्याउन र दबाउन तीनवटा मेसिन राखिएका छन्।

'वर्गीकरण गरेर राखेको फोहोरमैला बिक्रीका लागि सम्झौता भइसकेको छ, १५ लाखजतिको फोहोर वर्गीकरण भइसकेको छ,' मेयर गोपाल हमालले भने, 'वर्गीकरण गरिएको नकुहिने फोहोरबाट मात्र वार्षिक ५० लाख आम्दानी हुने देखिएको छ।' उपमहानगरसँग पुनः प्रयोगमा आउने फोहोर किन्न सोनुराज ट्रेड एन्ड सप्लायर्सले सम्झौता गरिसकेको छ। गत आइतबारबाट वर्गीकरण भएको फोहोर पनि उठाउन थालिसकेको छ।

वार्षिक करिब ८९ हजार रुपैयाँ भाडा तिर्ने गरी एक बिघा जमिन भाडामा लिएर करिब २६ लाखको लगानीमा गत भदौबाट सूक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको हो।

फोहोरको वर्गीकरण गर्न थालेपछि सहज भएको उपमहानगरको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थीले बताए। अवस्थीका अनुसार उपमहानगरले नगर क्षेत्रबाट दैनिक

» पृष्ठ ११ मा क्रमशः



फोहोर वर्गीकरण गर्दै कामदार

ल्यान्डफिल साइटविना नै फोहोर व्यवस्थापन गर्न सकिन्छ भनेर अवधारणा सुरुवात गरेका हौं



● **गोपाल हमाल,** मेयर, धनगढी उपमहानगरपालिका

हिजोका दिन फोहोर एक ठाउँबाट उठाएर अर्को ठाउँमा राख्ने काम मात्र भएको थियो। ल्यान्डफिल साइटविना नै फोहोर व्यवस्थापन गर्न सकिन्छ भनेर अवधारणा सुरुवात गरेका हौं। पुनः प्रयोग गर्न सकिने फोहोर बिक्री भइरहेको छ। कुहिने फोहोर पनि ग्यास उत्पादनका लागि प्लान्टमा गएको छ। हामी आउनुअघि कुहिने र नकुहिने फोहोर छुट्याउने गरिएको थिएन, त्यही भएर प्लान्ट चलेको थिएन। कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन गरेर वर्गीकरण नै गर्न थालेपछि प्लान्ट पनि सञ्चालनमा आएको छ। सुदूरपश्चिम सरकारले बायोग्यास उपयोगसम्बन्धी कानुन बनाउनेदेखिका काम पूरा भएपछि बजारमा जान्छ। सरसफाइप्रति सचेतना जगाउन स्कुल, कलेज, टोल विकास समितिमा सचेतनाका काम भइरहेको छ। नगरले मात्र चाहेर पूर्ण सरसफाइ हुँदैन, त्यसका लागि नागरिकको सहभागिता आवश्यक पर्छ।

■ बागमती सफाइ अभियानको १२ वर्ष

६ हजार बिरुवा हुर्किए, २१ हजार मेट्रिकटन फोहोर संकलन



काठमाडौं/ बागमती सफाइ महाअभियानअन्तर्गत हालसम्म ६ हजार बिरुवा रोपिएका छन् । बाह्र वर्षको अवधिमा बागमती नदी-किनारमा अभियन्ताद्वारा उक्त संख्यामा बिरुवा रोपिएका हुन् ।

शनिबार बागमती सफाइ महाअभियानको १२ औं वर्ष प्रवेशका अवसरमा आयोजित विशेष कार्यक्रममा अभियानका अभियन्ता एवं पूर्वमुख्यसचिव लीलामणि पौड्यालले बागमती सफाइसँगै नदी-किनारमा ६ हजार बिरुवा हुर्काइएको जानकारी दिए । 'नदीका किनारमा देखिएका रूखहरू हामीले हुर्काएका हौं,' उनले उनले, 'बिरुवा धेरैले रोपेका होलान्, तर हामीले हुर्काएका छौं । मृतप्रायः नदीलाई जीवन दिए पनि अझै सोचेजस्तो भएको छैन ।'

सफाइ महाअभियानलाई यति धेरै वर्षसम्म यो अभियानले निरन्तरता पाइराख्नु ठूलो उपलब्धि रहेको पूर्वमुख्यसचिव पौड्यालले बताए । उनका अनुसार हालसम्म बागमती किनारबाट करिब २१ हजार मेट्रिकटन फोहोर उठाइसकिएको छ । उनले सफाइ अभियानकै दबाबमा बालुवा चोरी-निकासी पूर्ण रूपमा बन्द भएको जानकारी पनि दिए ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले आममानिसमा फोहोर गर्ने संस्कारको अन्त्य हुन नसकेको बताए । उनले भने, 'जसरी तपाईंहरूले सफाइ अभियानमा समय दिनुभएको छ, यो सहभागिताले निरन्तरता पाइराख्नुपर्छ । बागमती सफाइमा राज्यका सम्बन्धित निकायले व्यावहारिक योजना बनाउन आवश्यक छ ।' मन्त्री तामाङले नागरिकमा अभियानका बारेमा चेतना अभिवृद्धि गर्नुपर्ने भन्दै मन्त्रालयका तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

फुटपाथ व्यवसाय व्यवस्थापन कार्ययोजना १५ दिनभित्र पेस गर्न सर्वोच्चको आदेश

नयाँ पत्रिका

सडक व्यवसाय व्यवस्थापन र रोजगारीका वैकल्पिक उपायसहितको समन्वयात्मक कार्ययोजना १५ दिनभित्र पेस गर्न सर्वोच्च अदालतले सरकारका विभिन्न निकायलाई आदेश दिएको छ । तोकिएको अवधिभित्र कार्ययोजना पेस नभएमा विभिन्न कार्यालयका प्रमुखलाई न्याय प्रशासन ऐनअनुसार जरिवानासमेत गरिने आदेशमा उल्लेख छ ।

एक वर्षअघि नै दिइएको आदेश कार्यान्वयन नभएको भन्दै सर्वोच्चले गत २ जेठमा यस्तो आदेश दिएको हो । संयोजिता आचार्यले दायर गरेको रिटमा सर्वोच्चका न्यायाधीशद्वय सारंगा सुवेदी र टेकनारायण ढुंगानाको इजलासले नेपाल सरकारका मुख्यसचिव, काठमाडौं महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, बागमती प्रदेश सरकारका प्रमुख सचिव, सहकारी विकास मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलाई यस्तो आदेश दिएको हो । १५ दिनभित्र कार्ययोजना पेस नगरेकामा न्याय प्रशासन ऐन, ०७३ को दफा ३४(२) अनुसार कारबाही गर्न भनेको छ । जसअनुसार कार्यालय प्रमुख वा कर्मचारीलाई एक हजारदेखि १० हजार रुपैयाँसम्म जरिवाना गर्न सक्छ । यसअघिको आदेश कार्यान्वयनमा बेवास्ता गरेको भन्दै सर्वोच्चले यस्तो भनेको हो । यसअघि २४ वैशाख ०८० मा सर्वोच्चले सडक व्यवसायका विषयमा वैकल्पिक उपायहरूसहितको समन्वयात्मक कार्ययोजना पेस गर्न आदेश भएको थियो । तर, प्रत्याशीहरूले कार्ययोजना पेस नगरी बेवास्ता र हेलचेक्र्याइँ गरेको भन्दै इजलासले यसलाई गम्भीर रूपमा लिएको आदेशमा उल्लेख छ । सर्वोच्चले यस मुद्दालाई अग्राधिकार दिई २० जेठमा पेसी तोकेको छ ।

काठमाडौं र ललितपुर महानगरपालिकाले सडकमा व्यवसाय रोकेपछि गत वर्ष त्यसविरुद्ध रिट दायर भएको थियो । साथै, अभियन्ता ईःले समेत काठमाडौं महानगरविरुद्ध अनशन बसेकोमा गत वर्ष ४ जेठमा उनीसँग चारबुँदे सहमति भएको थियो । सर्वोच्चको आदेश तथा सहमति कार्यान्वयन नभएको भन्दै सर्वोच्चमा फेरि रिट परेको हो ।

अभियन्ता ईःसँग साबिकमा फुटपाथ-सार्वजनिक स्थलमा व्यापार गरेका व्यवसायीका लागि महानगरपालिकाभित्र कानुनले निषेध गरेको स्थानबाहेक अन्यत्र उपयुक्त स्थलहरू पहिचान गर्न महानगरपालिकाले एक साताभित्र पहल गर्ने सहमति भएको थियो । जुन एक वर्षसम्म पनि कार्यान्वयन हुन सकेको छैन । फुटपाथ-सार्वजनिक स्थलमा व्यापार गर्ने क्रममा जफत गरिएका सामान महानगरपालिकाको स्टोरमा भएसम्म यकिन गरी सम्बन्धित सामानका धनीलाई फिर्ता गर्ने, अनौपचारिक क्षेत्रमार्फत हुने व्यापार-व्यवसायलाई व्यवस्थित गर्न व्यापार गर्ने स्थल, समय, व्यापार गर्न आवश्यक मानिने व्यक्ति यकिन गर्ने र स्थान उपलब्ध गराउने विधि, प्रक्रिया तथा कानुनी व्यवस्थासमेतको प्रबन्ध गर्नुपर्ने विषयमा ठोस सुझावसहित अध्ययन गरी दुई महिनाभित्र महानगरपालिकामा प्रतिवेदन पेस गर्न समिति गठन गर्ने सहमति पनि भएको थियो । सहमति कार्यान्वयन गर्न सडक व्यवसायी र अभियन्ताले काठमाडौं महानगरपालिकालाई दबाब दिँदै आएका छन् ।

सिद्धार्थ बैंक लिमिटेडको गैह्र बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति २०८१/०२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तल उल्लेखित गैह्र बैंकिङ्ग सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक व्यक्ति/फर्म/संस्थालाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिएको छ ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

क्र.सं.	जिल्ला	न.पा/गा.वि.स	वडा नं.	कित्ता नं.	क्षेत्रफल
१	चितवन	भरतपुर	१०ग	६२९	०-०-१६-० (बिघा)

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८१/०२/२० गते १६:०० बजेभित्र यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०२/२१ गते १६:०० बजे यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौंमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति (खरिद गरि लिन चाहेको आंशिक/सम्पूर्ण सम्पत्तिको विवरण उल्लेख गर्नुपर्ने) के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुनसुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/संस्था/कम्पनी स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्ति/संस्था/कम्पनीलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको विशेष सम्पत्ति (कर्जा असुली) इकाई हात्तीसार, काठमाडौं वा चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ४ स्थित नारायगढ शाखामा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank

विशेष सम्पत्ति (कर्जा असुली) इकाई
हात्तीसार, काठमाडौं
फोन नं. ०१-५९७०७१९
Website: www.siddharthabank.com

कर्जा चुक्ता गर्न आउने पुन : ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८१/०२/०६ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईंहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असुली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

तपसिल

डडेल्धुरा शाखा

(१) ऋणी : श्रीमती प्रभा देवी भण्डारी (ना.प्र.नं.: ७४३००१/१८२, जारी मिति र जिल्ला : २०६३/१०/१८, डडेल्धुरा)
बाबु : दिल बहादुर लामा ससुरा : काली प्रसाद भण्डारी पति : मुकेश बहादुर भण्डारी
ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं.: ०२

व्यक्तिगत्त जमानीकर्ताहरु :

क. श्रीमती प्रभा देवी भण्डारी
बाबु : दिल बहादुर लामा ससुरा : काली प्रसाद भण्डारी पति : मुकेश बहादुर भण्डारी

ख. श्री काली प्रसाल भण्डारी
बाबु : गंगा सिंह भण्डारी बाजे : दत्त सिंह भण्डारी

ग. श्री मुकेश बहादुर भण्डारी
बाबु : काली प्रसाद भण्डारी बाजे : गंगा सिंह भण्डारी

घ. श्री शुरेश बहादुर भण्डारी
बाबु : काली प्र. भण्डारी बाजे : गंगा सिंह भण्डारी

ङ. श्रीमती सरस्वती देवी भण्डारी
बाबु : दामोदर ऐर, ससुरा : गंगा सिंह भण्डारी पति : काली प्रसाद भण्डारी

ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ०२

कर्जा : कृषि कर्जा (टर्म)

धितो सुरक्षणको विवरण : दत्त सिंह भण्डारीको नाती, गंगा सिंह भण्डारीको छोरा, डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं ०२ ठेगाना भएको श्री काली प्रसाद भण्डारीको नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता श्रेष्ठा कायम रहेको डडेल्धुरा जिल्ला, घटाल गा.वि.स. वडा नं. ०२ (नक्सा सि.न. २/च) स्थित कि.नं २७१, ६९, २१६, २११, २६९, १७८ र १० को जम्मा क्षे.फ. क्रमशः ३-७-०-३, २-०-०-२, ४-०-०-०, २-१०-२-०, २-८-१-०, २-२-३-३ र ५-०-०-३ (रो-आ-पै-दा), डडेल्धुरा जिल्ला घटाल गा.वि.स. वडा नं. ०३ (नक्सा सि.न. ३/ग) स्थित कि.नं १३५ को जम्मा क्षे.फ. ३-१५-०-१ (रो-आ-पै-दा) जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पुर्ण लिगलगापात समेत ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९

कर्जा असुली विभाग दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

काठमाडौंमा न्यायिक संवाद सुरु



काठमाडौं/ काठमाडौं महानगरपालिकामा शनिबारदेखि न्यायिक संवाद सुरु भएको छ । पहिलो कार्यक्रमस्वरूप वडा नम्बर १५ को महिला सञ्जालले मंका खल भवनमा आयोजना गरेको छ । कार्यक्रममा करिब चार सय महिला सहभागी थिए । सो अवसरमा महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनीता डंगोलले विवाद सिर्जना हुनबाट बचाउन सचेतना कार्यक्रम, सिर्जना भएका विवादलाई परिवार र टोलमै मिलाउन प्रोत्साहन, यहाँबाट मिल्न नसकेका विवाद वडाका महिला सञ्जालमै मिल्न सकून्, यसबाट दुवै पक्षले लाभ पाउन सकून् भन्ने अभिलाषा राखेर काम गरिरहेको उल्लेख गरिन् ।

'विवाद हुन कसैका लागि पनि ठीक होइन । कुनै कारणले विवाद भयो वा कोही पीडामा परेको छ भने यस्ता व्यक्तिहरूलाई कानुनी उपचारका लागि गर्ने कि नगर्ने भनेर सोच्नुनपरोस् । सजिलै आउन र खुलेर कुरा गर्न सकून् ।' उनले यही लक्ष्य प्राप्त गर्न महिला सञ्जाल गठन गरिएको बताइन् । यस्तै वडा नम्बर १५ का अध्यक्ष ईश्वरमान डंगोलले कानुनका बारेमा सचेतना गराउनु सञ्जालको पहिलो काम भएको बताए । डंगोलले भने, 'यसपछि सशक्तीकरणका काम गर्छौं । यसरी प्रदान गरिएको सशक्तीकरणलाई आत्मनिर्भरतामा रूपान्तरण गर्ने योजनामा छौं ।' उनले आउँदो वर्ष यसप्रकारका कार्यक्रमको संख्या बढाउने योजना रहेको बताए ।

महिला सञ्जालले लिखित र मौखिक दुवै प्रकारका विवाद ग्रहण गर्ने गरेको छ । सञ्जालकी संयोजक मैयाँलक्ष्मी महर्जनले भनिन्, 'प्रकृतिका आधारमा मेलमिलाप गराउने वा नगराउने निर्णय गर्छौं ।' उनका अनुसार वडामा आउने विवादहरूमा जग्गा मिचेको, कोठा खाली गराउनुपर्ने, अदालत वा महानगरपालिकाले गरेको फैसला कार्यान्वयन गराइपाउने, लेनदेन व्यवहार, पारिश्रमिक दिलाइपाउने, व्यावसायिक क्रियाकलापले बस्तीमा असर गरेको, सम्बन्धविच्छेदजस्ता विवादहरू आउने गरेका छन् । कार्यक्रममा महानगरपालिकाको कानुन तथा मानव अधिकार विभागका प्रमुख वसन्त आचार्यले, महिलासँग सम्बन्धित महानगरपालिकाले जारी गरेका कानुन र त्यसमा भएका व्यवस्थाबारे प्रस्तुतीकरण गरे ।

काठमाडौंमा चोरी गर्ने गिरोह पक्राउ



काठमाडौं/ काठमाडौं उपत्यकामा चोरी गर्ने पेसेवर गिरोहलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्ने रामेछाप दोरम्बा गापा-४, गौसराका ३७ वर्षीय कमल थापामगर र ३५ वर्षीय धनलाल थापामगर रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई पक्राउ गरेको हो ।

उनीहरूले गत ९ वैशाखमा ललितपुर मनपा-२१, खोकनाका नवराज गुरुङको घरबाट सुनका विभिन्न गहना चोरी गरी फरार भएका थिए । पक्राउमध्ये कमललाई प्रहरीले रामेछापको दोरम्बा र धनलाललाई भैंसेपाटीबाट पक्राउ गरेको हो । उनीहरूले गुरुङको घरबाट सुनको सिक्री, क्रिस्टल, रानीहार, पेन्डल, चन्द्रहार, लकेट, पाँचगेडी, चन्द्रमा, तिलहरी, झुम्का, टपलगायत सामग्री चोरी गरेका थिए ।

प्रहरीका अनुसार उनीहरूका चोरीका गहना सिन्धुपाल्चोक मेलम्ची नपा-६, बतासेका २८ वर्षीय सुवास सुनार, कागेश्वरी मनोहरा नपा-६, मूलपानीका ४१ वर्षीय रेशम विक, टोखा नपा-३ का ४१ वर्षीय योगेश डाँगी र सप्तरी सुरुंगा नपा-२ का २२ वर्षीय मोहम्मद समीरलाई लगेर बिक्री गरेका थिए । प्रहरीले उनीहरूलाई पनि पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउमध्ये कमल र धनलाल पेसेवर चोर हुन् । उनीहरू यसअघि पनि चोरीमा संलग्न थिए ।

भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि. बागमती प्रदेश कार्यालय, काठमाडौंको २१ दिने सूचना

सूचना प्रकाशन मितिः २०८१/०२/०६ गते

यस बैंकको विभिन्न शाखाबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं । साथै तपसील बमोजिमका व्यक्ति/फर्म/ कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराईएको छ ।

सम्बन्धित कार्यालय : शाखा वनेपा

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबुको नाम	बाजे/ससुराको नाम	उद्देश्य	साँवा	२०८१ वैशाख मसान्तसम्मको ब्याज	जम्मा	धितो मन्जुरीनामा दिने जमानत दिनेको नाम
१.	स्वर्ण कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राइभेट लिमिटेड (संचालक सवर्ण थिङ लामा)	पनौती ४ काभ्रे	महावीर थिङ तामाङ	हस्तबहादुर थिङ तामाङ	हायरपर्चेज कर्जा र संस्थागत ओभरड्राफ्ट	३१५०००० १५००००	३०००० ११७०००	६१२००००	कान्छीमाया थिङ तामाङ महावीर थिङ तमाङ इन्द्र बहादुर
२.	प्रकाश दुलाल	बनेपा १ दुलालगाउँ	भिश्वनाथ दुलाल	चन्द्रकान्त	सरल कृषि कर्जा	१०००००	८१०००	१०८१०००	टंक कुमारी दुलाल र सरस्वती दुलाल
३.	प्रगती कृषि फर्म (प्रकाशमान थिङ)	काभ्रे ५	देवाङ सि थिङ	बुद्धि सिं	सरल कृषि कर्जा	१०००००	८३०००	१०८३०००	जेसुङ माया थिङ
४.	बरदान अचार उद्योग (प्रो. तारा भट्ट गुरूङ)	बनेपा ११ काभ्रे	दिल कुमार गुरूङ	गन्ज बहादुर गुरूङ	महिला उद्यमशिल कर्जा सहुलियत कर्जा	४६४०००	११५००	४७५५००	दिल कुमार गुरूङ
५.	एस के रेडिमेट स्टोर (प्रो. सुनकेशरी ह्योजु	बनेपा ८ काभ्रे	राम गोपाल ह्योजु	गोपाल दास ह्याजु	महिला उद्यमशिल कर्जा सहुलियत कर्जा	४४६०००	३०००	४४९०००	रुक्सा ह्योजु
६.	लालिगुराँस फेसन टेलर (प्रो. रमेश नेपाली)	बनेपा ७ काभ्रे	अर्जुन नेपाली		दलित समुदाय व्यवसाय विकास कर्जा	२४४०००	१२०००	२५६०००	शारदा नेपाली उमेश परियार
७.	कृष्ण मैनाली	भक्तपुर, साखेर ९	दिर्घ बहादुर मैनाली	चतुरभुज मैनाली	सरल कृषि कर्जा	८०००००	४१०००	८४१०००	मैना मैनाली
८.	नयाँबस्ती पशुपंक्षी कृषि फर्म (प्रो. रामेश्वर चौलागाई)	धुलिखेल २ काभ्रे	हरी प्रसाद	जिवनाथ	सहुलियतपुर्ण कर्जा	२००००००	१८१०००	२१८१०००	पिप्ला कुमारी चौलागाई जीवनाथ चौलागाई
९.	रामलाल कृषि तथा पशुपालन फर्म (प्रो. रामलाल तामाङ)	धुलिखेल १	जिल्लप सि तामाङ	शिवराज	लाइभ स्टक कर्जा	२००००००	१९९०००	२१९९०००	सितामाया तामाङ
१०.	न्यू सेतीदेवी कृषि फर्म (प्रो. नवराज गेलाल)	धुलिखेल २	मोती बहादुर	खड्ग प्रसाद	एग्रो प्रोडक्सन लोन	३००००००	८००००	३०८००००	सावित्री गोलाल

सम्बन्धित कार्यालयः शाखा कलंकी

क्र.सं.	कर्जाग्राहीको नाम	ठेगाना	बाबूको नाम	वाजे/ससुराको नाम	उदेश्य	साँवा	२०८१ वैशाख मसान्तसम्मको ब्याज	जम्मा	धितो मन्जुरीनामा दिने जमानत दिनेको नाम
१.	वनकाली दहचोक कृषि फर्म प्रा.लि.(सं. शोभा दाहाल)	चन्द्रागिरी ०१, दहचोक	राम बहादुर कुईंकेल	भिमबहादुर कुईंकेल	सरल कृषि/वागमती प्रदेश सहुलियत कर्जा	१९५८०००	२५६०००	२२१४०००	कान्छीमाया थिङ तामाङ महावीर थिङ तमाङ, इन्द्र बहादुर
२.	उपेन्द्र प्रसाद चापागाईं	नौवासे ०३, धादिङ	गंगा प्रसाद चापागाईं	हेम प्रसाद चापागाईं	ओ.डी.	१००००००	६८०००	१०६८०००	रिता फुँयाल चापागाईं

कृषि विकास बैंक लिमिटेड
बागमती प्रदेश कार्यालय
गौशाला, काठमाडौं

मानव बेचबिखनमा गाउँपालिका अध्यक्षलाई उन्मुक्ति प्रकरण

उच्च सरकारी वकिलद्वारा थप अनुसन्धान गर्न फाइल फिर्ता

नयाँ पत्रिका

मानव ओसारपसार तथा बेचबिखनमा पक्राउ परेका गाउँपालिका अध्यक्षलाई मुद्दा नचलाउने जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको निर्णयलाई उच्च सरकारी वकिल कार्यालयले अस्वीकार गरेको छ । उच्च सरकारी वकिल कार्यालयले थप अनुसन्धान गर्न निर्देशन दिँदै फाइल फिर्ता गरिदिएको छ ।

अनुसन्धानका क्रममा संकलन गरिएका अन्य प्रमाणलाई नजरअन्दाज गरी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले पीडित महिलाले दिएको निवेदनलाई मात्र आधार बनाएर रसुवाको नौकुण्ड गाउँपालिकाका अध्यक्ष नुर्बु स्याङ्बो घलेलाई मुद्दा नचलाउने निर्णय गरी छाडिएको हो । त्यसलाई सदर गर्न फाइल उच्चमा पठाइएको थियो । थप अनुसन्धान आवश्यक देखिएकाले फाइल फिर्ता पठाइएको उच्च सरकारी वकिल कार्यालयका प्रमुख शंकर खत्रीले बताए ।

आफ्नै गाउँकी एक महिलालाई कुवेत पठाउने भन्दै भारतबाट श्रीलंका लगेर बन्धक बनाएको आठ वर्षअघिको घटनामा घलेलाई प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले पक्राउ गरी अभियोजन प्रक्रिया अघि बढाएको थियो । पीडितले आफूखुसी श्रीलंका गएको भनेर दिएको निवेदनकै आधारमा जिल्ला सरकारी वकिल कार्यालयले यस्तो निर्णय गरेको थियो । जिल्ला सरकारी वकिलको निर्णयलाई उच्च सरकारी वकिल र महान्यायाधिवक्ता कार्यालयले सदर गरेमा मात्र मुद्दा नचल्ने निर्णय हुन्छ ।



नुर्बु स्याङ्बो घले

सो मुद्दामा अर्का प्रतिवादी सविन शाहलाई मात्र मुद्दा चलाई घलेलाई उन्मुक्ति दिने प्रयास भएको भन्दै सरकारी वकिलको निर्णय विवादमा परेको थियो । अनुसन्धान प्रतिवेदनमा अन्य प्रमाण रहेकाले घले कसुरदार होइनन् भन्ने निष्कर्ष निकाल्न नमिल्ने भन्दै थप अनुसन्धान गर्न फाइल फिर्ता गरिएको उच्च सरकारी वकिल कार्यालयका एक अधिकारीले बताए ।

घले पक्राउ परेपछि पीडित भनिएकी महिलाले हुलाकमार्फत सरकारी वकिल कार्यालयलाई आफू त्यसवेला मञ्जुरीले भारतबाट श्रीलंका गएको भन्दै मानव बेचबिखनमा उनको संलग्नता नभएको भनेर निवेदन दिएकी थिइन् । पछि आफैं सरकारी वकिलमा उपस्थित भएर त्यसको सनाखत गरिन् । पीडितले नै अभियुक्तको संलग्नता छैन भनेर सनाखत गरेको आधारमा घलेलाई जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले मुद्दा नचलाउने निर्णय गरेपछि प्रहरीले समेत असन्तुष्टि जनाएको थियो । किनकि कसुर पुष्टि हुने अन्य धेरै आधार अनुसन्धान प्रतिवेदनमा थिए ।

पीडितले आठ वर्षअघि दिएको जाहेरी र हाल निवेदनमा उल्लेख गरेका विषय एकआपसमा बाझिएका छन् । त्यतिवेला पीडितले माइती नेपाल संस्थाको रोहवरमा जाहेरी दिएकी थिइन् । माइती नेपालमा होस्टेल वार्डेनका रूपमा कार्यरत अरुषा सुवेदीको समेत अनुसन्धानका क्रममा प्रहरीले कागज गर्दा पीडितले भनेअनुसार नै घलेसहितका व्यक्तिले उनलाई श्रीलंका पुऱ्याएको र सोही आधारमा जाहेरी लेखिएको बताएकी छिन् ।

त्यतिवेला ती पीडितसँगै श्रीलंका पुगेकी एक महिलाको पनि प्रहरीले कागज गरेको छ । ती महिलाले पनि आफूले समेत माइती नेपालमा निवेदन दिएर त्यतिवेला उद्धार गर्न लगाएको बताइएकी छिन् । श्रीलंका लगेर बन्धक बनाएर बिक्री गर्न लागेपछि आफूहरू प्रहरीमा जाने भनेर धम्काई उद्धार नेपालमा उजुरी गरेर उद्धार गर्न लगाएको बताएकी छिन् । जसले उनी मञ्जुरीमा श्रीलंकासम्म पुगेको भन्ने हालको निवेदनमा उल्लेख गरेको विषय आपसमा बाझिएका छन् । प्रहरीकै सहयोगमा त्यसवेला उनीहरूको उद्धार भएको थियो । पीडितले दिएको जाहेरीमा श्रीलंकासम्म लैजाने मुख्य व्यक्ति नै घले थिए । दुवैको गाउँ एकै ठाउँ हो । आरोपी गाउँ गएका वेला भएको भेटमा उनले विदेशमा पठाउने प्रलोभन दिएका थिए । पीडित र अर्की महिलासँगै काठमाडौं आएका वेला घलेले नै पासपोर्ट बनाइदिएको र एक महिनासम्म उनकै कोठामा बसेकोसमेत जाहेरीमा उल्लेख छ ।

पासपोर्ट बनाएपछि पीडित गाउँ गएकोमा पछि ३१ असार ०७३ मा आरोपी घलेले नै फोन गरेर भिसा आइसकेको भन्दै काठमाडौं बोलाएका थिए । त्यसपछि फेरि एक महिना उनीहरू आरोपीकै कपनस्थित डेरामा बसेका थिए । पछि एक हजार बाटो खर्चसमेत उनैले दिएर दिल्ली पठाएका थिए । यी सम्पूर्ण विवरण त्यसवेला पीडितले जाहेरीमा लेखाएकी थिइन् । पीडित र पीडक एकै गाउँको भएको र पीडक प्रभावशाली व्यक्ति भएकाले अहिले उनलाई 'होस्टाइल' बनाएर घलेको पक्षमा निवेदन दिन लगाइएको हुन सक्ने आशंकामा अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीको छ । घले काग्रेस नेता हुन् । दिल्लीमा घलेका साथी सविन शाहले उनीहरूलाई नै त्यहाँ राख्ने र श्रीलंका पठाउने काम गरेका थिए । शाह र घलेविरुद्ध नेपाल फर्किएपछि महिलाले जाहेरी दिएकोमा हाल सरकारी वकिल कार्यालयले शाहलाई मात्र मुद्दा चलाउने निर्णय गरेको हो । शाह हाल फरार छन् ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०२/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

हेटौंडा शाखा, मकवानपुर

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०७२४२/०७५/०७६ अन्तर्गत मिति २०७५/१०/१० मा दर्ता कायम भएको **कुष्माण्ड मल्टिपर्पोज प्रा.लि.** कम्पनी दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. - ९, मकवानपुर स्थायी लेखा नं. ६०६५९६३५०, मिति २०७५/११/०८ **संचालक अध्यक्ष : रमेश तिमिल्सीना** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**शिवराम के.सी.** ना.प्र.नं. ६४, जारी मिति २०५१/०२/१३, जि.प्र.का. मकवानपुर बाबुको नाम : धनराम क्षेत्री बाजेको नाम : कृष्ण बहादुर क्षेत्री स्थायी ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर हालको ठेगाना : हेटौंडा उ.म.न.पा. - ९, मकवानपुर

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

विमला तिमिल्सीना	विमला कुंवर	रमेश तिमिल्सीना
ना.प्र.नं. ३१३०२३/१७०१ ख जारी मिति २०६३/११/१५, जि.प्र.का. मकवानपुर बाबुको नाम : कृष्ण प्रसाद रुपाखेती पतिको नाम : रमेश तिमिल्सीना ससुराको नाम : राम प्रसाद तिमिल्सिना स्थायी ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर हालको ठेगाना : हेटौंडा उ.म.न.पा. - ९, मकवानपुर	ना.प्र.नं. १८४/०४४/४५, जारी मिति २०६०/१०/२६, जि.प्र.का. चितवन बाबुको नाम : भरत बहादुर कुंवर पतिको नाम : शिवराम के.सी. ससुराको नाम : धनराम क्षेत्री स्थायी ठेगाना : भण्डारा - १, चितवन हालको ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर हालको ठेगाना : हेटौंडा उ.म.न.पा. - ९, मकवानपुर	ना.प्र.नं. २५०३०, जारी मिति २०५०/०२/२० जि.प्र.का. मकवानपुर बाबुको नाम : राम प्रसाद तिमिल्सिना बाजेको नाम : मनोरथ तिमिल्सिना स्थायी ठेगाना : हेटौंडा न.पा. - ९, मकवानपुर हालको ठेगाना : हेटौंडा उ.म.न.पा. - ९, मकवानपुर

धितोको विवरण

घर/जग्गाको विवरण

१. कृष्ण बहादुर क्षेत्रीको नाति, धनराम क्षेत्रीको छोरा, शिवराम के.सी. को नाममा मालपोत कार्यालय, खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, भण्डारा गा.वि.स./न.पा. वडा नं. ७ क (भण्डारा चोक नजिक) स्थित कित्ता नं. ८३० को क्षेत्रफल ०-७-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. मनोरथ तिमिल्सिनाको नाति, राम प्रसाद तिमिल्सिनाको छोरा, रमेश तिमिल्सीनाको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हेटौंडा सिमेन्ट फ्याक्ट्री नजिक) स्थित कित्ता नं. १०८११, १०८१० र १०८१२ को क्षेत्रफल क्रमशः ०-२-३.७५-०, ०-१-११.७५-० र ०-१-६.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. भरत बहादुर कुँवरको छोरी, धनराम क्षेत्रीको बुहारी, शिवराम के.सी. को पत्नी, विमला कुंवरको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हेटौंडा सिमेन्ट फ्याक्ट्री नजिक) स्थित कित्ता नं. ११९२७ र ११९३१ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-७.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. नर बहादुर तिमिल्सिनाको छोरी, कृष्ण बहादुर क्षेत्रीको बुहारी, धनराम खत्रीको पत्नी, चित्र कुमारी के.सी. को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हेटौंडा सिमेन्ट फ्याक्ट्री नजिक) स्थित कित्ता नं. २७१९ को क्षेत्रफल ०-१-०-० विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

५. कुष्माण्ड मल्टिपर्पोज प्रा.लि. को नाममा मालपोत कार्यालय, हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ (हेटौंडा सिमेन्ट फ्याक्ट्री नजिक) स्थित कित्ता नं. ६७२३ को क्षेत्रफल ०-०-८.२५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १५४६४१/०७३/०७४ अन्तर्गत मिति २०७३/०५/१० मा दर्ता कायम भएको **बि. एण्ड डि. अटो सेल्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : हेटौंडा उ.म.न.पा. -४, मकवानपुर स्थायी लेखा नं. ६०४३१३०३०, मिति २०७३/०५/१७ **सञ्चालक : सन्देश डि.सि. (दुङ्गेल)** **कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन, फोर्स तथा आयात कर्जा**	**हरिकृष्ण दुङ्गेल** ना.प्र.नं. ८७४ जारी मिति २०३६/११/१० जि.प्र.का. मकवानपुर बाबुको नाम : ज्ञानबहादुर दुङ्गेल बाजेको नाम : पदम बहादुर दुङ्गेल स्थायी ठेगाना : मनहरी -३, मकवानपुर हालको ठेगाना : हेटौंडा उ.म.न.पा. - ४, मकवानपुर	**सन्देश डि.सि. (दुङ्गेल)** ना.प्र.नं. १९/१४७९८ जारी मिति २०६१/०२/२८ जि.प्र.का. मकवानपुर बाबुको नाम : हरिकृष्ण दुङ्गेल बाजेको नाम : ज्ञानबहादुर दुङ्गेल स्थायी ठेगाना : मनहरी -३, मकवानपुर हालको ठेगाना : हेटौंडा उ.म.न.पा. - ४, मकवानपुर

धितोको विवरण

घर/जग्गाको विवरण

१. ज्ञानबहादुर दुङ्गेलको नाति, हरिकृष्ण दुङ्गेलको छोरा, सन्देश डि.सि. (दुङ्गेल) को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ११ (राप्ती पुल नजिक) स्थित कित्ता नं. २६०९ को क्षेत्रफल ०-१-६-० विगाहाको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ज्ञानबहादुर दुङ्गेलको नाति, हरिकृष्ण दुङ्गेलको छोरा, सन्देश डि.सि. (दुङ्गेल) को नाममा मालपोत कार्यालय, हेटौंडा, मकवानपुरमा दर्ता श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे गा.वि.स./न.पा. वडा नं. ४ (मनहरी नजिक) स्थित कित्ता नं. १४२४ को क्षेत्रफल ०-४-१०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

पोखरा सभागृहचोक शाखा, कास्की

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काडमाडौंमा दर्ता नं. १५२४७५/०७३/०७४ अन्तर्गत मिति २०७३/०४/०९ मा दर्ता कायम भएको **एकता ट्रेडर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : पोखरा म.न.पा. -११, फुलबारी, कास्की स्थायी लेखा नं. ६०४२९१३६३, मिति २०७३/०४/१० **संचालकहरु : डिल्लीराम तिवारी, शुक्राज शर्मा र बलराम ढकाल** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**डिल्लीराम तिवारी** ना.प्र.नं. १३१३, जारी मिति २०४९/०४/२७ जि.प्र.का. कास्की बाबुको नाम : मित्रलाल तिवारी बाजेको नाम : मधुकर तिवारी स्थायी ठेगाना : देउराली -१, कास्की हालको ठेगाना : पोखरा म.न.पा. -११, फुलबारी, कास्की	**शुक्राज शर्मा** ना.प्र.नं. ६५३, जारी मिति २०४४/११/१९ जि.प्र.का. कास्की बाबुको नाम : इन्द्र प्रसाद शर्मा बाजेको नाम : शुकदेव शर्मा स्थायी ठेगाना : माझथाना -७, कास्की हालको ठेगाना : पोखरा म.न.पा. -२६, कास्की

व्यक्तिगत जमानत दिनेको विवरण

बलराम ढकाल	कृष्ण कुमारी शर्मा	चन्द्रा शर्मा तिवारी	तारादेवी शर्मा ढकाल
ना.प्र.नं. १२२५ जारी मिति २०३८/०३/२९ जि.प्र.का. तनहुँ बाबुको नाम : गिरीधारी शर्मा ढकाल बाजेको नाम : भुवानी ढकाल स्थायी ठेगाना : ढोरफीर्दी -३, तनहुँ हालको ठेगाना : पोखरा म.न.पा. -२६, बुढिबजार, कास्की	ना.प्र.नं. २०४९६ जारी मिति २०५०/०४/२९ जि.प्र.का. कास्की बाबुको नाम : लालमणि अधिकारी बाजेको नाम : छविलाल अधिकारी स्थायी ठेगाना : राखी -४, कास्की हालको ठेगाना : पोखरा म.न.पा. -२६, कास्की	ना.प्र.नं. ५६७२६ जारी मिति २०५४/०६/१७, जि.प्र.का. कास्की बाबुको नाम : इन्द्र प्रसाद शर्मा तिमिल्सेना पतिको नाम : डिल्लीराम तिवारी ससुराको नाम : मित्रलाल तिवारी स्थायी ठेगाना : पोखरा लेखनाथ -११, कास्की हालको ठेगाना : पोखरा म.न.पा. -११, फुलबारी, कास्की	ना.प्र.नं. ११४४८-तनहुँ जारी मिति २०५१/११/०३, जि.प्र.का. कास्की बाबुको नाम : इन्द्र प्रसाद शर्मा पतिको नाम : बलराम ढकाल ससुराको नाम : गिरीधारी शर्मा ढकाल स्थायी ठेगाना : पोखरा लेखनाथ -२६, कास्की हालको ठेगाना : पोखरा म.न.पा. -२६, कास्की

धितोको विवरण

जग्गाको विवरण

छविलाल अधिकारीको नातिनी, लालमणि अधिकारीको छोरी, कृष्ण कुमारी शर्माको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीमा दर्ता श्रेस्ता कायम रहेको :

क. कास्की जिल्ला, अर्घौं गा.वि.स./न.पा. वडा नं. ३ हाल पोखरा म.न.पा. वडा नं. २७ (गण्डकी मेडिकल कलेज नजिक) स्थित कित्ता नं. २१२४ को क्षेत्रफल ०-७-२-३ रोपनी वा २४४.४० व.मि. को जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ख. कास्की जिल्ला, कन्धनीडाँडा गा.वि.स./न.पा. वडा नं. ४ हाल पोखरा म.न.पा. वडा नं. २६ (कालिका चोक नजिक) स्थित कित्ता नं. २२६३ र २३९५ को क्षेत्रफल क्रमशः १-०-०-० र ०-१-०-० रोपनी वा ५०८.७४ र ३१.८० व.मि. को जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

घोराही शाखा, दाङ

ऋणीको विवरण	सञ्चालक/व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १४०७१९/०७२/०७३ अन्तर्गत मिति २०७२/०६/१४ मा दर्ता कायम भएको **मिड वेष्टर्न लाइभस्टक एण्ड पोल्ट्री फार्म प्रा.लि.** कम्पनी दर्ता ठेगाना : सौडियार - ८, दाङ स्थायी लेखा नं. ६०३५४७५२६, मिति २०७२/०७/१८ **अध्यक्ष : तेज प्रकाश पुन** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड, अल्पकालिन, आवधिक तथा सवारी साधन कर्जा**	**तेज प्रकाश पुन** ना.प्र.नं. २९५६८ जारी मिति २०५७/१०/०९, जि.प्र.का. रोल्पा बाबुको नाम : रण बहादुर पुन बाजेको नाम : दुर्गा प्रसाद पुन स्थायी ठेगाना : मसीरा - ५ रोल्पा हालको ठेगाना : घोराही उ.म.न.पा.- १५, दाङ	**पत्रीका पुन** ना.प्र.नं. ३०१८० जारी मिति २०५७/०८/०९, जि.प्र.का. प्यूठान बाबुको नाम : अनन्त बहादुर पुन पतिको नाम : तेज प्रकाश पुन ससुराको नाम : रण बहादुर पुन स्थायी ठेगाना : स्वर्गद्वारीखाल -५, प्यूठान हालको ठेगाना : घोराही उ.म.न.पा.- १५, दाङ

धितोको विवरण

घर/जग्गाको विवरण

१. भक्त बहादुर पुनको नातिनी, अनन्त बहादुर पुनको छोरी, पत्रिका पुनको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको :

क. दाङ जिल्ला, सौडियार गा.वि.स./न.पा. वडा नं. ७ क (सौडियार रात्री प्राथमिक विद्यालय नजिक) स्थित कित्ता नं. ३, ३९९, ७००, ३९८ र ४०१ को क्षेत्रफल क्रमशः ०-३-११-०, ०-८-१५.५-०, ०-१३-१८-०, ०-२-१८-२ र ०-७-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ख. दाङ जिल्ला, घोराही न.पा. वडा नं. ५ क (मसिना जाने बाटो नजिक) स्थित कित्ता नं. ५२१, ५२०, ५१८, ५१९, ५२२ र ५२३ को क्षेत्रफल क्रमशः ०-०-८.५-०, ०-०-८.५-०, ०-२-३.५-०, ०-०-८.५-०, ०-०-८.५-० र ०-०-९.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ग. दाङ जिल्ला, घोराही न.पा. वडा नं. ८ ग (तल्लो रत्नपुर नजिक) स्थित कित्ता नं. १७१३ को क्षेत्रफल ११७.६० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

घ. दाङ जिल्ला, घोराही न.पा. वडा नं. ८ ख (पाठक चोक नजिक) स्थित कित्ता नं. ६८७६ को क्षेत्रफल १५९.८५ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ङ. दाङ जिल्ला, रावतगाँउ गा.वि.स/न.पा. वडा नं. २ ख (तल्लो रत्नपुर नजिक) स्थित कित्ता नं. १४१२, १४२० र १४२८ को क्षेत्रफल क्रमशः ६८.८५, ६०.४५ र २२.३० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. मिड वेष्टर्न लाइभस्टक एण्ड पोल्ट्रि फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको

क. दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स/न.पा. वडा नं. ६ क (बालापुर नजिक) स्थित कित्ता नं. २१४ र ६०८ को क्षेत्रफल क्रमशः ०-४-८-० र ०-१०-०-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ख. दाङ जिल्ला, रामपुर गा.वि.स./न.पा. वडा नं. ६ ख (रामपुर सिमलटारा नजिक) स्थित कित्ता नं. २२३ को क्षेत्रफल ०-६-१४-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ग. दाङ जिल्ला, रामपुर गा.वि.स./न.पा. वडा नं. ६ ख (रामपुर सिमलटारा नजिक) स्थित कित्ता नं. १३५०, १३६९ र १३७१ को क्षेत्रफल क्रमशः ७६१.९२, ४६५.६२ र ४६५.६२ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

घ. दाङ जिल्ला, घोराही न.पा. वडा नं. ५ क (अम्बिकेश्वर मन्दिर नजिक) स्थित कित्ता नं. ८८१, ८८२, ८७९, ८८० र ४२३ को क्षेत्रफल क्रमशः ०-५-६-०, ०-५-६.५-०, ०-१-८-०, ०-१-८-० र ०-५-६.५-० विगाहाको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Eicher Truck/ PRO1095XPEHSD	रा १ च ९६७	२०१८	E413CDJD207459	MC2C5ERC0JD402865
Mahendra Bolero SC FB 2WD	मे १ च २५६७	२०१७	GHH1L24037	MA1ZN2GHKH1L82283
Ashok Layland ICV Truck	रा १ क ८१५	२०१८	HEHZ410570	MB1AUGAC9JRGW2274

नोट : यस बैंकको नाममा रहेको माथि उल्लेखित सवारी साधनहरु हाल बैंकको कब्जामा नरहेकोले ऋण असुली प्रयोजनका लागि अविलम्ब बैंकको शाखाहरु, कर्जा असुली विभाग वा बैंकको केन्द्रिय कार्यालय, कमलादी, काठमाडौंमा बुझाउनु हुन ऋणी/जमानतकर्ता तथा सम्बन्धित पक्षलाई सुचित गरिन्छ ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।

४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैंकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।

५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

७ लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।

९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।

१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।

११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।

१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अध

सत्ताका लागि प्रदेशैपिच्छेका किचलो अदालतमा

प्रदेश सरकार अस्थिर हुँदा संघीयता कार्यान्वयनमा कठिनाइ, जनतामा वितृष्णा बढ्ने जोखिम

शिल्पा कर्ण/नयाँ पत्रिका

संविधानले संघीयतामा तीन तहका सरकारसँगै अधिकार र जिम्मेवारी बाँडफाँडको परिकल्पना गरेको छ। तर, प्रदेशको अधिकार अभ्यास गर्नुपर्ने तथा स्वायत्त सरकारको आभास गराउनुपर्नेमा सत्ताको खेलले पटक-पटक प्रदेश सरकार गठनको किचलो अदालतसम्म पुग्ने गरेको छ। प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन भएको दुई वर्ष नपुग्दै सरकार बनाउने र ढाल्ने काममा दलहरू केन्द्रित देखिएका छन्। यसैक्रममा असंवैधानिक कार्य भएको तथा कामकारबाही बदरको माग गर्दै अदालतमा रिट दर्ताको संख्या पनि बढ्दो छ।

यसैको पछिल्लो उदाहरण हो कोशी, गण्डकी र सुदूरपश्चिम प्रदेश सरकार गठनको विवाद। कोशीमा डेढ वर्षमा छैटौं सरकार गठन भएको छ। हिक्मतकुमार कार्की नेतृत्वमा गठन भएको कोशी सरकारबाट माओवादीले समर्थन फिर्ता लिएपछि उनले विश्वासको मत पाउन सकेनन् र कांग्रेसका उद्धव थापा मुख्यमन्त्री बने। तर, सभामुखको हस्ताक्षरसहितको दाबी पेस गरेपछि पुनः यो विषय सर्वोच्च पुग्यो र पक्षमा आदेश नआएपछि थापा पदमुक्त भए। यसबीचमा सरकार गठन खारेजीको माग गर्दै तीनवटा रिट सर्वोच्च अदालतमा दायर भइसकेका छन्।

कोशीको रिटका विषयमा शुक्रबार सर्वोच्चमा सुनुवाइ भएको थियो। रिटमा पाँच प्रश्न समावेश रहेको तथा ती प्रश्नमा 'संविधानको व्याख्याको विषय अन्तर्निहित' रहेको इजलासले ठहर गरेको छ। पाँचवटै प्रश्न प्रदेश सरकार गठन तथा विघटनसँग सम्बन्धित छन्। प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीद्वारा दायर रिटमाथि न्यायाधीश हरिप्रसाद फुँयालको इजलासले शीघ्र सुनुवाइका लागि पेसीको मिति नै आदेशमा तोकिदिएको छ।

गण्डकी प्रदेश सरकार गठनको विषयमा पनि शुक्रबार सर्वोच्चले आदेश दिएको छ। त्यसपछि सरकार कामचलाउमा परिणत भएको छ। दीर्घकालीन निर्णय नगर्न र नियमित कार्यसञ्चालनसम्बन्धी कार्य मात्र गर्न आदेश भएको छ। यसरी गण्डकीको सरकार गठन विवाद सर्वोच्च पुगेको एक महिनामै दोस्रोपटक हो। सभामुखलाई समेत आफ्नो पक्षमा गणना गर्दै मुख्यमन्त्रीमा दाबी गर्नु संविधान र सर्वोच्चकै नजिरविपरीत रहेको भन्दै गण्डकीका पूर्वमुख्यमन्त्री सुरेन्द्रराज पाण्डे सर्वोच्च पुगेका थिए। रिटमा न्यायाधीशद्वय सपना प्रधान मल्ल र सारंगा सुवेदीको इजलासले १७ वैशाखमा संक्षिप्त फैसला गर्दै ६० जनाको प्रदेश सभामा सभामुखलाई नगन्दा ३० जनाको बहुमत पुग्ने उल्लेख गरेको थियो।



यद्यपि, पुनः परेको रिटमाथि एकल इजलासले बहुमतकै विषय पनि स्पष्ट हुनुपर्ने उल्लेख गरेको छ। 'प्रदेश सभाको मुख्यमन्त्री नियुक्तिको प्रयोजनका लागि संविधानले तोकेको बहुमत संख्या कति हो सो प्रश्नसमेतको' निरुपण हुनुपर्ने न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासबाट जारी आदेशमा भनिएको छ।

सुदूरपश्चिमको प्रदेश सरकार गठनसँग प्रत्यक्ष सरोकार राख्ने दुई रिटमध्ये एकमा फैसला आइसकेको छ। सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री दीर्घ सोडारीको बर्खास्ती माग गर्दै दायर रिट भने सर्वोच्चले खारेज गरिदिएको छ। शुक्रबार सर्वोच्चको पूर्ण इजलासबाट रिट खारेज भएको हो। न्यायाधीशत्रय प्रकाशकुमार ढुंगाना, कुमार चुँडाल र सुनिलकुमार पोखरेलको इजलासबाट भएको संक्षिप्त फैसलामा भनिएको छ, 'नागरिक उन्मुक्ति पार्टीका अध्यक्षले सभामुख र प्रदेश प्रमुखको कार्यालयलई मिति २०८०/१२/२५ मा लेखेको पत्रले दलको नेता घनश्याम चौधरी नभई माननीय कैलाश चौधरी रहेको भनी पत्राचार गरेकोसमेत अवस्थाबाट निजले नागरिक उन्मुक्ति पार्टीको प्रतिनिधित्व गर्ने तथ्यमा द्विविधा रहेको एवं निवेदकलाई मुख्यमन्त्रीमा नियुक्ति गर्न समर्थन गर्ने नेकपा (एकीकृत समाजवादी) पार्टीले समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखसमक्ष पेस गरेको देखिएको अवस्थाबाट निवेदन मागबमोजिम निवेदकलाई मुख्यमन्त्रीमा नियुक्त गरिपाउँ भन्ने आदेश जारी गर्न सक्ने अवस्था विद्यमान नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन।'

प्रदेश सभा सदस्य लक्ष्मण चौधरीका वारेसले दायर गरेको रिटमा धारा १६८(२) बमोजिमको मुख्यमन्त्रीमा सोडारीको नियुक्ति गरिएकोमा सो निर्णय बदर गर्दै आफूलाई नियुक्त गर्नुपर्ने माग गरिएको थियो। उक्त रिट पूर्ण इजलासबाट टुंगिने गरी आदेश भएको थियो। न्यायाधीशहरू हरिप्रसाद फुँयाल र तिलप्रसाद श्रेष्ठको इजलासबाट २५ वैशाखमा यस्तो आदेश भएको थियो।

लक्ष्मणकिशोर चौधरीले ९ वैशाखमा दायर रिटमाथि १० वैशाखमा कारण देखाउ आदेश त जारी भए पनि अन्तरिम आदेश जारी भएको थिएन। मुख्यमन्त्री पदका लागि परेको वैध दाबी स्वीकार नगरी सोडारीलाई नियुक्त गर्ने प्रदेश प्रमुखले गरेको निर्णय बदरको माग रिटमा थियो। चौधरीले नेतृत्व गर्ने नागरिक उन्मुक्ति पार्टीभित्रैको नेतृत्व विवादमा पनि सर्वोच्चले अन्तिम निर्णय दिइसकेको अवस्था छैन। उन्मुक्तिका तर्फबाट मुख्यमन्त्रीका दाबेदार चौधरीको रिट पनि पूर्ण इजलास अर्थात् तीनजना न्यायाधीशले टुंग्याउनेछन्।

संघीयतामा केन्द्रको हलचलले प्रदेश प्रभावित हुनुहुन्न



● **सविताकुमारी मल्लिक**, राजनीतिशास्त्र विभाग प्रमुख, पद्मकन्या क्याम्पस

केन्द्रमा हुने अस्थिरताले प्रदेश प्रभावित हुनुहुन्न र प्रदेशका कारण केन्द्रलाई असर गर्नुहुन्न भन्ने संघीयताको मूलमन्त्र हो। तर, दल र नेताहरूका कारण नेपालमा यो केवल सैद्धान्तिक विषय मात्र बनेको छ। केन्द्रमा गठनबन्धन फेरिँदा नेताहरू प्रदेशसम्मलाई त्यसैअनुसार निर्देशित गर्छन्। प्रदेशलाई स्वतन्त्र ढंगले काम गर्न दिनुपर्छ भन्ने मानसिकता नेताहरूमा देखिन्न। केन्द्रका नेताहरूबाटै प्रदेशका नेताहरू निर्देशित छन्, उनीहरूकै कठपुतलीका रूपमा काम गरिरहेका देखिन्छन्, यो दुर्भाग्यपूर्ण हो।

अधिकारको विषयभन्दा बढी प्रदेश सत्ताका विवाद अदालत पुगे



● **खिमलाल देवकोटा**, संघीय मामिलाविज्ञ

सिमाना, प्राकृतिक स्रोतसाधनको क्षेत्राधिकार र उपभोगका विषय अदालत पुग्नुले संघीयतालाई बलियो नै बनाउने हो। तर, अहिले प्रदेशबाट अदालत पुगेका विषय सत्ताका दाउपेच छन्। प्रदेशको अधिकारका थुप्रा विषय सत्ताको लुछाचुँडीले ओझेलमा पर्नु गम्भीर हो। सुशासन र संघीयता बलियो बनाउनुपर्नेमा प्रदेशहरू सत्ताका विषय लिएर अदालत पुग्ने गरेका छन्। दल र नेताहरूको क्रियाकलापले नागरिकमा प्रदेश र संघीयताप्रति नै वितृष्णा पलाएको छ। प्रदेशहरू कमजोर भए, यो चिन्ताको विषय हो।

विशुद्ध राजनीतिक प्रकृतिका विषय पनि अदालत आउने गरेका छन्



● **गोविन्द घिमिरे**, सहप्रवक्ता, सर्वोच्च अदालत

अहिले प्रदेश सरकार गठनका विषयमा सुदूरपश्चिम, गण्डकी र कोशीका विवाद विचाराधीन छन्। विशुद्ध राजनीतिक प्रकृतिका विषय पनि अदालत आउने गरेका छन्। यसमा संवैधानिक व्याख्याका विषय समावेश हुँदा हप्तौंसम्म सुनुवाइ गर्नुपर्ने हुन्छ। जसले गर्दा आमनागरिकका मुद्दा लम्बिने गरेका छन्। अल्पमत-बहुमत, सरकार गठन-विघटन, प्रदेश प्रमुखको अधिकार, प्रदेश सभाको अधिकारजस्ता संविधान र कानुनले स्पष्ट पारेकै विषय पनि अदालत आउँछन्। आएपछि अदालतले किनारा लगाउनैपर्‍यो।

■ एउटा विवाद नटुंगिँदै अर्को मुद्दा अदालतमा

अदालत प्रवेश गरेका प्रदेश सरकार विवादको पूर्णपाठ नआउँदै फेरि अर्को विवाद लिएर असन्तुष्ट पक्ष अदालत पुग्ने गरेको छ। केन्द्रमा सरकार फेरिएसँगै त्यसको असर प्रदेशमा पनि पर्ने गरेको छ भने प्रदेशमै पनि असन्तुष्टहरूले दलीय विवादलाई संवैधानिक र कानुनी प्रश्न बनाएर अदालत ल्याउने गरेका छन्। अधिकार क्षेत्रका विवाद पुग्नुपर्नेमा सर्वोच्चले सत्ता दाउपेचका सिलसिलामा फैसला गर्दै बस्नुपरिरहेको छ। यसरी प्रदेश सरकार गठनको वैधानिकताबारे कति रिट विचाराधीन छन् भन्ने तथ्यांक सर्वोच्चसँग छैन। तर, यस्ता विषय सर्वोच्च पुग्दा आमनागरिकका मुद्दा पछि धकेलिने गरेको अनुभव सर्वोच्चका सहप्रवक्ता गोविन्द घिमिरे सुनाउँछन्। धेरै कानुन व्यवसायी हुने तथा संवैधानिक प्रश्नसमेत समावेश हुनेहुँदा हप्तौंसम्म यस्ता सुनुवाइमा समय जाने गरेको उनले बताए।

'सर्वोच्चमा २१ न्यायाधीश हुनुपर्नेमा अहिले हामीसँग १८ जना श्रीमान् हुनुहुन्छ। यस्तोमा आमनागरिकका मुद्दा लम्बिन्छन्,' घिमिरेले भने, 'विशुद्ध राजनीतिक प्रकृतिका विषय पनि अदालत आउने गरेको अनुभव हाम्रो छ। तर, आएपछि अदालतले किनारा लगाउनैपर्‍यो। यसमा मुख्य भूमिका राजनीतिक दलहरूकै हो। अन्तिम विकल्पका रूपमा मात्र अदालतलाई राख्नुपर्‍यो।' अल्पमत-बहुमत, सरकार गठन-विघटन, प्रदेश प्रमुखको अधिकार, प्रदेश सभाको अधिकारजस्ता संविधान र कानुनले स्पष्ट पारेकै विषय पनि अदालत आउने गरेको उनको भनाइ छ।

सुदूरपश्चिम प्रदेशकै मन्त्रिपरिषद् संख्या विवादबारे अहिलेसम्म फैसला आएको छैन। तत्कालीन मुख्यमन्त्री त्रिलोचन भट्टले मन्त्रिपरिषद् विस्तार गर्दा यो विवाद पनि सर्वोच्च पुगेको थियो। प्रदेश सभा सदस्य संख्याको २० प्रतिशतसम्म मन्त्री नियुक्त गर्न पाउने संवैधानिक व्यवस्थाविपरीत मन्त्रिपरिषद् विस्तार गरेको दाबीसहित कानुनका विद्यार्थी कमलसिंह रानासमेतले २७ जेठ ०७८ मा रिट दायर गरेका थिए। रिटमा प्रदेश प्रमुखको कार्यालयसमेतलाई विपक्षी बनाइएको रिटमा पछिल्लो पेसी १७ वैशाखमा तोकिए पनि यो हेर्न नभ्याइनेमा परेको थियो।

राजनीतिशास्त्रकी उपप्राध्यापक सविताकुमारी मल्लिक दलहरू अझै पनि संघीयताको स्वरूपमा ढल्न नसकेको बताउँछिन्। केन्द्रको सरकार फेरबदलको प्रभाव संघमा पर्नु-नपर्नेमा केन्द्रकै नेता र निर्णयकर्ता हाबी हुँदा प्रदेश पनि अस्थिर बनेको उनको भनाइ छ।

संघीय मामिलाविज्ञ खिमलाल देवकोटा संघीयता कार्यान्वयनमा लाग्नुपर्नेमा सत्ताको दाउपेच र राजनीतिक खिचातानी देखिनु चिन्ताजनक विषय भएको बताउँछन्। 'सिमाना, प्राकृतिक स्रोत-साधनको क्षेत्राधिकार र उपभोगका विषय अदालत पुग्नुले संघीयतालाई बलियो नै बनाउने हो। तर, अहिले प्रदेशबाट अदालत पुगेका विषय यस्ता छैनन्। प्रदेशको अधिकारका थुप्रा विषय सत्ताको लुछाचुँडीले ओझेलमा पर्नु गम्भीर हो,' उनले भने। सुशासन र संघीयता बलियो बनाउनुपर्नेमा प्रदेशहरू सत्ताका विषय लिएर अदालत पुग्नुले नागरिकमा व्यवस्थाप्रति अविश्वास सिर्जना गरेको उनको भनाइ छ। 'राजनीतिक दल र नेताहरूको क्रियाकलापले नागरिकमा प्रदेशप्रति र संघीयताप्रति नै वितृष्णा पलाएको छ,' उनले भने,

अधिकार क्षेत्रका विषयमा अदालतमा रिटै नपरेको भने होइन। सर्वोच्चका अनुसार संघ र प्रदेशबीचको अधिकार क्षेत्रसम्बन्धी १७ वटा विवाद हाल संवैधानिक इजलासमा विचाराधीन छन्। प्रदेश कानुन संघीय कानुनसँग बाझिएको भनी १९ वटा रिट तथा निवेदन दर्ता भएका छन्। स्थानीय तहले बनाएको कानुन प्रदेश वा संघसँग बाझिएकाले खारेजीको माग गर्दै ४६ वटा रिट दर्ता भएको तथ्यांक छ।

ताप्लेजुङमा अनिश्चितकालीन बन्द फिर्ता

ताप्लेजुङ/ पाथीभरामा बन्न लागेको केबलकार परियोजनाविरुद्ध संघर्षरत समूहले आह्वान गरेको अनिश्चितकालीन यातायात बन्द फिर्ता गरेको छ। गत बुधवार र बिहीबार यातायात बन्द आह्वान गरेको समूहले बन्दलाई थप जटिल बनाउँदै शुक्रबारदेखि अनिश्चितकालीन बन्दको घोषणा गरेको थियो। सो बन्द शनिबार बन्दकर्ताले फिर्ता लिएको छ। बन्दकर्ता समूह मुक्कुमलुङ संयुक्त संघर्ष समिति, पाथीभरा केबलकार खारेजी संयुक्त संघर्ष समितिलगायतले मेची राजमार्ग, तमोर करिडोर र ताप्लेजुङमा अनिश्चितकालीन गरेको बन्द यातायात शनिबारबाट खुलेको हो।

पाँच दिनपछि अस्पतालले परिवारलाई दियो रोशनको शव

लहान/ विराटनगरस्थित नोवेल मेडिकल कलेज टिचिङ अस्पतालले पाँच दिनपछि युवकको शव परिवारलाई दिएको छ। उपचारका क्रममा मृत्यु भएका सप्तरीको सुरुंगा नगरपालिका-१ तेदहरीका २१ वर्षीय रोशनकुमार सदायको शव शनिबार दिउँसो अस्पताल प्रशासनले मृतक परिवारलाई घर लैजान दिएको हो।

उपचारमा खर्च भएकोमध्ये ३५ हजार रुपैयाँ बुझाउन नसक्दा अस्पतालले पाँच दिनसम्म सदायको शव मृतक परिवारलाई दिन मानेको थिएन। अस्पताल प्रशासन प्रमुख दिपेश राईले शव बन्धक राखेको नभई मृतक परिवारले बाँकी रकम बुझाएपछि लैजान्छु भनेकाले पाँच दिनसम्म अस्पतालको शवगृहमा राखिएको दावी गरे। 'सुरुमै रकम बुझाउन सक्दैनौं भनेको भए अस्पताल प्रशासनले केही न केही गर्थ्यो,' उनले भने, 'वडा कार्यालयले मृतक परिवार विपन्न भएकाले बाँकी रकम मिनाहा गरी शव सम्बन्धित परिवारलाई बुझाइदिन लेखेको पत्र पनि शुक्रबार राति मात्र प्राप्त भएकाले शनिबार बिहान अस्पतालका निर्देशकसँग कुराकानी गरेर बाँकी रकम मिनाहा गरेर शव बुझाएका हौं।' सुरुंगा नगरपालिका-१ वडा कार्यालयले व्यवस्था गरिदिएको एम्बुलेन्समा शनिबार अपरान्ह शव घर ल्याइएपछि साँझ नै स्थानीय शिवारी खोलामा सदायको दाहसंस्कार गरिएको छ।

दुवै मृगौला फेल भई धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भर्ना भएका विन्देश्वर सदायका जेठा छोरा रोशनलाई अस्पतालले करिब १५ दिनअघि विराटनगरस्थित नोवेल अस्पतालमा रेफर गरेपछि उपचारको क्रममा १ जेठ राति उनको मृत्यु भएको थियो। 'उपचारको क्रममा पटकपटक गरी केही रकम बुझाएको र छोराको मृत्युपछि ६५ हजार रुपैयाँ बाँकी रहेको अस्पतालले सुनाएको थियो,' मृतककी आमा सुनिता सदायले नयाँ पत्रिकासँग भनिन्। गाउँघरमा ऋण सापटी गरेर मगाएको ३० हजार रुपैयाँ बुझाएर शव गाउँ पुऱ्याई दाहसंस्कार र काजकिरियापछि बाँकी रकम तिर्छु भन्दा पनि चौथो दिनसम्म शव नदिएको उनको गुनासो छ।

मौसमले साथ नदिँदा सगरमाथा शिखर पुग्न सय मिटर बाँकी छँदै फर्किए खड्का

नयाँ पत्रिका



जोखिमपूर्ण यात्रा गरेर लक्ष्यको बिल्कुल नजिक पुगेको, तर हातमै आएको सफलताबाट विमुख हुनुपर्दाको परिवेश। हरकोहीका लागि यो क्षण असाध्यै असह्य हुन्छ नै। यस्तै एउटा नमीठो क्षण भोगेका छन्- सफ्टवेयर इन्जिनियर किरण खड्काले।

सगरमाथा आरोहणको प्रयासमा लागेका इन्जिनियर खड्का शिखर टेक्न एक सय मिटर बाँकी छँदा नै फर्किएका छन्। खराब मौसमका कारण उनी शिखरमा पुग्न सकेनन्। ८,७४९ मिटरसम्म पुगेका उनी शिखर नपुगी फर्कन बाध्य भए।

खड्का एक वर्षदेखि सगरमाथा आरोहणको तयारीमा थिए। यसैअनुसार उनले यही सिजनमा सगरमाथामा चढ्ने निर्णय गरे। र, आफ्नो यात्रा थाले। १३ मे बिहान उनी सगरमाथाको शिखर चुम्ने अन्तिम विन्दुमा थिए। तर, मौसमले साथ दिएन, बरु खड्काको एक वर्षको मिहिनेत र सपनामाथि गम्भीर ठेस पुऱ्यायो।

'बिहान ५ बजे नै दक्षिणी मोहडा पुगेको थिएँ। त्यहाँबाट अघि बढ्दै गर्दा हावा बेस्सरी चल्न थाल्यो। पथप्रदर्शक मिङ्मा शेर्पा र टिम लिडर मिङ्मा छिरिङ शेर्पाले मौसम खराब भयो, चढ्न सकिँदैन भनेपछि अघि बढ्न मन लागेन,' खड्काले भने, 'ज्यान ठूलो कि आरोहण भन्ने सवालमा परिवार सम्झिएँ। त्यसपछि झरियो।'

सगरमाथाको उचाइमा नेपालको झन्डा गाड्न नसके पनि उनलाई पश्चात्ताप छैन। 'मलाई कुनै पश्चात्ताप छैन, किनकि सगरमाथा चढ्दा गर्नुपर्ने संघर्ष सबै मैले गरिसकेको छु। खाली शिखरमा पुगेको प्रमाणपत्र आउने थियो होला', उनले भने।

पेसाले सफ्टवेयर इन्जिनियर खड्का हाल अमेरिका बस्छन्। उनी आरोहणका सौखिन हुन्। केही समयअघि मात्रै उनले ६ हजार मिटरमाथिको लोबुचे हिमाल आरोहण गरेका थिए। 'हामीले हाम्रो देश नै धेरै घुम्न बाँकी छ भन्ने लाग्छ। हाम्रा हिमाल हामीले नचढे कसले चढ्ने ? तसर्थ, म समय मिलाएर अमेरिकाबाट आरोहणका लागि आउने गरेको छु। आरोहणको आनन्द नै बेग्लै छ। भविष्यमा पनि हिमालहरू आरोहण गरिरहनेछु,' उनले भने। सुर्खेत जिल्लाबाट सगरमाथाको यति उचाइसम्म पुग्ने उनी पहिलो आरोही हुन्।

नबिल बैंक लिमिटेड, खिचापोखरी शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/०२/०६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१२/०९ को **कारोवार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्यौंट नगरे को हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिँदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समर्याभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **खिचापोखरी शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

राम हरि वहादुर थापाकी छोरी, रुद्र वहादुर खड्काकी बुहारी, सुनिल खड्काकी श्रीमती उदयपुर जिल्ला, सोरुङ्ग गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १६ बस्ने, ना.प्र.नं. १८२२ (जारी मितिः २०५५/०४/२५, स्थान उदयपुर) भएको **श्रीमती महालक्ष्मी कुमारी खड्का ।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरणः

१. खड्ग वहादुर खड्काको नाति, रुद्र वहादुर खड्काको छोरा, उदयपुर जिल्ला, सोरुङ्ग गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १६ बस्ने, ना.प्र.नं. १४३७५/१५६२ (जारी मितिः २०४२/११/१६, स्थान उदयपुर) भएको **श्री सुनिल खड्का ।**

२. खड्ग वहादुर खड्काको नाति, रुद्र वहादुर खड्काको छोरा, उदयपुर जिल्ला, सोरुङ्ग गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १६ बस्ने, ना.प्र.नं. ४४० (जारी मितिः २०६५/०१/१२, स्थान उदयपुर) भएको **श्री शैलेन्द्र खड्का ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

उदयपुर जिल्ला, सोरुङ्ग गा.वि.स., वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १६ बस्ने **श्रीमती महालक्ष्मी कुमारी खड्का**की नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, मध्यपुर ठिमी नगरपालिका, वडा नं. १६ मा अवस्थित कि.नं. १३१ क्षेत्रफल १७९.८० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरुः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **खिचापोखरी शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८१/०२/२० गते ५:०० बजे भित्र यस बैंकको **खिचापोखरी शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०२/२१ गते ३:०० बजे बैंकको **खिचापोखरी शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **खिचापोखरी शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नबिल बैंक लिमिटेड, ईमाडोल शाखा, ललितपुर तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०२/०६)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व पछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रका

■ पोखरा-मुग्लिन सडकखण्ड स्तरोन्नति

पूर्वी खण्डतर्फको सम्झौता अवधि १५५ दिन थपियो

कास्कीमा रोहितराज पराजुली

पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिङ सडकखण्डको पूर्वी खण्डतर्फको निर्माण अवधि एक सय ५५ दिन थप भएको छ। आँबुखैरेनीदेखि पोखरासम्मको करिब ८१ किलोमिटर सडकलाई दुई प्याकेजमा विभाजन गरेर पूर्वी (आँबुखैरेनीदेखि जामुनेसम्मको ४१.४५ किलोमिटर) र पश्चिमी खण्ड (जामुनेदेखि पोखरासम्मको ३८.८८ किलोमिटर) स्तरोन्नतिको काम भइरहेको छ।

पूर्वी खण्डको निर्माणको जिम्मा चाइना कम्युनिकेसन कन्स्ट्रक्सन कम्पनीले पाएको थियो। कम्पनीले ६ अर्ब २१ करोड ३१ लाख १३ हजार ४७७ रुपैयाँ ४३ पैसामा १४ माघ ०७७ मा ठेक्का सम्झौता गरेको थियो। सम्झौताअनुसार २ वैशाख ०८१ सम्म स्तरोन्नति भइसक्नुपर्ने थियो।

तोकिएको समयमा काम सम्पन्न नभएपछि यसअघि निर्माण कम्पनीले परामर्शदाता (स्विट्जरल्यान्डको रेनारडेट कम्पनी)सँग चार सय ५६ दिन थप समय माग गरेको थियो। आयोजनाको कार्यालयलाई परामर्शदाताले गरेको सिफारिसअनुसार हाललाई ३ वैशाखदेखि लागू हुने गरी एक सय ५५ दिन म्याद थप भएको आयोजनाका सूचना अधिकारी विष्णुप्रसाद पाण्डेले जानकारी दिए। कम्पनीले म्याद थप गर्न अनुरोध गर्दै कोभिडको दोस्रो लहर र त्यसपछि विद्युत्, खानेपानी, टेलीफोनलगायतको लाइन सार्ने काममा भएको ढिलाइले काममा अवरोध भएकाले सम्झौता अवधिमा काम पूरा गर्न नसकेको जनाएको थियो।

पूर्वी खण्डको काम ६० प्रतिशत सम्पन्न भएको पाण्डेले जानकारी दिए। यस क्षेत्रमा पर्ने ४१.४५ किलोमिटरमध्ये १.३४ किलोमिटर ६ लेन र बाँकी सडक चार लेनको बन्नेछ।

पश्चिमतर्फको २३ प्रतिशत मात्रै निर्माण

पूर्वी खण्डको दाँजोमा पश्चिम खण्डको काम निकै सुस्त छ। चीनको यनहुई काइयुन हाइवे एन्ड ब्रिजले पश्चिमतर्फको काम १२ भदौ ०८१ सम्म सक्ने गरी ३ जेठ ०७८ मा सम्झौता गरेको थियो। यस खण्डको लागत सात अर्ब ४० करोड ४६ लाख ८१ हजार रुपैयाँ रहेको छ।

सम्झौता अवधि सकिन तीन महिना ६ दिन मात्र समय बाँकी रहँदा जम्मा २३ प्रतिशत मात्र सम्पन्न भएको आयोजनाको पश्चिम खण्डका सूचना अधिकारी इन्जिनियर नारायण पौडेलले जानकारी दिए। कुल ३८.८८ किलोमिटरमध्ये एकतर्फी १३ किलोमिटर मात्र पिच गर्ने काम सकिएको उनले बताए।

पर्यटकीय राजधानी पोखरालाई जोड्ने मुख्य सडकका रूपमा रहेको पृथ्वी राजमार्गको यस खण्डमा दैनिक आठ हजारको हाराहारीमा सवारीसाधन गुड्ने अनुमान छ। सडक निर्माणको काम सुस्त गतिमा अघि बढेको भन्दै पोखराका पर्यटन व्यवसायीले समय-समयमा आयोजना कार्यालय र निर्माण कम्पनीलाई झकझकाउन दबाब दिइरहेका छन्।

सडकको कामको गति पहिलेभन्दा पछिल्लो समयमा केही बढेको देखिए पनि सन्तोषजनक भने नभएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताए। हाल भइरहेको कामको गतिलाई अझ बढाउनुपर्ने उनको भनाइ छ।

प्रदेशअनुसार छुट्टै परामर्शदाता छनोट गर्न अख्तियारको निर्देशन

नयाँ पत्रिका

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रदेशअनुसार छुट्टै परामर्शदाता छनोटका लागि निर्देशन दिएको छ। सहरी विकास मन्त्रालयअन्तर्गतको ग्रामीण सडक सञ्जाल सुधार परियोजनाको दोस्रो चरण परामर्शदाता छनोटमा अनियमितताको आशंका गर्दै अख्तियारले हालै यस्तो निर्देशन दिएको हो।

आयोजना प्रदेशले सञ्चालन गर्ने, तर सबै प्रदेशमा केन्द्रबाट एउटै परामर्शदाता छनोट गरेर पठाउँदा संघसँग उत्तरदायी हुनुका साथै काम कम प्रभावकारी हुने अख्तियारको प्रारम्भिक छानविनको निष्कर्ष छ। आयोगको गत २५ वैशाखमा बसेको बैठकको निर्णयअनुसार यससम्बन्धी छलफल भएर आयोजना इकाइलाई पत्राचार भएको छ।

आयोजनाले एक कम्पनीलाई मात्र मिल्ने प्रावधानसहित परामर्शदाता छनोटको प्रक्रिया अघि बढाएको विषयमा उजुरी परेपछि आयोगले छानविन गरी यससम्बन्धी निर्देशन दिएको हो। सवा खर्ब बजेटको यो परियोजनाको सुपरीवेक्षणका लागि परामर्शदाता छनोट विवादमा परेपछि मूल्यांकन प्रक्रिया रोकिँदै आएको छ। स्रोतका अनुसार इन्भाइरोमेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट (इआरएमसी) कम्पनीलाई मात्र मिल्ने गरी टेन्डर डकुमेन्ट बनाइएको विषयमा उजुरी परेको हो।

प्राविधिक पक्षलाई धेरै नम्बर राखेर मिलेमतोमा टेन्डर गरी करिब २३ करोडभन्दा धेरै आर्थिक भार पर्ने अवस्था देखिएको अख्तियारले पठाएको पत्रमा उल्लेख छ। प्राविधिक पक्षलाई धेरै अंकभर दिँदा इआरएमसी छनोट हुने भएकाले यसमा मिलेमतो रहेको आरोप लागेको छ। 'सडक निर्माण कार्यको सुपरभिजन र व्यवस्थापन जटिल कार्य नभएकाले प्राविधिक पक्षलाई मात्र बजेट दिँदा पनि भरपर्दो परामर्शदाता छनोट हुन सक्ने अवस्था रहेको,' अख्तियारले पठाएको पत्रमा उल्लेख छ।

पहिलो चरणमा संघ सरकारमार्फत नै काम भएको दोस्रो चरणमा पाँचवटा काम प्रदेश सरकारमार्फत अघि बढेको छ। दोस्रो चरणमा २४ वटा सडक निर्माणको अध्ययन भएर सातवटाको टेन्डर सम्झौतासमेत भइसकेको छ। ठेक्काको काम तथा निर्माण प्रदेश सरकारबाट हुनेमा सुपरीवेक्षणका लागि परामर्श छनोट भने केन्द्रबाटै गर्न लागिएको मा प्रश्न उठ्दै आएको छ।

कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८१/०२/०६ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाँइहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाँई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको ब्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति बिक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

तपसिल

पोखरा (नयाँ बजार) शाखा

(१) **ऋणी : श्री बिनोद सार्की (ना.प्र.नं.: ११२५४९ जारी मिति र जिल्ला : २०५७/१०/२५, कास्की)**
बाबु : एक बहादुर सार्की बाजे : हर्क बहादुर सार्की
साबिकको ठेगाना :कास्की जिल्ला, रुपाकोट गा.बि.स. वडा नं. ०१
हालको ठेगाना : कास्की जिल्ला, पो.म.न.पा. वडा नं. ११, फुलबारी

व्यक्तिगत जमानीकर्ताहरु :

क. जुना नेपाली (ना.प्र.नं.: ४६१०२७/२१० जारी मिति र जिल्ला : २०६५/०७/१०, कास्की)
बाजे : गर्व बहादुर नेपाली, बाबु : आइत बहादुर सार्की, ससुरा : एक बहादुर सार्की पति : बिनोद सार्की
साबिकको ठेगाना : कास्की जिल्ला, रुपाकोट गा.बि.स. वडा नं. ०१
हालको ठेगाना : कास्की जिल्ला, पो.म.न.पा. वडा न. ११, फुलबारी

ख. श्री बिनोद सार्की (ना.प्र.नं.: ११२५४९ जारी मिति र जिल्ला : २०५७/१०/२५, कास्की)
बाजे : हर्क बहादुर सार्की, बाबु : एक बहादुर सार्की
साबिकको ठेगाना : कास्की जिल्ला, रुपाकोट गा.बि.स. वडा नं. ०१
हालको ठेगाना : कास्की जिल्ला, पो.म.न.पा. वडा न. ११, फुलबारी

कर्जा शिर्षक : हायर पर्चेज

धितो सुरक्षणको विवरण : श्री बिनोद सार्कीलाई ऋणी कायम गरी गण्डकी प्रदेश यातायात व्यवस्था कार्यालय, कास्कीमा यस बैंकको नाममा दर्ता कायम रहेको JAWA कम्पनीको मोडेल Jawa 42/s.ABS) मोटरसाईकल, सवारी दर्ता नं. ग.१९.प.९५२८, च्यासिस नं.: MZDKW1C16L1A29021 ईन्जिन नं.: NAE-LA030172 को दुई पाङ्ने सवारीसाधन (मोटरसाईकल) थान १।

भैरहवा शाखा

(१) **ऋणी : श्री जोगिन्दर चमार (ना.प्र.नं. १/७७४ जारी मिति र जिल्ला : २०४४/१२/०४, रुपन्देही)**
बाबु : विपत चमार बाजे : भागीरथी
ठेगाना : बगाहा गा.बि.स. वडा नं. ३ रुपन्देही

व्यक्तिगत जमानीकर्ता

क. श्री तारा देवी चमार (ना.प्र.नं. ३७-०१-७१-०५६२४ जारी मिति र जिल्ला : २०७१/०६/०६, रुपन्देही)
बाबु : विपत चमार पति : जोगिन्दर चमार ससुरा : विपत चमार
ठेगाना : वगाहा गा.वि.स. वडा नं. ४ रुपन्देही।

कर्जा शिर्षक : विपन्न वर्ग कर्जा टर्म

धितो सुरक्षणको विवरण : श्री भागीरथीको नाति विपत चमारको छोरा श्री जोगिन्दर चमारको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला रुपन्देही वगाहा गा.वि.स. वार्ड नं.४ स्थित कित्ता नं.२०७ को क्षेत्रफल ०-२-०-० र वगाहा गा.वि.स.वडा नं. ३ स्थित कि.नं. १४४२ को क्षेत्रफल ०-१-५-० भएको जग्गा तथा उक्त कित्ताहरुले चर्चेको सम्पुर्ण लिगलगापातहरु समेत।

डडेल्धुरा शाखा

(१) **ऋणी : श्री त्रिपुरा सुन्दरी मार्केटिङ (प्रो. पवन राज जोशि)**
प्रा.फ.नं. : १११/१३८२/०७४/०७५, दर्ता मिति : २०७४/१०/२४
स्थायी लेखा नं. : ६०७४९४२५१, दर्ता मिति : २०७४/१०/२६
फर्मको ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ५

व्यक्तिगत जमानीकर्ताहरु :

क. श्री पवन राज जोशी
बाबु : श्री यज्ञ राज जोशी, बाजे : श्री भवानी दत्त जोशी

ख. श्री हिमाल कुमारी भट्ट
बाबु : श्री टिका दत्त भट्ट, ससुरा : श्री यज्ञ राज जोशी, पति : श्री पवन राज जोशी

ग. श्री यज्ञराज जोशी
बाबु : श्री भवानी दत्त जोशी, बाजे : श्री गंगा दत्त जोशी

ठेगाना : डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. २
कर्जा शिर्षक : व्यवसायिक कर्जा (ओभरड्राफ्ट र टर्म) , सवारी कर्जा

धितो सुरक्षणको विवरण :

क. श्री गंगा दत्त जोशीको नाती, श्री भवानी दत्त जोशीको छोरा, डडेल्धुरा जिल्ला घटाल गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं. २ बस्ने श्री यज्ञ राज जोशीको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता श्रेष्ता कायम रहेको डडेल्धुरा जिल्ला, घटाल गा.वि.स. वडा नं. ५ (नक्सा सि.न. ५ ख) स्थित कि.नं ६४३, ४०३, २१६, २०४, २१४, १८३ र ४०१ को क्षे.फ. क्रमशः ३-१३-०-०, ८-१२-३-०, २-१-०-३, १-६-१-१, २-०-२-१, ६-३-१-० र ०-१४-१-१ (रो-आ-पै-दा) को जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

ख. उपरोक्त ऋणकर्जा तथा बैंकिंग सुविधाको सुरक्षण बापत मिति २०७९/ १०/०३ गते श्री महालक्ष्मी विकास बैंक लि./ऋणी त्रिपुरा सुन्दरी मार्केटिङ (प्रो. पवन राज जोशी) को नाममा नामसारी गरिएको Dambler Company Ltd. कम्पनी, सवारी मोडेल : 1214 R 4*2 HSD, बनेको साल: 2019, सिलिण्डर संख्या : 4, हर्ष पावर : 3907, ईन्जिन नं.: 400921D0016296, च्यासिस नं.: MEC0523ADJP028628, सवारी दर्ता नं.: सु.प.प्र. ०१-००१- क २४०६ को सवारी साधन (ट्रक) थान १।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-४३६८१५३, ४३६८७१९
कर्जा असूली विभाग दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलकाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०२/०६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलकाबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८१ जेठ २१ गते सोमबार**का दिन शाखा कार्यालय बेलकामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

१. ऋणीहरूको विवरण

क. **शुशिल राई**
ना.प्र.नं.- ०९३०५८-७७
जारी मिति - २०६३-१०-२३, जि.प्र.का. भोजपुर
बाबु - गोपाल राई
बाजे - मंगल सिं राई
स्थायी ठेगाना- भोजपुर जिल्ला, आमचोक गा.वि.स., वडा न.१
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.५

ख. **सुमन सुवेदी**
ना.प्र.नं.- ६२७०५
जारी मिति - २०६०-०४-०७, जि.प्र.का. उदयपुर
बाबु - पदम प्रसाद सुवेदी
बाजे - भोजनाथ सुवेदी
स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्सिला गा.वि.स., वडा न.९
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.५

धितो सुरक्षणको विवरण

१. **गोमा कुमारी रेग्मी**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स. वडा नं. ९क स्थित कित्ता नं. ३४३ को क्षे.फ. ७१११.२६ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **गोमा कुमारी रेग्मी**
ना.प्र.नं.- १०३८।४६८२
जारी मिति - २०४३-०९-१५, जि.प्र.का. उदयपुर
बाबु - पदम प्रसाद सुवेदी
बाजे - थाहा नभएको
स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स., वडा न.१
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.५

२. **सृजना राई**
ना.प्र.नं.- ०९३०६३।५०१
जारी मिति - २०७०-०१-२६, जि.प्र.का. भोजपुर
बाबु - ज्ञान बहादुर राई
बाजे - जीत बहादुर राई
स्थायी ठेगाना- भोजपुर जिल्ला, पाङ्चा गा.वि.स., वडा नं.८
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.५

३. **सिर्जना पौडेल सुवेदी**
ना.प्र.नं.- १४१००२।९८०१९
जारी मिति - २०६६-०५-३०, जि.प्र.का. उदयपुर
बाबु - डिल्लीराम पौडेल
बाजे - भद्रिलाल पौडेल
स्थायी ठेगाना- उदयपुर जिल्ला, ठोक्सीला गा.वि.स., वडा न.९
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.५

२. ऋणीको विवरण

शुसिला राई
ना.प्र.नं.- ३७८६
जारी मिति - २०६०-११-१८, जि.प्र.का. उदयपुर
बाबु - आसिकमान राई
बाजे - हर्ख लाल राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा नं.२
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

धितो सुरक्षणको विवरण

१. **तेज बहादुर राई**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स. वडा नं. १ग स्थित कित्ता नं. १२९ को क्षे.फ. १०१५.८९ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **तेज बहादुर राई**
ना.प्र.नं.- ३१५६
जारी मिति - २०५७-११-१६, जि.प्र.का. उदयपुर
बाबु - डम्मर बहादुर राई
बाजे - मसल मान राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा न.२
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

३. ऋणीको विवरण

डिकमाया राई
ना.प्र.नं.- २४४
जारी मिति - २०४५-०१-०८, जि.प्र.का. उदयपुर
बाबु - भक्त बहादुर राई
बाजे - सुखनी राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा न.१
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

धितो सुरक्षणको विवरण

१. **विन्द्र मान राई**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. ६८ को क्षे.फ. ८४३०.७२ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **विन्द्र मान राई**
ना.प्र.नं.- ३६९।६३०२।३८५
जारी मिति - २०४५-०१-०७, जि.प्र.का. उदयपुर
बाबु - डम्मर बहादुर राई
बाजे - वज्र मान राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा न.३
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

४. ऋणीको विवरण

प्रेमिका काम्वाङ्ग
ना.प्र.नं.- ०४-०१-७०-१९३८६
जारी मिति - २०७०-०६-०७, जि.प्र.का. झापा
बाबु - छत्र बहादुर काम्वाङ्ग
बाजे - देउलाल काम्वाङ्ग
स्थायी ठेगाना- झापा जिल्ला, जलथल गा.वि.स., वडा न.८
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

धितो सुरक्षणको विवरण

१. **तुलाराज राई**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स. वडा नं. १क स्थित कित्ता नं. ८२ को क्षे.फ. ११२५.९३ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **तुलाराज राई**
ना.प्र.नं.- २८२६६।३३४३
जारी मिति - २०५१-१२-२२, जि.प्र.का. उदयपुर
बाबु - किर्तिमान राई
बाजे - पवित मान राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा न.१
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

२. **इन्द्रदेव राई**
ना.प्र.नं.- १४-०१-७५-०४९६६
जारी मिति - २०७५-०९-१५, जि.प्र.का. उदयपुर
बाबु - तुलाराज राई
बाजे - किर्तिमान राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

५. ऋणीको विवरण

सयम कुमारी राई
ना.प्र.नं.- ४२३२२।२८४२
जारी मिति - २०५६-०५-११, जि.प्र.का. उदयपुर
बाबु - फौदलाल राई
बाजे - राज बर्ण राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा न.१
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

धितो सुरक्षणको विवरण

१. **दुर्गा कुमार राई**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १५ र ५ को क्षे.फ. क्रमश ८५५.०२ र ३१९९.६१ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।
२. **दुर्गा कुमार राई**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, मैनामैनी गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २० को क्षे.फ. ४२८३.०८ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **दुर्गा कुमार राई**
ना.प्र.नं.- ५४३१७६।७६
जारी मिति - २०४५-०१-०५, जि.प्र.का. उदयपुर
बाबु - सम्पत लाल राई
बाजे - राज बर्ण राई
स्थायी ठेगाना- उदयपुर जिल्ला, मैनामैनी गा.वि.स., वडा न.२
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.७

६. ऋणीको विवरण

अनिता बस्नेत
ना.प्र.नं.- ३९१३५।०६५।६६
जारी मिति - २०६५-०९-१७, जि.प्र.का. सुनसरी
बाबु - तिलक बहादुर बस्नेत
बाजे - गम बहादुर बस्नेत
स्थायी ठेगाना- सुनसरी जिल्ला, वराहक्षेत्र गा.वि.स., वडा न.४
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.१

धितो सुरक्षणको विवरण

१. **अनिता बस्नेत**को नाममा मालपोत कार्यालय उदयपुरमा दर्ता कायम रहेको उदयपुर जिल्ला, तपेश्वरी गा.वि.स. वडा नं. ४ स्थित कित्ता नं. ६३२ को क्षे.फ. ३७२.४९ (व.मी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **ओम प्रकास यादव**
ना.प्र.नं.- ८४३१२।८५३१२
जारी मिति - २०६०-१०-१४, जि.प्र.का. सुनसरी
बाबु - गर्भि दास यादव
बाजे - विकु यादव
स्थायी ठेगाना- सुनसरी जिल्ला, नरसिंह गा.वि.स., वडा न.६
हालको ठेगाना- उदयपुर जिल्ला, बेलका न.पा., वडा न.१

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८१ जेठ २० गते** भित्र बैंकको शाखा कार्यालय बेलकामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय बेलकाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८१ जेठ २१ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय बेलकामा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय बेलकामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ जेठ २१ गते सोमबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि
शाखा कार्यालय बेलका फोन नं. ९८५२८४४०४३

विश्वविद्यालयमा उद्यमशील विद्यार्थीको खोजी

वर्षैपिच्छे विश्वविद्यालय थपिँदै गए पनि अन्तर्राष्ट्रिय श्रमबजार सुहाउँदो प्रतिस्पर्धी शिक्षाको अभावमा महाविद्यालयका कक्षाकोठा रित्तिँदै गएका छन्



● प्रा.डा. लालप्रसाद अंगाई

अग्रलेख

विश्वभर मानव विकास सूचकांकलाई त्यस देशको शिक्षा गुणस्तर र पर्याप्त रोजगारीजन्य व्यवसायको पर्यायको रूपमा मापन गर्ने गरिन्छ। प्राविधिक शिक्षालाई नयाँ-नयाँ आविष्कार तथा रोजगारी सिर्जनाको स्रोत तथा अप्राविधिक शिक्षालाई मानवसभ्यता विकास र संस्कृति प्रस्फुटन गराउने विधाका रूपमा परिभाषित गरिएको पाइन्छ। यसैअनुरूप संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा हाल सञ्चालित बाह्र राष्ट्रिय विश्वविद्यालय, चार-पाँच प्रादेशिक विश्वविद्यालय तथा ६-सात स्वास्थ्य विज्ञान प्रतिष्ठान राष्ट्रभर नै आवश्यक उच्चस्तरीय दक्ष जनशक्ति उत्पादनमा वर्षौंदेखि क्रियाशील देखिन्छन्। यसका अलावा नेपालभित्र सयौं संघसंस्था प्राविधिक शिक्षालयमार्फत मध्यमस्तरीय जनशक्ति विकासमा केन्द्रीकृत रहँदै आएका छन्, जसले युवालाई प्रत्यक्षतः रोजगारीतर्फ उन्मुख गराइराखेका छन्।

४४	मिडिया मोर ट्रेडिङ	काठमाडौं १६, नयांबजार	६०८७२३४६८	नसरिन वानु मुस्लिम/काठमाडौं	मू.अ.कर
४५	रिन्छेन हिमालय निर्माण सेवा	तारकेश्वर ११, मनमैजु	६०१०५६६२८	कृष्ण लामा / नुवाकोट	मू.अ.कर
४६	तारगेट मिट कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा. लि.	तारकेश्वर ८, मनमैजु	६००४१४५२६	शरद अधिकारी / काठमाडौं	मू.अ.कर
४७	वाई.एस.एस.वि.कन्स्ट्रक्सन/जानुकादेवी निर्माण सेवा /मैलुङ कन्स्ट्रक्सन जे.भी.	रसुवा १, डाडागाँउ	३०५०१९६३१	मंगले तामाङ / रसुवा	मू.अ.कर
४८	उत्साह कन्स्ट्रक्सन प्रा.लि.	टोखा १०, सामाखुशी	६०६५९२१०७	रमाकान्त भुसाल / रुपन्देही	आयकर मू.अ.कर
४९	श्री हारती ट्रेडर्स	काठमाडौं १६, बालाजु	३०२७३४१७१	किशोर लाल श्रेष्ठ / काठमाडौं	मू.अ.कर/आयकर
५०	अन्नपूर्ण माउण्टेनेरिङ्ग एण्ड ट्रेकिङ्ग प्रा. लि.	गोंगबु २६ काठमाडौं	३००१६६५३२	शहदेव शंसेर ज.ब.रा/का.म.न.पा १३	आयकर/ मू.अ.कर
५१	जे.पी. निर्माण सेवा	तारकेश्वर १०, शुभकामना चोक	६१२३५७६३९	अर्जुन प्रसाद पाण्डे / पाल्पा	मू.अ.कर
५२	चिप्पु ट्रेड प्रा. लि.	का.म.न.पा १६, भुवनेश्वरी मार्ग	६००६७०७५३	सुजन तामाङ / रसुवा	आयकर/ मू.अ.कर
५३	पाण्डे हार्डवेयर एण्ड सप्लायर्स सेन्टर	तारकेश्वर ११, मनमैजु	३०३४१२९२२	मदन पाण्डे / नुवाकोट	मू.अ.कर
५४	सुमार्ग हार्डवेयर एण्ड सप्लायर्स	तारकेश्वर १०, मनमैजु	६००४८१५८६	कृष्णहरी महर्जन / काठमाडौं	मू.अ.कर
५५	विराज अटो वर्ल्ड प्रा. लि.	नयाँबजार १६, काठमाडौं	३००४३१९४२	विष्णु नकर्मी / काठमाडौं	मू.अ.कर
५६	साइन इन्भेष्टमेन्ट प्रा.लि.	काठमाडौं १६, बालाजु	३०२७३३४२२	गगन कु डंगोल / काठमाडौं	मू.अ.कर
५७	एलिसा इम्पोरीयम प्रा.लि.	काठमाडौं १६, पकनाजोल	६०५९४८७३६	सुमन कुमार श्रेष्ठ / काठमाडौं	मू.अ.कर
५८	प्रेस्टिज कन्स्ट्रक्सन प्रा.लि.	तारकेश्वर ८, काठमाडौं	६०६८५३३६१	सत्यजित कुमार झा / सप्तरी	मू.अ.कर
५९	सुविधा ईम्पोर्ट एक्सपोर्ट प्रा. लि.	का.म.न.पा १६	३०४४८७१५६	जनार्दन न्यौपाने / महोत्तरी	आयकर/ मू.अ.कर
६०	शाह वाथवेयर्स प्रा.लि.	टोखा ८, मिलनटोल	६०९७८२३४७	रोजी मानन्धर / काठमाण्डौ	मू.अ.कर
६१	काठमाण्डौ मार्केटिङ प्रा. लि.	काठमाडौं १६, बालाजु	३०००४८६३२	विष्णु प्रसाद तिमील्सिना	मू.अ.कर
६२	सारा एक्सपोर्ट एण्ड ईम्पोर्ट प्रा.लि.	टोखा १०, काठमाडौं	६०६८७९१७२	दिपक के.सि / बाग्लुङ	मू.अ.कर
६३	गुडविल एडभरटाइजिङ्ग सर्भिसेज प्रा. लि.	काठमाडौं १६, बालाजु	६०४२५०३१३	रमेश लामिछाने / गोरखा	मू.अ.कर
६४	कंडेल लुम्बिनी निर्माण तथा सप्लायर्स प्रा.लि.	टोखा ११	६०९८२४५२८	सुजन कडेल / गुल्मी	मू.अ.कर
६५	निर्णायक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	टोखा १०, गोगंबु	६०९९८४८२८	विवेक तामाङ / नुवाकोट	मू.अ.कर
६६	यूमी इन्टरप्राइजेज	तारकेश्वर २, भेडीगोठ	६०१३३५३४५	पुष्कर थापा / काठमाडौं	मू.अ.कर
६७	गादी ट्रेड लिंक	तारकेश्वर ४, लोलाङ	६१२८२७६९३	देवानन्द महतो थारु / पर्सा	मू.अ.कर
६८	प्यासन इन्टरनेशनल सर्भिस प्रा. लि.	टोखा १०, गोगंबु	६०६९०५८२८	विमा कला रिजाल / दाङ	मू.अ.कर
६९	गौरा/श्री जयन्ती/किँरातेश्वर जे.भि.	कालधारा १६, काठमाडौं	३०४३१४२९८	खगेन्द्र वुढा मगर / रोल्पा	मू.अ.कर
७०	स्मृति ट्रेड कन्सर्न	तारकेश्वर १०, मनमैजु	६००२५४३९७	मोहन वराईली / झापा	मू.अ.कर
७१	टेक्सस इन्टरनेशनल प्रा. लि.	काठमाडौं १६, बालाजु	६०४३३६०५१	ज्ञानेन्द्र थापा / सिन्धुपाल्चोक	मू.अ.कर
७२	शान्ती एण्ड जयन्ती इन्टरप्राइजेज	काठमाडौं- १६, नयाँबजार	६१३२५६७३९	प्रविन श्रेष्ठ / तनहु	मू.अ.कर
७३	ट्रेक नेपाल इन्टरनेशनल प्रा.लि.	काठमाडौं १६, ठमेल	३०२४४६९४६	प्रकाश लामिछाने / काठमाडौं	मू.अ.कर
७४	आर. एस. टुर्स एण्ड ट्रान्सपोर्ट प्रा.लि.	काठमाडौं- १६, नयाँबजार	६०५९६४५४७	डिल्ली राज आचार्य/काभ्रेपलाञ्चोक	मू.अ.कर
७५	सिड्ला कन्स्ट्रक्सन प्रा.लि.	टोखा १०, गोगंबु	६१०२०३२०२	राज कुमार तमाङ / नुवाकोट	मू.अ.कर
७६	चण्डेश्वरी माँ सप्लायर्स	टोखा ९, काठमाडौं	६००७२७६९१	राजु पुतुवार / काभ्रेपलाञ्चोक	मू.अ.कर
७७	वटुक भैरव इन्टरप्राईजेज	काठमाडौं १६, खुशिबु	३०३८२९२१४	ज्योति के.सी.(श्रेष्ठ) / काठमाडौं	मू.अ.कर
७८	लोटस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	उत्तरगया २, रसुवा	६०५९३८२७०	रोशन वहादुर तामाङ / रसुवा	मू.अ.कर
७९	जि.वि.टेलि.टेक प्रा.लि.	टोखा १०, काठमाडौं	६०६६००६२८	सौजन वस्नेत /काठमाडौ	मू.अ.कर
८०	सुयश इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	तारकेश्वर ६, धर्मस्थली	६००१०७२६६	तुल्सी मान सिंह वस्नेत/ काठमाडौ	मू.अ.कर
८१	लुबिष्ट्रो रेष्टुरा एण्ड वार प्रा.लि.	ठमेल १६, काठमाडौं	५००००४३३५	किरण पाण्डे	मू.अ.कर
८२	वि. के. एन. इन्टरनेशनल प्रा.लि.	काठमाडौं १६, बालाजु	६०५९१८६१८	भिमसेन कुमार श्रेष्ठ / नुवाकोट	आयकर/ मू.अ.कर
८३	के. एल. एग्रो प्रा.लि.	तारकेश्वर ६, चिसापानी	६०१८७६५४१	भिमसेन कुमार श्रेष्ठ / नुवाकोट	आयकर
८४	न्यू सुजन ट्रेडर्स	टोखा १०, काठमाडौं	३०४३२७८९८	सुजन तामाङ / तारकेश्वर	आयकर
८५	श्री जे.बी.मोटरसाइकल हाउस प्रा.लि.	काठमाडौं- १६, नयाँबजार	५००१६३३०४	जितेन्द्र तुलाधर/काठमाडौं १६, नयाँबजार	आयकर/ मू.अ.कर
८६	वि.टि. । जयबाबा जे.भी.	काठमाडौं १६, बालाजु	६०१९७७०२६	श्याम कुमार श्रेष्ठ / धादिङ	आयकर/ मू.अ.कर
८७	ईष्ट ईन्डिया उद्योग/वाईबा ईन्फ्राटेक जे.भि.	काठमाडौं- १६, नयाँबजार	६०२९१२८१७	लाल बहादुर तामाङ/काभ्रेपलान्चोक	आयकर
८८	निभमा इन्टरप्राईजेज	काठमाडौं- १६, बालाजु	३०४४८८७५७	नुर्पु लामा / सिन्धुपाल्चोक	आयकर
८९	पि.एण्ड के.इन्टरप्राईजेज	काठमाडौं १६, बालाजु	३०४५७०१६८	पेमा लामा / सिन्धुपाल्चोक	आयकर/ मू.अ.कर
९०	ज्वाला कालिका बिजिनेश प्रा.लि.	काठमाडौं १६, बालाजु	६०४३३१२३६	बुद्धिनाथ पौडेल / रसुवा	आयकर/ मू.अ.कर
९१	हिमालया प्लाष्टीक प्रा.लि.	काठमाडौं १६, बालाजु	३०००४५६०४	बसन्त कुमार गटानी / ईलाम	आयकर/ मू.अ.कर
९२	नेपाल शिल्क इण्डष्ट्रिज्	काठमाडौं १६, बालाजु	३०००५२२७७	यूनिल नरसिंह राणा / काठमाडौं	आयकर/ मू.अ.कर
९३	न्यू साइनो इन्टरप्राइजेज	काठमाडौं १६, बालाजु	३०२७३३७८९	तारा शाक्य / सिन्धुपाल्चोक	आयकर/ मू.अ.कर
९४	डोमा ट्रेड सेन्टर	काठमाडौं १६, बालाजु	५०००३८६३५	पासाङ डोमा शेर्पा/ सिन्धुपाल्चोक	मू.अ.कर
९५	सहज ह्याण्डिक्राफ्ट ईन्टरप्राईजेज	का.म.न.पा १६, पकनाजोल	३०२१४३४७२	शेख नसीम अख्तर / रौतहट	मू.अ.कर
९६	तारकेश्वर कन्स्ट्रक्सन	काठमाडौं १६, बालाजु	३०४४७९७८६	हरे राम फुयाल / नुवाकोट	मू.अ.कर
९७	रेजिन इन्टरप्राईजेज	काठमाडौं १६, बालाजु	३०४५७९७३४	देव कुमार खड्का/ सिन्धुपाल्चोक	आयकर/ मू.अ.कर
९८	विरुवा, आर. वि. जे. भि.	तारकेश्वर ५, गोलढुंगा	६००९७००५१	राम बाबु फुयाल / काठमाडौं	आयकर/ मू.अ.कर
९९	निमा ईन्टरप्राईजेज	काठमाडौं १६, बालाजु	३००३४२३६३	दोर्जे लामा / सिन्धुपाल्चोक	मू.अ.कर
१००	जि एम सप्लायर्स	काठमाडौं १६, बालाजु	३०२७३३४६४	एक वहादुर मोक्तन / सिन्धुली	आयकर/ मू.अ.कर
१०१	नेशनल प्याकेजिङ्ग बक्स इण्डष्ट्रिज प्रा. लि.	काठमाडौं १६, बालाजु	३०००५१७५३	शैलेन्द्र वहादुर मल्ल	मू.अ.कर/आयकर
१०२	न्यू एस एन इन्टरप्राइजेज	तारकेश्वर ४, नयाँबस्ती	३०२३८०२४६	सुशिल नेपाल / नुवाकोट	आयकर/ मू.अ.कर
१०३	नासा गोमरु इन्टरप्राइजेज	काठमाडौं १६, बालाजु	६००७८१६६२	आङ तेन्जी शेर्पा /सिन्धुपाल्चोक	आयकर/ मू.अ.कर
१०४	सौरभ भेटकेयर इण्डष्ट्रीज	टोखा ८, काठमाडौं	३००१६५६४५	सरोज प्रसाद अधिकारी / रुपन्देही	आयकर/ मू.अ.कर
१०५	डि.आर.पि.कन्स्ट्रक्सन प्रा.लि.	टोखा १०	६०४३१५४३८	वेग वहादुर रसाइली / बाग्लुङ	मू.अ.कर
१०६	दावा इन्टरप्राइजेज	काठमाडौं १६, बालाजु	५०००३५६४९	नाक्सी तामाङ / सिन्धुपाल्चोक	मू.अ.कर./आयकर
१०७	ग्राउण्ड सेभेन सेक्युरिटी प्रा.लि.	तारकेश्वर ९, मनमैजु	६०४२४८३१४	राम कृष्ण श्रेष्ठ / नुवाकोट	मू.अ.कर
१०८	श्री ज्योति ट्रेडलिंक प्रा.लि.	टोखा ९, गंगबु	३०३९७४४३९	समिर कुमार जोशी / झापा	मू.अ.कर
१०९	एस ट्रेडिङ्ग प्रा.लि.	काठमाडौं- १६, नयाँबजार	३०२६६४५८२	मन्जुल अमात्य / ललितपुर	आयकर
११०	सफलता एक्सपोर्ट इम्पोर्ट विजनेस प्रा.लि.	काठमाडौं- १६, बालाजु	६०३५८२३६९	उमेश वस्नेत / सिन्धुपलान्चोक	आयकर
१११	क्रियटिभ एड एण्ड साईनेज	काठमाडौं- १६, नयाँबजार	३०१८२३८२१	रेनुका दानी क्षेत्री (भट्टराई)/काठमाडौं	मू.अ.कर
११२	मेघदुत सप्लायर्स प्रा.लि.	काठमाडौं- १६, बालाजु	३०२६६९८३१	रविन्द्र कुमार मघैरैत / सप्तरी	आयकर/ मू.अ.कर
११३	तारकेश्वरी मार्केटिङ्ग प्रा. लि.	काठमाडौं- १६, बालाजु	३००१२२४१९	माया तिमिल्सिना/धर्मस्थली ४, तारकेश्वर	आयकर/ मू.अ.कर
११४	सुलभ सुपर स्टोर प्रा.लि.	का.म.न.पा १६	३०४१७४७३७	पुरुषोत्तम मान सिंह डंगोल/काठमाडौं	आयकर/
११५	ॐसाईबाबा स्टोर	काठमाडौं- १६, वनस्थली	३०२४४३६१९	हरि किशोर सिंह सलाँही	आयकर/ मू.अ.कर
११६	भक्त इम्पेक्स	काठमाडौं- १६, बालाजु	६००५४२४१६	रजिता राजभण्डारी / काठमाडौं	आयकर/ मू.अ.कर
११७	एक विवेक ट्रेडर्स	टोखा २, सामाखुसी	६०११८७८०३	मञ्जु सिग्देल / मोरङ्ग	आयकर/ मू.अ.कर
११८	क्लिनिकल सोलुसन्स प्रा.लि.	काठमाडौं- १६, चमती	६०३५८१८८७	जेनी नकर्मी / काठमाडौं	मू.अ.कर
११९	गौरी पार्वती/नाना जे.भी.	काठमाडौं- १६, बालाजु	६०२५८२६२३	राम कुमार थापा / धादिङ	आयकर/ मू.अ.कर
१२०	आषिश/मिलेनियम/भिमज्योती/जयबाबा/नयाँ बाटो जे.भी.	काठमाडौं- १६, वनस्थली	३०३६२५६३४	सितल चन्द्र ढकाल / चितवन	आयकर
१२१	एस.एम.एन.एस/जय बाबा/एल.सि.एस.पि.एल. जे. भी.	काठमाडौं- १६, बालाजु	६०३२७५६६५	श्याम कुमार श्रेष्ठ / धादिङ	आयकर
१२२	मस्टा ट्रेडर्स	तारकेश्वर ४, नेपालटार	६०३८३३४८५	जिवन राज ओझा / वभाङ	आयकर
१२३	तिरुपति सिभिल एण्ड मेकानिकल कन्स्ट्रक्शन प्रा.लि.	काठमाडौं- १६, सोह्रखुट्टे	६०६५४७०८८	राजु प्रसाद चौहान / पर्सा	मू.अ.कर
१२४	खुशी इन्टरनेशनल	काठमाडौं- १६, बालाजु	३०४१७४१२६	भिमसेन घिमिरे /नुवाकोट	आयकर/
१२५	नेपाल डिजिटल केवल प्रा. लि.	टोखा ९, गोंगबु	६०१५९२०७०	चिरञ्जीवी श्रेष्ठ /ललितपुर	आयकर/ मू.अ.कर
१२६	अर्गानिक ट्रेड सेन्टर प्रा.लि.	काठमाडौं- १६, माछापोखरी	६०२३९६९७६	कृष्ण न्यौपाने /कास्की	आयकर/ मू.अ.कर
१२७	एलीजा मार्केटिङ्ग	काठमाडौं- १६, नयाँबजार	५०००२४५२४	रुद्र प्रसाद श्रेष्ठ / झापा	आयकर
१२८	गौरा शितलचन्द्र जे.भी	काठमाडौं- १६, बालाजु	३०३६३१९०५	कृष्ण चन्द्र कँडेल / धादिङ	आयकर/ मू.अ.कर
१२९	दि गार्डेन होटल प्रा. लि.	काठमाडौं- १६, नयाँबजार	३०००४९७४१	दोर्जे ग्याल्पा गुरुङ्ग	मू.अ.कर
१३०	एल.ए. कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	टोखा १०, गोगबु	६०९६७२६५३	लाल शेर्पा / दोलखा	मू.अ.कर
१३१	राजु कुमार सिवाकोटी	काठमाडौं- १६, बालाजु	३००७३२०९२	राजु कुमार सिवाकोटी / चितवन	मू.अ.कर
१३२	कुमारी देवी कन्स्ट्रक्सन रुप प्रा.लि.	तारकेश्वर ४, पुरानो गुहेश्वरी मार्ग	६०६८३०५८८	रविन्द्र न्यौपाने / नुवाकोट	मू.अ.कर
१३३	म्हेपी अजिमा अटो सेन्टर	काठमाडौं- १६, नयाँबजार	३०००८४८८३	मदन बहादुर श्रेष्ठ / काठमाडौं	मू.अ.कर
१३४	वैभव लक्ष्मी विजनेश प्रा लि	काठमाडौं- १६, बालाजु	३०२५००६६६	रजनी श्रेष्ठ / सिन्धुपाल्चोक	मू.अ.कर
१३५	नागार्जुन महादेव खिम्ती जे.भी.	काठमाडौं- १६, बालाजु	५०००६२९५१	रवि सिंह	मू.अ.कर
१३६	सिदार्थ हस्पिटल लिमिटेड	काठमाडौं- १६, बालाजु	५०००९८६१७	डा. सतिश कुमार वजाज /	आयकर/ मू.अ.कर
१३७	गोर्खाज कन्स्ट्रक्सन ट्रेनिङ्ग सेन्टर प्रा.लि.	काठमाडौं- १६, बालाजु	३०१८१३२२०	टिका देवी गुरुङ्ग (पुन) / कास्की	मू.अ.कर
१३८	आर जे इन्टरप्राईजेज	काठमाडौं- १६, बालाजु	३०१७६४४८९	राजु पौडेल / सिन्धुपाल्चोक	मू.अ.कर
१३९	नागार्जुन/बाग्लुङ्ग काली/शितलचन्द्र जे.भी.	काठमाडौं- १६, बालाजु	३०४४८८०५६	कृष्ण चन्द्र कडेल / धादिङ	मू.अ.कर
१४०	न्यू वुद्ध निर्माण सेवा	तारकेश्वर २, वसन्त कोलनी	६०३३८००९७	टिकाराम तामाङ / नुवाकोट	मू.अ.कर
१४१	आयुष विजनेश प्रा.लि.	काठमाडौं- १६, बालाजु	३०१९०७२३५	तेन्जीङ्ग शेर्पा / सिन्धुपाल्चोक	मू.अ.कर
१४२	तमु निर्माण सेवा तथा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	तारकेश्वर ८	६०६७२१०५१	लाल मान लामा / नुवाकोट	मू.अ.कर
१४३	एम.एन.भि सप्लायर्स	तारकेश्वर ४, लामवगर	६०१६१५६४७	रन्जित कुमार / काठमाडौं	मू.अ.कर
१४४	कमलामाई ट्रेड कन्सर्न प्रा.लि.	काठमाडौं- १६, गंगाहल	६०६५४८२२९	दिनेश कुमार दाहाल /	आयकर
१४५	कसमस नेपाल प्रा.लि.	तारकेश्वर ११, मनमैजु	३०००४६६२३	नारायण भक्त जोशी /	मू.अ.कर
१४६	मिडिया हार्ट	काठमाडौं- १६, बालाजु	३०३७४९२८८	निर्मल राज ढकाल / काठमाडौं	मू.अ.कर
१४७	कटेल इन्टरप्राइजेज	टोखा ३	६०२७४७५४५	गोपाल प्रसाद कट्टेल / काठमाडौं	मू.अ.कर
१४८	मनमोहन मेमोरियल कलेज	काठमाडौं- १६, नयाँबजार	६०२७२६८९०	राम प्रसाद अर्याल / नुवाकोट	आयकर
१४९	इम्को लि.	काठमाडौं- १६, बालाजु	६०३०४१७८७	पवन राज के.सी. / भक्तपुर	मू.अ.कर
१५०	सुप्रल सप्लायर्स	काठमाडौं- १६, खुशिबु	६०६१७४९०९	सुजन खनाल / गोरखा	आयकर/ मू.अ.कर
१५१	स्मार्ट मोवाइल टेक प्रा. लि.	टोखा १०, गणेशस्थान	६०४२५७१२१	शैलेश श्रेष्ठ / चितवन	मू.अ.कर
१५२	इन्द्र सप्लायर्स	काठमाडौं- १६, बालाजु	३०१४११३६७	ईन्द्र बहादुर नेवार (श्रेष्ठ)/सिन्धुपाल्चोक	मू.अ.कर
१५३	आर्शी इको सेभिङ्ग ब्रिक इन्डष्ट्रिज प्रा.लि	काठमाडौं- १६, बालाजु	३०३६३४३१९	सुरेश पाणी गौतम / काठमाडौ	मू.अ.कर
१५४	ब्रिजल इन्टरप्राईजेज	टोखा ८, गोंगबु	३०४९१९३७८	रत्नेश्वर तण्डुकार / काठमाडौं	मू.अ.कर
१५५	ग्लोवल रिच इन्टरप्राइजेज	काठमाडौं- १६, नयाँबजार	६०६९७१९५९	राजिव मान्धर / काठमाडौं	मू.अ.कर
१५६	शितल चन्द्र/ ईन्द्रायणि एण्ड पि.जे. कन्स्ट्रक्सन जे.भी.	काठमाडौं- १६, बालाजु	३०२१४२९५८	कृष्ण चन्द्र कंडेल / धादिङ	मू.अ.कर
१५७	छवि इन्टरनेशनल प्रा. लि.	काठमाडौं- १६, नयाँबजार	३०२९६४८३५	सुरेन्द्र कुमार चौधरी / सप्तरी	मू.अ.क

अर्थ पत्रिका

नयाँ पत्रिका
आइतबार ६ जेठ ०८१

घरजग्गामा बैंकको कर्जा
आवासीय बढ्यो, व्यापारिक घट्यो

चालू आवको नौ महिनामा दुई करोडसम्म पाइने व्यक्तिगत आवासीय कर्जा ३८ अर्ब ६३ करोड प्रवाह, गत आव ०७९/८० को पूरै वर्ष यस्तो कर्जा १० अर्ब ३२ करोड वितरण

पवन तिमिल्सिना/नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाहरू व्यापारिक रियल इस्टेट क्षेत्रभन्दा आवासीय कर्जा प्रवाहमा केन्द्रित भएका छन्। नेपाल राष्ट्र बैंकले आवासीय कर्जामा उदार नीति लिएकाले बैंक तथा वित्तीय संस्थाहरूले व्यक्तिगत घरकर्जा बढाएका हुन्।

केन्द्रीय बैंकको चालू आर्थिक वर्ष ०८०/८१ को नौ महिनामा आवासीय व्यक्तिगत घरकर्जातर्फ ३८ अर्ब ६३ करोड २१ लाख लगानी गरेका छन्। गत आर्थिक वर्ष ०७९/८० मा १० अर्ब ३२ करोड २० लाख मात्रै यस्तो कर्जा प्रवाह भएको थियो। आव ०७७/७८ मा ४५ अर्ब ७१ करोड आवासीय घरकर्जाका रूपमा प्रवाह भएको थियो। केन्द्रीय बैंकले पनि व्यापारिक रियल इस्टेटको दाँजोमा आवासीय घरकर्जाको जोखिमभार कम राखिदिएकाले बैंक तथा वित्तीय संस्थालाई यस्तो कर्जा प्रवाह गर्न सहज भएको बैंकरहरू बताउँछन्। केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत आवासीय कर्जाको सीमा एक करोड ५० लाखबाट बढाएर दुई करोड पुऱ्याएको थियो। पहिलो त्रैमासिक समीक्षाले त ५० लाखमाथिको कर्जाको जोखिमभार घटाएर १२५ प्रतिशत पुऱ्याएको थियो।

नबिल बैंकका डेपुटी प्रमुख कार्यकारी अधिकृत (डेपुटी सिइओ) मनोज ज्ञवालीले केन्द्रीय बैंकको लचक नीतिले आवासीय कर्जामा वृद्धि भएको बताए। उनले भने, 'घरजग्गा क्षेत्रमा खुकुलो नीति लिनेबित्तिकै अर्थतन्त्रका अन्य पक्षमा पनि सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ।'

आवासीय कर्जामा दुई करोडभन्दा बढी कर्जा पाएका आवासीय रियल इस्टेट कर्जातर्फ चार अर्ब ९० करोड प्रवाह भएको छ। गत आवमा यस्तो कर्जा तीन अर्ब ४७ लाख रुपैयाँ थियो। अघिल्लो आर्थिक वर्ष ०७८/७९ मा १५ अर्ब ५१ करोडको यस्तो कर्जा प्रवाह भएको थियो।

व्यापारिक कम्प्लेक्स तथा अपार्टमेन्ट निर्माणमा भने कर्जा प्रवाह सुस्त छ। चालू आवको नौ महिनामा एक अर्ब ४५ करोड मात्रै यस्तो कर्जा प्रवाह भएको छ। गत आव ०७९/८० मा यस्तो कर्जा प्रवाह पाँच अर्ब ७६ करोड थियो। व्यापार-व्यवसायमा देखापरेको शिथिलताले यस्तो व्यापारिक रियल इस्टेट क्षेत्रमा जाने कर्जा सुस्त बनेको हो। निर्माण सकिएर आम्दानी गर्न थालेका व्यापारिक कम्प्लेक्समा त ऋण प्रवाह नै ठप्प छ।

नीतिगत लचकता अपनाउँदै राष्ट्र बैंक

घरजग्गा कारोबार सुस्त भएर बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमै समस्या देखिएपछि नेपाल राष्ट्र बैंक लचिलो भएको छ। धितोमा ६७ प्रतिशत ओगटेको रियल इस्टेट क्षेत्र चलायमान नबन्दा बैंकहरूको धितो असुली नै प्रभावित छ। निष्क्रिय कर्जाको अनुपातमा भएको वृद्धिसँगै गैरबैंकिङ सम्पत्ति पनि थुप्रिँदै गएपछि केन्द्रीय बैंक लचिलो बनेको हो।

केन्द्रीय बैंकले शुक्रबार मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गर्दै घरजग्गा कारोबारमा जाने कर्जामा खुकुलो नीति लिएको हो। यो नीतिअनुसार आम्दानीको ७० प्रतिशतले थेग्ने गरी घरजग्गा खरिदका लागि ऋण लिन पाइने भएको छ। कर चुक्ता प्रमाण पेस गरेका आधारमा आम्दानीको विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरेको हो।

बैंक तथा वित्तीय संस्थाको लगानीको ठूलो आधार नै घरजग्गा भएकाले केन्द्रीय बैंकले घरजग्गा क्षेत्रको शिथिलतालाई सम्बोधन गरेको केन्द्रीय बैंकका कार्यकारी निर्देशक गुरु पौडेलले बताए। उनले भने, 'कुल धितोमा ६७ प्रतिशत र स्थिर सम्पत्तिको ठूलो हिस्सा ओगटेको घरजग्गा क्षेत्र चलायमान नहुँदा यसले अर्थतन्त्रमै ठूलो असर पुऱ्याएको छ। त्यसैले पनि यसलाई चलायमान राख्नुपर्ने भएको छ।'


नेपालको बैंकिङ क्षेत्र परम्परागत शैलीमा चलिआएकाले बैंक तथा वित्तीय संस्थाको पुँजी रियल इस्टेटमा जानबाट रोक्न सम्भव नरहेको उनले बताए। राष्ट्र बैंकबाहेकका अन्य सरकारी निकायमा पनि घरजग्गालाई नै सुरक्षित धितो मान्ने परम्परागत सोच कायमै छ।

परियोजनामा आधारित कर्जामा कमसल धितोको आरोपमा कारबाही हुने गतिविधि बढ्न थालेपछि बैंक तथा वित्तीय संस्थाहरू हच्किएका छन्। त्यसैले परियोजनामा आधारित कर्जा दिन सरकारको एकसूत्र नीति लागू नभएसम्म घरजग्गा नै अर्थतन्त्रको बलियो जग कायम रहने उनको भनाइ छ।

जग्गा खरिद र प्लटिङमा छैन सुधार

रियल इस्टेट क्षेत्रका आवासीय र व्यापारिक कम्प्लेक्समा बैंक तथा वित्तीय क्षेत्रमा लगानी देखिए पनि जग्गा खरिद र प्लटिङमा शिथिलता कायमै छ। गत वर्ष नौ अर्ब १२ करोडको कर्जा जग्गा खरिद र प्लटिङमा गएकोमा यो आवको नौ महिनामा चार अर्ब १२ करोडमा सीमित छ। यसमा अकासिएको जग्गाको मूल्य प्रमुख कारण रहेको जानकारहरू बताउँछन्।

बैंक तथा वित्तीय संस्थाले सहरी क्षेत्रभित्र पर्ने अचल सम्पत्तिको धितोका आधारमा व्यक्ति वा व्यापारिक संस्थालाई विनाप्रयोजन ५० लाखभन्दा बढीको ऋण दिन पाउँछन्। यद्यपि, व्यक्तिगत कर्जाको हकमा उद्देश्य खुलेको हुनुपर्ने व्यवस्था छ। यस्तो कर्जा प्रवाह गत वर्षदेखि ठप्प नै छ।



राष्ट्र बैंकका कार्यकारी निर्देशक **गुरु पौडेल**ले भन्छन्-



कुल धितोमा ६७ प्रतिशत र स्थिर सम्पत्तिको ठूलो हिस्सा ओगटेको घरजग्गा क्षेत्र चलायमान नहुँदा यसले अर्थतन्त्रमै ठूलो असर पुऱ्याएको छ। त्यसैले पनि यसलाई चलायमान राख्नुपर्ने भएको छ।

नबिल बैंकका डेपुटी प्रमुख कार्यकारी अधिकृत **मनोज ज्ञवाली** भन्छन्-



केन्द्रीय बैंकको लचक नीतिले आवासीय कर्जामा वृद्धि भएको छ, घरजग्गा क्षेत्रमा खुकुलो नीति लिनेबित्तिकै अर्थतन्त्रका अन्य पक्षमा पनि सुधार हुँदै जाने अपेक्षा गर्न सकिन्छ।

'अटोमेटिक रुट'मार्फत दुई अर्ब १६ करोड एफडिआई स्वीकृत

नवीन अर्याल/नयाँ पत्रिका

उद्योग विभागले कार्यान्वयनमा ल्याएको अटोमेटिक रुट (स्वचालित मार्ग)बाट वैशाखमा दुई अर्ब १६ करोड प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) स्वीकृत भएको छ। विभागले तेस्रो लगानी सम्मेलनको अवसर पारेर १७ वैशाखमा स्वचालित मार्गमार्फत विदेशी लगानी स्वीकृति गर्ने प्रणाली कार्यान्वयनमा ल्याएको थियो।

स्वचालित रुट प्रणाली कार्यान्वयनमा आएयता २१ परियोजनाको एफडिआई स्वीकृत भएको विभागले जनाएको छ। स्वचालित मार्गबाट कुल पुँजी ५० करोड रुपैयाँसम्म हुने गरी शतप्रतिशत सेयर स्वामित्व वा संयुक्त लगानीमा नयाँ कम्पनी स्थापना गर्न सकिन्छ। त्यस्तै, विदेशी लगानीमा स्थापना भई सञ्चालनमा रहेको कम्पनीमा पुँजी वृद्धिका लागि लगानी गर्न स्वचालित मार्गमार्फत निवेदन दिई स्वतः स्वीकृति प्राप्त गर्न पनि सकिने उद्योग विभागले जनाएको छ।

लगानीकर्ताले स्वचालित मार्गमार्फत इमेलबाट निवेदन दिई विदेशी लगानी प्राप्त गर्न सक्ने र सोही आधारमा दर्ता गर्न सक्ने बताइएको छ। सूचना प्रविधिमा आधारित उद्योगहरूका लागि स्वचालित मार्गबाट विदेशी लगानी स्वीकृत गर्दा लगानीको न्यूनतम सीमा लागू नभएको विभागले जनाएको छ।

वैशाखमा मात्रै साढे १३ अर्ब एफडिआई स्वीकृत

उद्योग विभागले वैशाख महिनामा मात्रै स्वचालित रुट र परम्परागत विधिबाट ५९ अर्ब एफडिआई स्वीकृत गरेको छ। जसमा कुल १३ अर्ब ४४ करोड रुपैयाँ विदेशी लगानीको प्रतिबद्धता छ। परम्परागत तरिकाबाट ११ अर्ब ३८ करोड रुपैयाँको ३८ एफडिआई स्वीकृत भएको छ।

सरकारले १६ र १७ वैशाखमा काठमाडौंमा स्वदेशी तथा विदेशी लगानीकर्ता आमन्त्रण गरेर लगानी सम्मेलन आयोजना गरिएको थियो। लगानी सम्मेलन गरेकै महिना ठूलो परिमाणमा एफडिआई स्वीकृत भएको विभागको तथ्यांकले देखाउँछ। वैशाखमा स्वीकृत भएको एफडिआईबाट १७ सय ३४ जनाले रोजगारी पाउने प्रतिबद्धता जनाइएको छ।



■ १० महिनामा सवा ४३ अर्ब एफडिआई स्वीकृत

चालू आवको पहिलो १० महिनामा तीन सय २८ परियोजनाको ४३ अर्ब १८ करोड एफडिआई स्वीकृत भएको छ। जसमध्ये दुई अर्ब १६ करोड रुपैयाँ विदेशी लगानी स्वचालित मार्गबाट र ४१ करोड दुई लाख रुपैयाँ परम्परागत प्रणालीबाटै स्वीकृत भएको विभागले जनाएको छ। साउनदेखि वैशाखसम्म स्वीकृत एफडिआईबाट कुल १७ हजार दुई सय ३४ जनाले रोजगारी पाउने प्रतिबद्धता प्राप्त भएको विभागले जनाएको छ। प्रस्तावित एफडिआई अधिकांश साना परियोजनामा केन्द्रित रहेको विभागको तथ्यांकले देखाउँछ। मझौला र ठूला उद्योग तथा परियोजनमा नगण्य मात्र विदेशी लगानी प्रस्ताव आउने गरेको विभागले जनाएको छ। त्यो पनि अधिकांश सेवा र पर्यटन क्षेत्रका रहेका छन्।

■ नौ महिनामा भित्रियो साढे ६ अर्ब मात्रै

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit

नेपालमा विदेशी लगानी स्वीकृति र वास्तविक आप्रवाहबीच ठूलो खाडल देखिन्छ। प्रस्तावित लगानीको एकचौथाई पनि विदेशी लगानी भित्रिन मुस्किल रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाउँछ। चालू आवको चैतसम्म उद्योग विभागले विभिन्न देशका लगानीकर्ताको ३० अर्ब विदेशी लगानीको प्रस्ताव स्वीकृत गरेको छ। तर, सोही अवधिमा विदेशी लगानीको वास्तविक आप्रवाह ६ अर्ब ४९ करोड रुपैयाँ मात्र रहेको राष्ट्र बैंकले जनाएको छ।

■ यसरी हुन्छ अटोमेटिक रुटबाट एफडिआई स्वीकृत

स्वचालित मार्गबाट विदेशी लगानी स्वकृति लिन चाहने विदेशी लगानीकर्ताले विभागको विद्युतीय प्रणाली लगइन गरेर आफ्नो विवरण र कागजात प्रविष्ट गर्नुपर्छ। विद्युतीय प्रणालीमा आवश्यक विवरण र कागजात प्रविष्ट गरेपछि त्यस्तो लगानी स्वीकृतिका लागि विद्युतीय प्रणालीमा पेस गर्नुपर्छ।

विदेशी लगानी स्वीकृतिका लागि विभागको प्रणालीमा निवेदन प्राप्त भएपश्चात् प्रविष्ट गरेको इमेलमा आवेदन नम्बरसहित लगानी स्वीकृत भएको कन्फर्मेसन दिने विभागले जनाएको छ। विदेशी लगानी स्वीकृतिको जानकारी दिएपछि ऐन तथा नियमावलीबमोजिम निजको लगानी स्वतः स्वीकृत भएको मानिनेछ।

अवैध श्रमिकको उद्धार गर्न कोष बनाइने

काठमाडौं/ गैरकानुनी माध्यमबाट वैदेशिक रोजगारीमा गएर जोखिममा परेका श्रमिकलाई उद्धार गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले छुट्टै कोष स्थापना गर्ने भएको छ। श्रममन्त्री डोलप्रसाद अर्यालले शनिबार सुर्खेतमा आयोजित पत्रकारसँगको भेटघाट कार्यक्रममा यस्तो जानकारी दिएका हुन्।

हालको व्यवस्थाअनुसार मन्त्रालयले श्रम स्वीकृति लिएर जाने श्रमिकलाई मात्रै उद्धार गर्दै आएको छ। विदेशमा जाने श्रमिकले कल्याणकारी कोषमा जम्मा गरेको कोषमार्फत जोखिममा परेका श्रमिकको उद्धार गरिँदै आएको छ। तर, गैरकानुनी रूपमा गएका श्रमिकलाई उद्धार गर्ने कोष भने सरकारसँग छैन। 'गैरकानुनी रूपमा गएका श्रमिक पनि नेपाली नागरिक नै हुन्। उनीहरूको उद्धार गर्नु सरकारको दायित्व हो। त्यसैले छुट्टै कोषको व्यवस्था गर्नका लागि आगामी बजेटमा व्यवस्था गर्न अर्थ मन्त्रालयसँग प्रस्ताव गरेका छौं,' उनले भने।

त्यस्तै, वैदेशिक रोजगारीका नाममा ठगिएमा तुरुन्तै सम्बन्धित निकायमा उजुरी गर्न श्रममन्त्री अर्यालले आग्रह गरेका छन्। 'वैदेशिक रोजगारीका नाममा ठगिएमा वैदेशिक रोजगार विभागमा तुरुन्तै उजुरी दिनुहोस्। त्यो सम्भव भएन भने पनि हाम्रो सचिवालयमा ठगी गरेको संस्था वा व्यक्तिको विवरण टिपाउनुहोस्,' उनले भने। ठगी गर्ने व्यक्ति वा संस्थालाई निर्मम भएर कारबाही गरिनेछ। छलफलमा पत्रकारहरूको प्रश्नको जवाफ दिँदै मन्त्री अर्यालले मन्त्रालयले अगामी दिनमा श्रमिकलाई अनिवार्य रूपमा सीप तालिमको व्यवस्था गरिने, रोजगार बैंक स्थापना गरिने, भारतमा जाने श्रमिकको तथ्यांक संकलन गरिने जानकारी दिए।

मौद्रिक नीति समीक्षाको स्वागत

काठमाडौं/ नाडा अटोमोबाइल एसोसिएसनले मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत आंशिक माग सम्बोधन भएको बताएको छ। नाडाले हायर पर्चेज प्रकृतिका सवारीसाधनको कर्जाको जोखिमभार १२५ प्रतिशतबाट शतप्रतिशत कायम गरिनु स्वागतयोग्य रहेको बताएको छ।

बैंक तथा वित्तीय संस्थाको एक वर्ष अवधि व्यतीत भइसकेका लगानीमध्येबाट एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था मिलाउने र असल वर्गमा वर्गीकरण भएको कर्जाका लागि गर्नुपर्ने विद्यमान कर्जा नोक्सानी व्यवस्था १.२५ प्रतिशतबाट घटाएर १.२० प्रतिशत कायम गरिनु सकारात्मक रहेको नाडाले विज्ञप्तिमार्फत जनाएको छ। नाडाले मन्दीबाट शिथिल बनेको अटोमोबाइल क्षेत्रको उत्थानका लागि धेरै नीतिगत सुधारका सुझाव दिएको थियो। नाडाले पेट्रोल र डिजेलबाट चल्ने सवारीसाधनलाई बैंकबाट हायर पर्चेज लोन प्रवाह गर्ने प्रक्रियामा लोन टु भ्यालु रेसियो ५० प्रतिशतबाट बढाएर ७५ प्रतिशत पुऱ्याउनुपर्ने सुझाव दिएको थियो।

कर्जा चुक्ता नगर्ने ऋणीहरूको धितो लिलामीको सूचना

(सूचना प्रकाशित मिति : २०८१/२/६)

यस गोर्खा एकता बचत तथा ऋण सहकारी संस्था लि. (साविक बसुन्धारा बचत तथा ऋण सहकारी संस्था लि.) बाट तपशिल बमोजिमको ऋणीहरुले कर्जा लिई नतिरी नबुझाएकोले सो कर्जा तिर्न मिति २०८०/१२/२८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगरेकोले निज ऋणीहरुले कर्जा लिदाका बखत संस्थाका नाममा लेखिदिएको धितो लिलामीका लागी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थाबाट लिएको सम्पूर्ण कर्जाको साँवा ब्याज र हर्जना समेत चुक्ता गर्नुहोला अन्यथा ३६ औं दिनको १४:०० बजे (सो दिन बिदा परेमा भोलीपल्ट) सहकारी ऐन २०७४ र नियमावली २०७५ तथा संस्थाको विनियमावली बमोजिम ऋणीले धितो लेखिदिएको धितो लिलाम बढाबढ गरि बिक्री गरि कर्जा असुल गरिनेछ, सो धितो लिलाममा कोही भाग लिन नआएमा संस्थाले गरेको न्युनतम मुल्यमा संस्था आफैले सकार गरी लिन सक्नेछ, कथंकदाचित सो धितोबाट संस्थाको लेना रकम असुल उपर हुन नसकेमा लेना बाकी रकम ऋणी र निजका हकवाला समेतको नाउँमा रहेको चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी, जमानी कर्ताहरुलाई समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपशिल

ऋणीको नाम, ठेगाना	ऋणीको फोटो	धितो विवरण
नाम : **ज्ञानु माया तामाङ** ठेगाना : नुवाकोट गा.वि.स./न.पा ओखरपौवा, वडा नं. १ बाबुको नाम : आईतराम तामाङ बाजेको नाम : लाल बहादुर तामाङ ना. प्र. नं. : २५१०६०/११ मिति : २०६४।०९।०३ जि.प्र.का.: नुवाकोट		नुवाकोट जिल्ला गा.वि.स./न.पा. वडा नं. १ ओखरपौवा स्थित, कित्ता नं. १७०८ को क्षेत्रफल २-०-०-० (१०१७.४८ ब.मी.) भएको ज्ञानु माया तामाङको नाममा रहेको जग्गा।
नाम : **सविता ढकाल आचार्य** ठेगाना : ललितपुर गा.पा./न.पा./ गा.वि.स. गोदावरी, वार्ड नं. ४ बाबुको नाम: गोपाल ढकाल पतिको नाम : भाष्कर आचार्य ससुराको नाम : दाताराम आचार्य ना. प्र. नं. ६४०२१ मिति : २०५०।०८।०६ जि.प्र.का.: ललितपुर		का.जि.का.म.न.पा. वडा नं. ७ चावहिल स्थित नक्सा सिट नं. १०२१०६७०२, कित्ता नं. २६४ को क्षेत्रफल ०-४-२-० (१४३.०६ ब.मी.) भएको सविता ढकाल आचार्यको नाममा रहेको जग्गा।

गोर्खा एकता
बचत तथा ऋण सहकारी संस्था लि.
GURKHA EKATA SAVING & CREDIT CO-OPERATIVE LTD.

चण्डोल-४, काठमाडौं, नेपाल
फोन: ०१-४५२५२५६, ०१-४५२४१५०
E-mail: gurkhaekata@gmail.com

चन्द्रागिरि बचत तथा ऋण सहकारी संस्था लि.

"ढिलो साकोस, सुक्षी र समृद्ध सदस्य"

चन्द्रागिरि न.पा.-७, थानकोट, महादेवस्थान, काठमाडौं,

धितो लिलाम हुने बारेको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/०२/०६

तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थाबाट तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु धितो सुरक्षणमा राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्यादभित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट उक्त ऋणीहरुलाई बारम्बार लिखित, मौखिक तथा विद्युतीय माध्यमहरुबाट तरताकेता गर्दा तथा मिति २०८०/११/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दासमेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित अचल सम्पत्तिहरु लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ। निज ऋणीहरुसंग लिनुपर्ने २०८१ साल असार ९ गते सम्मको सम्पूर्ण लेना रकम असुल हुने गरी उल्लेखित धितो सहकारी ऐन, नियमावली संस्थाको विनियम तथा ऋण नीति बमोजिम निम्न मिति र स्थानमा १०:०० बजेदेखि ४:०० बजे भित्र लिलाम बढाबढ हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। लिलाममा सबै भन्दा बढी डाँक बोल्नेको नाममा लिलाम सदर भएमा कबुल गरेको रकमको कम्तिमा १० प्रतिशत रकम सोही दिन दाखिला गर्नुपर्ने छ। लिलाम बढाबढमा कसैले पनि लिलाम सकार नगरेमा संस्था आफैले सकार्नेछ। लिलाम हुने दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन लिलाम हुने छ। लिलामको शर्त सम्बन्धी जानकारीको लागि संस्थाको कार्यालयमा बुझ्न सकिने छ।

तपसिल:

लिलाम हुने मिति: २०८१ साल असार ५ गते आइतबार
लिलाम हुने स्थान: संस्थाको मुख्य कार्यालय, चन्द्रागिरि नगरपालिका वडा नं ७, थानकोट महादेवस्थान, काठमाडौं

ऋणीको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण	२०८१ साल असार ५ गते सम्मको साँवा, ब्याज सहितको कुल रकम
ऋणीको : **नाम: कमल प्रसाद खतिवडा** स.न.: १२३७४ सा.ठेगाना: मुलपानी गा.वि.स. ८, काठमाडौं हालको ठेगाना: कागेश्वरी मनोहरा न.पा. ६, काठमाडौं ना.प्र.न.: ९२०६।३००५, २०३९/११/०९, काठमाडौ वर्ष: ५८ बाबुको नाम: कृष्ण प्रसाद खतिवडा बाजेको नाम: तुलसीराम खतिवडा **कर्जा शिर्षक: आवास कर्जा**	**व्यक्तिगत जमानीकर्ताको:** **नाम: टंक बहादुर खत्री** स.न.: २०७०५ सा.ठेगाना: वैतेश्वर गा.पा. ४, दोलखा हालको ठेगाना: का.म.न.पा.३१, काठमाडौ ना.प्र.न.: १५५८-८२०, २०४६/०२/१४, दोलखा वर्ष: ५१ बाबुको नाम: चन्द्र बहादुर खत्री बाजेको नाम: जयबहादुर खत्री	रु. ८८,८७,४५०।- (अक्षेरुपी रु. अठासी लाख सतासी हजार नौ सय पचास रुपैयाँ मात्र)
लिलाम हुने धितोको विवरण		
श्री तुलसीराम खतिवडाको नाति कृष्ण प्रसाद खतिवडाको छोरा, साविक काठमाडौं जिल्ला मुलपानी गा.वि.स. ८, हाल काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. ६, निवासी श्री कमल प्रसाद खतिवडाको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको तपसिल अनुसार को जग्गा र सोमा बनेको २.५ तल्ले घर समेत। **तपसिल:** काठमाडौं जिल्ला मुलपानी गा.वि.स. वडा नं ८(ख) कि.न. १२३९ क्षे.फ. ०-१०-०-० को जग्गा सोमा बनेको २.५ तल्ले घर।		
ऋणीको: **नाम: विष्णुप्रसाद कोइराला** स.न.: १४०५६ सा.ठेगाना: सुनौलाबजार गा.वि.स. ७, धादिङ हालको ठेगाना: चन्द्रागिरि न.पा १५, काठमाडौ ना.प्र.न.: ४७८२, २०५२/०४/०४, धादिङ वर्ष: ४६ बाबुको नाम: रामप्रसाद कोइराला बाजेको नाम: भिमप्रसाद कोइराला **कर्जा शिर्षक: व्यवसाय कर्जा**	**व्यक्तिगत जमानीकर्ताको:** **नाम: बद्रि प्रसाद तिवारी** स.न.: १४०५७ सा.ठेगाना: मैदि गा.वि.स. ४, धादिङ हालको ठेगाना: का.म.न.पा. १४, काठमाडौं ना.प्र.न.: ३०१, २०४८/०६/०७, धादिङ वर्ष: ५२ बाबुको नाम: दिवाकर तिवारी बाजेको नाम: चिरञ्जीवि तिवारी	रु. ६७,२६,५१६।- (अक्षेरुपी रु सतसट्ठी लाख छब्बिस हजार नौ सय सोह्र रुपैयाँ मात्र)
लिलाम हुने धितोको विवरण		
श्री भिम प्रसाद कोइरालाको नाति रामप्रसाद कोइरालाको छोरा, साविक धादिङ जिल्ला सुनौलाबजार गा.वि.स. ७, हाल काठमाडौं जिल्ला चन्द्रागिरि न.पा. १५, निवासी श्री विष्णुप्रसाद कोइरालाको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेस्ता कायम रहेको तपसिल अनुसारको जग्गा र सोमा बनेको २ तल्ले घर समेत। **तपसिल:** धादिङ जिल्ला सुनौलाबजार गा.वि.स. वडा नं ७ ख कि.न. १२०६ र १२०८ क्षे.फ. क्रमश १-५-२-१ र ०-८-२-३ को जग्गा र सोमा बनेको २ तल्ले घर।		

हुन्डाईको 'टेस्ट ड्राइभ'

काठमाडौं/ हुन्डाई गाडीको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिअन्तर्गतको लक्ष्मी मोटर कर्पोरेसनले टेस्ट ड्राइभ सम्पन्न गरेको छ। कम्पनीले रामग्राम, परासीस्थित हुन्डाई मोटर एसेम्ब्ली प्लान्ट उद्घाटनको अवसरमा सञ्चारकर्मीलाई नेपालमै निर्मित हुन्डाई भेन्युको एक्स्पेरिन्यस र गाडीको टेस्ट ड्राइभ कार्यक्रम सम्पन्न गरेको हो।

कम्पनीले प्लान्ट भ्रमण गराउनुका साथै प्राविधिकद्वारा एसेम्ब्ली प्रक्रियासम्बन्धी जानकारी गराएको बताएको छ। नेपालमै पहिलोपटक स्थापना भएको एसेम्ब्ली प्लान्टको प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गरेका थिए।

कम्पनीले समयअनुसार ग्राहकको आवश्यकता बुझी सुलभ र पहुँचयोग्य हुन्डाईका सवारीसाधन उत्पादन गर्ने जनाएको छ।

लक्ष्मी सनराइजको 'शिक्षित लक्ष्मी'

काठमाडौं/ महिला सशक्तीकरणप्रतिको प्रतिबद्धतालाई निरन्तरता दिँदै लक्ष्मी सनराइज बैंकले 'शिक्षित लक्ष्मी' पहलको थालनी गरेको छ। सो पहलअन्तर्गत विगतका वर्षमा नारी शिक्षाको उद्देश्यलाई सक्रिय रूपमा समर्थन गर्न बैंकले गरेका विभिन्न गतिविधि र कार्यक्रमलाई एउटै छाताभित्र ल्याएको हो।

बैंकले यस पहलले नारी शिक्षालाई प्रोत्साहन गरी उनीहरूलाई राष्ट्र निर्माणमा योगदान पुऱ्याउन सक्षम बनाउँदै समावेशी र समतामूलक समाज निर्माण गर्ने उद्देश्य राखेको छ।

यस पहलअन्तर्गत आगामी सात वर्षमा कुल ३५ लाख रुपैयाँ रकम प्रदान गर्ने गरी बैंकले हालै समता एजुकेसन ट्रस्टसँग समझदारी गरेको छ। सो रकमले देशभरिका समता स्कुलमा अध्ययनरत सामाजिक र आर्थिक रूपमा विपन्न छात्राहरूले वार्षिक रूपमा छात्रवृत्ति प्राप्त गर्नेछन्।

यसैगरी बैंकले आगामी पाँच वर्षसम्ममा एक करोड रुपैयाँको छात्रवृत्ति कोष स्थापना गर्न काठमाडौं विश्वविद्यालयसँग सम्झौता गरेको छ। सो कोषमार्फत सोही विश्वविद्यालयबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयमा स्नातकोत्तर वा विद्यावारिधि गर्न चाहने योग्य तथा आर्थिक रूपमा विपन्न महिलाहरूले छात्रवृत्ति प्राप्त गर्ने बताइएको छ।

बिजनेस इन्टरेस्ट ग्रुपले आइपिओ ल्याउँदै

काठमाडौं/ बिजनेस इन्टरेस्ट ग्रुप अफ इन्डस्ट्रिजले प्राथमिक साधारण सेयर (आइपिओ) निष्कासन गर्ने भएको छ। कम्पनीले आइपिओ निष्कासन तथा बिक्री प्रबन्धकका रूपमा कुमारी क्यापिटललाई नियुक्त गरेको जनाएको छ। उक्त सम्झौतापत्रमा बिजनेस इन्टरेस्ट ग्रुपका सञ्चालक समिति अध्यक्ष नवराज बुर्लाकोटी तथा कुमारी क्यापिटलका प्रमुख कार्यकारी अधिकृत पुष्प शर्माले हस्ताक्षर गरेका छन्।

प्रतिसेयर १०० रुपैयाँ अंकितदरमा ४५ लाख कित्ता आइपिओ ल्याउन कम्पनीले कृषि क्षेत्रको व्यावसायिकता र दिगोपना, उत्पादन प्रवर्द्धन, उत्पादकत्व वृद्धि तथा बजार सुनिश्चितताका लागि काम गरिरहेको छ।

नेपाल लाइफ क्यापिटलको सिइओमा घिमिरे



काठमाडौं/ नेपाल लाइफ क्यापिटल लिमिटेडले प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा मनीष घिमिरे नियुक्त भएका छन्। कम्पनीको सञ्चालक समितिको बैठकले घिमिरेलाई चार वर्षका लागि नियुक्त गरेको हो।

घिमिरेको इन्भेस्टमेन्ट बैंकिङ र एडभाइजरीमा नेपाली पुँजी बजारमा एक दशकभन्दा लामो अनुभव छ। नेपाल लाइफ क्यापिटलमा आबद्ध हुनुअघि उनले एनआइसी एसिया क्यापिटल, सिद्धार्थ क्यापिटल र नबिल इन्भेस्टमेन्टमा गरी १० वर्षभन्दा बढी समय कार्यसम्पादन गरेका छन्।

काठमाडौं विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टबाट इएमबिए गरेका घिमिरेको विभिन्न इन्भेस्टमेन्ट बैंकिङ तथा पोर्टफोलियो व्यवस्थापन सेवा, म्युचुअल फन्ड, इस्यु म्यानेजमेन्ट र कर्पोरेट एडभाइजरी सेवा प्रोडक्ट डिजाइन र सञ्चालनजस्ता मर्चेन्ट बैंकिङ उत्पादनमा विज्ञता रहेको बताइएको छ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८१/०२/०६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीलाई बारम्बार तरताकेता गर्दा तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पुनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८१/०२/१३ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

सि.नं.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना		लिलाम हुने धितोको विवरण
१.	१.ओभरड्राफ्ट २.सवारी साधन कर्जा	**ऋणीको नामः प्राची इन्टरप्राइजेज** (नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागमा दर्ता रहेको) दर्ता नं.: २१७४२/०७२/७३ दर्ता मितिः २०७२/१०/१७ स्थायी लेखा नं.: ६०३८६५६०२ ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. २। **प्रोप्राईटरः** **प्रताप सिह चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७३०२८/९४ (२०६३/१०/०३/कैलाली) बाजेको नामः फुलराम चौधरी डा.थारू बाबुको नामः ठाकुर दास चौधरी ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ३। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. चन्दा चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७/३/००७/२२५४(२०६३/१०/२२/कैलाली) बाबुको नामः लौटन डगौरा ससुराको नामः ठाकुर दास चौधरी पतिको नामः प्रताप सिह चौधरी ठेगानाः कैलाली जिल्ला,मसुरिया गा.वि.स., वडा नं. ७।	**२. ठाकुर दास चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): १३११६ (२०४९/०९/१३/कैलाली) बाबुको नामः फुलराम चौधरी डा.थारू ठेगानाः कैलाली जिल्ला,चुहा गा.वि.स. वडा नं. २। **३. सुगन्मति डगौरा** ना.प्र.प.नं. २२०८ (कैलाली) बाबुको नामः दुर्गा प्रसाद डगौरा ससुराको नामःफुलराम चौधरी डा.थारू पतिको नामः ठाकुर दास चौधरी ठेगानाः कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ३।	दुर्गा प्रसाद डगौराको छोरी, फुलराम चौधरी थारूको बुहारी, ठाकुर दास चौधरीको पत्नि, कैलाली जिल्ला, पहलमानपुर गा.वि.स., वडा नं. ३ बस्ने **सुगन्मति डगौरा** को नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ४९ को क्षेत्रफल ०,०२९०.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	१.आवधिक कर्जा २.बैंक जमानत (फोर्स लोन)	**ऋणीको नामः छोरा छोरी पोल्ट्री फर्म** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग,घरेलु तथा साना उद्योग कार्यालय भीमदत्तनगर,कञ्चनपुर मा दर्ता रहेको) दर्ता नं.: ४८४/३९७२/०७३/०७४ दर्ता मितिः २०७४/०१/२४ स्थायी लेखा नं.: ६०६११०५६५ ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा ७, शान्तीटोल। **प्रोप्राईटरः** **प्रकाश तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५७ (२०५६/०५/३१/कञ्चनपुर) बाजेको नामः कामी तामाङ बाबुको नामः हर्क सिं तामाङ ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. हर्क सिं तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६९७४३२५५ (२०३३/१२/११/कञ्चनपुर) बाजेको नामः छुङ तामाङ बाबुको नामः कामी तामाङ ठेगानाः कञ्चनपुर जिल्ला,परासन बुद्धबस्ती गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ७।	**२. सविता तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६८१०६ (२०६२/०३/२४/कञ्चनपुर) बाबुको नामः सोमा लामा तामाड ससुराको नामः हर्क सिं तामाड पतिको नामः प्रकाश तामाङ ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ८। **३. टिका तामाड** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२००९/४८६(२०६३/०३/०८/कञ्चनपुर) बाबुको नामः गंगा बहादुर मगर ससुराको नामः हर्क सिं तामाड पतिको नामः दावत तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास वडा नं. ७। **४. ज्ञान व. तामाड** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२००९/४९(२०६४/०२/१४/कञ्चनपुर) बाजेको नामः कामी तामाड बाबुको नामः हर्क सिं तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास वडा नं. ७।	छुङ तामाड को नाति, कामी तामाड को छोरा, कञ्चनपुर जिल्ला, परासन बुद्धवस्ती गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ७ बस्ने **हर्क सिं तामाड** को नाममा मालपोत कार्यालय बेलौरी, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थित कि.नं. ४२७ को क्षेत्रफल ०,६३२० को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः सुदिस्ना ट्रेडर्स** (नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर,कञ्चनपुर मा दर्ता रहेको) दर्ता नं.: ४३७/२०७४/०७५ दर्ता मितिः २०७४/१०/१९ स्थायी लेखा नं.: ६०६११०५६५ ठेगानाः कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ७, शान्तीटोल। **प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः** **प्रकाश तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५७ (२०५६/०५/३१/कञ्चनपुर) बाजेको नामः कामी तामाड बाबुको नामः हर्क सिं तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरूः** **१. सविता तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६८१०६ (२०६२/०३/२४/कञ्चनपुर) बाबुको नामः सोमा लामा तामाड ससुराको नामः हर्क सिं तामाड पतिको नामः प्रकाश तामाङ ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं.८। **२. टिका तामाड** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२००९/४८६(२०६३/०३/०८/कञ्चनपुर) बाबुको नामः गंगा बहादुर मगर ससुराको नामः हर्क सिं तामाड पतिको नामः दावत तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास वडा नं. ७।	**३. तरजुम तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६९७४३२२६ (२०३३/१२/११/कञ्चनपुर) बाबुको नामः कुमार तामाड ससुराको नामः कामी तामाड पतिको नामः हर्क सिं तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १। **४. ज्ञान व. तामाड** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५२००९/४९(२०६४/०२/१४/कञ्चनपुर) बाजेको नामः कामी तामाड बाबुको नामः हर्क सिं तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास वडा नं. ७। **५. हर्क सिं तामाड** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६९७४३२५५ (२०३३/१२/११/कञ्चनपुर) बाजेको नामः छुङ तामाड बाबुको नामः कामी तामाड ठेगानाः कञ्चनपुर जिल्ला, परासन बुद्धबस्ती गा.वि.स., वडा नं. १ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं. ७।	
४.	ओभरड्राफ्ट कर्जा	**ऋणीको नामः महालक्ष्मी ग्रील उद्योग** (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा दर्ता रहेको) दर्ता नं.: ३४३/०७२/७३ दर्ता मितिः २०७२/०९/२३ स्थायी लेखा नं.: ६०३८०३०९७ ठेगानाः चितवन जिल्ला, नारायणी न.पा., वडा नं ९। **प्रोप्राईटरः** **गेस बहादुर राना मगर** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६४७०१ (२०५५/०१/१०/गोरखा) बाजेको नामः नर बहादुर राना मगर बाबुको नामः बल बहादुर राना मगर ठेगानाः गोरखा जिल्ला, स्वारा गा.वि.स, वडा नं. १।	**व्यक्तिगत जमानतकर्ताः** **लक्ष्मी राना मगर** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३५१०३४/३१९ (२०६८/१०/२६/चितवन) बाबुको नामः लेख बहादुर सिदाली ससुराको नामः बल बहादुर राना मगर पतिको नामः गेस बहादुर राना मगर ठेगानाः चितवन जिल्ला, पार्वतीपुर गा.वि.स, वडा नं. ९।	नर बहादुर राना मगर को नाति, बल बहादुर राना मगर को छोरा, गोरखा जिल्ला, स्वारा गा.वि.स, वडा नं. १ बस्ने **गेस बहादुर राना मगर** को नाममा मालपोत कार्यालय चितवन को लगतमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला, पार्वतीपुर गा.पा, वडा नं. ९/ख स्थित कि.नं. ८९१ को क्षेत्रफल १३९६.८५ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौं फोन नं.: ०१-४५२३४३२/३४/३६ | शाखा कार्यालय : तालचोक, कास्की फोनः ०६१-५६१०८१/८२ | शाखा कार्यालय : इटहरी, सुनसरी फोनः ०२५-५८७३१०/११ | शाखा कार्यालय : सिधुवा, घनकुटा फोनः ०२६-४०४१७६

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०२/०६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय : तालचोक, कास्की

१. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय कास्कीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम मितिः २०६९/०४/१७ मा दर्ता नं. ५८९६/०६९/०७० कायम भई दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३२, राजाको चौतारा स्थित **दिपेस सुनचाँदी पसल** **प्रोप्राइटरः इन्द्र बहादुर सुनार**

२. ऋणीको विवरण

च्याङ्ग्रे सुनारको नाति, धन बहादुर सुनारको छोरा, कास्की जिल्ला, शिशुवा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **इन्द्र बहादुर सुनार (ना.प्र.प.नं. ४३७०५, कास्की)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. धन बहादुर सुनारको बुहारी, इन्द्र बहादुर सुनारको पत्नी, कास्की जिल्ला, लेखनाथ गा.वि.स./उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको **सरु सुनार (ना.प्र.प.नं. ४६/३/००२/२३३८, कास्की)**
२. च्याङ्ग्रे सुनारको नाति, धन बहादुर सुनारको छोरा, कास्की जिल्ला, शिशुवा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **इन्द्र बहादुर सुनार (ना.प्र.प.नं. ४३७०५, कास्की)**
३. चित्रमान थापाको नाति, मनकाजी थापाको छोरा, कास्की जिल्ला, लेखनाथ गा.वि.स./म.न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको **भेष बहादुर थापा (ना.प्र.प.नं. ४६३००२/१७०६, कास्की)**
४. लिले विश्वकर्माको नाति, मोतीलाल विश्वकर्माको छोरा, कास्की जिल्ला, पुम्दीभुम्दी गा.वि.स./न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **खिम बहादुर विश्वकर्मा (ना.प्र.प.नं. ३७०६२, कास्की)**

धितोमा रहेको सम्पति विवरण

१. **सरु सुनारको** नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. २६६७ को क्षेत्रफल ०-१४-०-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।
२. **इन्द्र बहादुर सुनारको** नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला, रुपाकोट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ५४२३ को क्षेत्रफल ०-१४-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

नोटः माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरु र धितोमा रहेको सम्पतिको विवरण एकै भएको ।

शाखा कार्यालय : ईटहरी, सुनसरी

ऋणीको विवरण

आगा बहादुर निह्लेकुको नाति, सुरेश कुमार निह्लेकुको छोरा, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भई हाल तेह्रथुम जिल्ला, म्याङ्लुङ गा.वि.स./न.पा. वडा नं. १० बस्ने **सन्तोष सुब्बा (ना.प्र.प.नं. :२६२२५/११३, तेह्रथुम)**

व्यक्तिगत जमानतकर्ताको विवरण

सुरेश कुमार निह्लेकुको बुहारी, सन्तोष सुब्बाको पत्नी, तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भई हाल तेह्रथुम जिल्ला, म्याङ्लुङ गा.वि.स./न.पा. वडा नं. १० बस्ने **नैन कुमारी संग्रौला सुब्बा (ना.प्र.प.नं.: ४०६७८/६६२, तेह्रथुम)**

धितोमा रहेको सम्पति विवरण

सन्तोष सुब्बाको नाममा मालपोत कार्यालय तेह्रथुमको लगतमा दर्ता श्रेस्ता कायम रहेको तेह्रथुम जिल्ला, तम्फुला गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ८४२ को क्षेत्रफल १-८-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०२/०६ गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौं स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु तालचोक, कास्की, इटहरी, सुनसरी र सिधुवा, घनकुटाबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ घरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्थियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०२/२० गते आइतबार कार्यालय समय भित्र शाखा कार्यालय इटहरी, सुनसरीको ऋणीको धितोमा रहेको सम्पतिको हकमा यस बैंकको शाखा कार्यालय सिधुवा, घनकुटामा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०२/२१ गते सोमबार दिउँसो ४:०० बजे शाखा कार्यालय इटहरी, सुनसरीको ऋणीको धितोमा रहेको सम्पतिको हकमा यस बैंकको शाखा कार्यालय सिधुवा, घनकुटामा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा घरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौं स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु तालचोक, कास्की, इटहरी, सुनसरी र सिधुवा, घनकुटामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

संसदीय...

पृष्ठ १ बाट क्रमशः

गर्ने,' रास्वपाको प्रस्ताव छ। रास्वपाले सभापति लामिछानेको नाम समावेश नगरी 'व्यक्ति, संस्था र कम्पनी' उल्लेख गरेर जान सहमत हुन सकिने बताउँदै आएको छ।

कांग्रेसले बजेट अधिवेशनको सुरुदेखि नै संसद् अवरोध गर्दै आएको छ। बिहीबार सदनमा धकेलाधकेल भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मध्यमार्गी विकल्पमा सहमति खोज्ने पहल थालेका थिए। यसैअनुसार शनिबार दलहरूबीच सहमति जुटेको हो।

प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको कांग्रेस, एमाले, माओवादी र रास्वपाको बैठकमा समिति गठनको सहमति भएको हो। दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म छलफल भएको थियो। सुरुमा प्रमुख सत्ता समीकरणका नेताहरूबीच र त्यसपछि कांग्रेससहित छलफल भएको थियो। प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी ओली, रास्वपा सभापति रवि लामिछाने र कांग्रेस नेताहरूसँग अलग-अलग, दुईपक्षीय र संयुक्त छलफल गरेका थिए।

कार्यदलले मस्यौदा तयार पारेपछि शीर्ष बैठकमा प्रस्तुत गर्ने र समिति गठनको औपचारिक निर्णय हुनेछ। कांग्रेस प्रमुख सचेतक रमेश लेखकका अनुसार मूलतः संसदीय छानबिन समिति बनाएर जाने विषयमा सबै राजनीति दलको समान धारणा बनेको छ। छलफल उपलब्धिमूलक र सकारात्मक भएको उनले बताए।

'मूलतः संसदीय छानबिन बनाएर जानुपर्छ भन्नेमा सबै राजनीतिक दलहरू सहमति भएर समान धारणा बनेको छ। सँगसँगै समितिको कार्यविधि के हुने भन्ने विषयमा अगाडि बढ्ने सहमति बन्यो। समितिको सहजीकरण कानुनमन्त्रीले गर्नुहुनेछ,' लेखकले भने, 'सबै दलका साथीहरू बसेर टिओआरका विषय टुंग्याउने सहमति भएको छ। आइतबार बिहानैबाट कार्यदलमा रहेका साथीहरूले काम सुरु गर्नुहुनेछ। छलफलबाट कार्यविधिको विषय टुंगो लाग्नेछ।'

बैठकमा प्रचण्डले संसद्को गतिरोध अन्त्य गरी अगाडि बढ्नुपर्ने भन्दै सहमतिका लागि आग्रह गरेका थिए। 'डेडलक फुकाउनुपऱ्यो। सहमति गरौं। दलहरूबीच अविश्वास बढ्दा राम्रो सन्देश गएको छैन। कम्तीमा न्यूनतम सहमति गरेर जाऔं,' प्रचण्डको भनाइ उद्धृत बैठकमा सहभागी एक नेताले भने।

विश्वासको मत लिन, नीति तथा कार्यक्रम पारित गर्न र बजेट प्रस्तुत गर्न पनि सहमति आवश्यकता भएको उनले बताएका थिए। असहज तरिकाले राजनीति अगाडि नबढोस् भन्नेमा आफू सतर्क रहेको र सहमतिका लागि पहल गरेको प्रधानमन्त्रीको भनाइ थियो।

त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवाले संसदीय छानबिन समिति गठन नगरी समस्या समाधान नहुने अडान राखेका थिए। 'छानबिन समिति गठन हुनुपर्छ। यसअघि पनि समिति गठन भएका उदाहरण छन्। अहिले गठन गर्न किन नहुने ?' सभापति देउवाको भनाइ थियो।

देउवा थोरै समय बोले पनि महामन्त्री गगन थापाले भने बैठकमा धेरै समय लिएका थिए। थापाले गृहमन्त्री लामिछानेसमेत छानबिनको दायरामा आउने गरी संसदीय समिति गठन गर्नुपर्ने माग राखेका थिए। सत्तामा भएकै भरमा उन्मुक्ति दिने गरी अगाडि बढ्न नसकिने उनको जिकिर थियो।

छानबिन समिति गठन गर्न प्रधानमन्त्री प्रचण्ड यसअघि नै तयार भए पनि एमाले र रास्वापा राजी भएका थिएनन्। शनिबारको बैठकमा भने एमाले र रास्वपा पनि समिति गठन गर्न सकारात्मक बनेका हुन्।

एमाले अध्यक्ष केपी ओलीले सुरुमा वित्तीय अपचलनको विषय संसदीय छानबिन समितिमा नभई राज्यको संयन्त्रले छानबिन गर्नुपर्ने बताएका थिए। व्यक्तिकेन्द्रित संसदीय छानबिन समितिले समग्र सहकारीको समस्या समाधान नहुने उनको भनाइ थियो। 'यद्यपि, संसद्को गतिरोध अन्त्यका लागि जिम्मेवार दलका नातालै लचिलो हुन तयार छौं। समितिको कार्यविधि बनाएर अगाडि बढौं,' ओलीको भनाइ थियो।

निकासका लागि छानबिन समिति बनाउन तयार भएको कानुनमन्त्री गिरीले बताए। 'कांग्रेसले संसदीय छानबिन समिति गठन हुनुपर्ने अडान नछाडेपछि निकासका लागि तयार भएका हौं,' गिरीले भने, 'प्रधानमन्त्रीले लिने विश्वासको मत, नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने समय पनि नजिकिएको अवस्थामा लचिलो बन्यौं।'

रास्वपा सभापति रवि लामिछानेले निकासका लागि आफू तयार रहेको बताउँदै समग्र सहकारी क्षेत्रको सुधार गर्ने गरी अघि बढ्नुपर्नेमा जोड दिएका थिए। 'गतिरोध अन्त्यका लागि तयार छौं। व्यक्तिकेन्द्रित होइन, समग्र सहकारीको समस्या समाधान गर्ने गरी अगाडि बढ्नुपर्छ,' उनको भनाइ थियो।

रास्वपा सांसद शिशिर खनालले निकास निकाल्न मोटो सहमति भएको र विस्तृत रूपमा आइतबार छलफल हुने बताए। 'मोटो सहमति छ। विस्तृत रूपमा आइतबार छलफल हुन्छ। व्यक्तिमाथि छानबिन होइन, समग्र सहकारी क्षेत्र सुधार गर्ने गरी अगाडि बढ्छ,' उनले भने, 'कानुन बनाउने सांसद सम्मिलित समितिमा व्यक्ति तोकेर होइन, समग्र क्षेत्रको समस्या समाधान गर्ने गरी नीतिगत विषय आउनुपर्छ।'

सत्ता र प्रतिपक्षबीचको छलफलअघि बालुवाटार पुगेर सभामुख देवराज घिमिरेले प्रधानमन्त्रीसँग समेत सदनको गतिरोध खुलाउनेबारे छलफल गरेका थिए। सभामुखसँगको छलफल चलिरहेको समयमा एमाले अध्यक्ष ओलीसमेत बैठकमा सहभागि थिए। सभामुख घिमिरेले प्रधानमन्त्री र एमाले अध्यक्ष ओलीलाई प्रमुख विपक्षी दलसँग संवादबाटै सहमति गर्न आग्रह गरेको थिए।

राजनीति कता जान्छ भन्ने चिन्ता छ : नेपाल

कार्यक्रममा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले राजनीति कता जान्छ भन्ने चिन्ता लागेको र सबै घटना नियालिरहेको बताए। 'नेपालको राजनीति कता जान्छ भन्ने चिन्ता छ। सबै घटना नियालिरहेका छौं,' नेपालले भने, 'हामी चाहन्छौं- देशमा स्थायित्व कायम होस् र वामपन्थीहरूको एकता र समझदारी नयाँ उचाइमा पुगोस्।' कम्युनिस्ट आन्दोलन अगाडि बढाएर लैजाने ऐतिहासिक जिम्मेवारी रहेको उनले बताए। उनले प्रचण्डको व्यस्ततामाथि पनि कटाक्ष गरे। 'प्रधानमन्त्रीज्यू अत्यन्तै बिजी हुनुहुन्छ। राष्ट्रिय राजनीतिमा उहाँभन्दा बढी बिजी कोही पनि छँदै छैन होला। हामीहरू त खाली, तमासा हेरेर मात्रै बस्ने मान्छे पर्‍यौं,' नेपालले भने।

आज सदन खुल्ला ?

संसदीय सहमति बनाउने सैद्धान्तिक सहमतिपछि पनि कांग्रेसले सदन खोल्न अझै सर्त तेर्साएको छ। समितिको कार्यविधिमा सहमति नबनी र गठनको मोडालिटीको टुंगो नलागेसम्म कांग्रेस सदन सुचारु गर्ने पक्षमा छैन। कांग्रेस नेताहरू कार्यविधि तयार भएपछि समिति बन्ने सुनिश्चितता हुने र त्यसपछि सदन खुल्ने बताउँछन्। कांग्रेस महामन्त्री गगन थापाले कार्यविधिमा आफूहरूको माग सम्बोधन भएपछि मात्र सदन खुल्ने बताए। 'कार्यविधिमार्फत कांग्रेसको माग सम्बोधनका लागि सहमत भएका हौं। त्यसमाथि छलफल हुन्छ। कांग्रेस आफ्नो मागमा जहाँको त्यहीं छ। हाम्रो मागअनुसार कार्यविधि बन्छ र समिति बन्ने अवस्थामा सदन चल्न दिन्छौं। होइन भने सदन खुल्न दिँदैनौं। सत्तापक्ष कसरी अगाडि जान्छ त्यसमा भर पर्छ,' उनले भने।

१५ महिनापछि बागमती प्रदेश सभाका चार समितिले पाए नेतृत्व

दुईवटा समितिको सभापतिका लागि भने ७ जेठमा निर्वाचन हुने

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको दोस्रो कार्यकाल सुरु भएको झन्डै १५ महिनापछि चारवटा संसदीय समितिले नेतृत्व पाएका छन्। प्रदेश सभामा रहेका ६ मध्ये चारवटा संसदीय समितिले शनिबार सभापति पाएका हुन्। प्रदेश मामिला समितिको सभापतिमा कांग्रेसका छिरिङ दोर्जे लामा र सार्वजनिक लेखा समिति सभापतिमा श्रीराम लामिछाने, अर्थ तथा विकास समितिको सभापतिमा राप्रपाका नुरज बज्राचार्य र शिक्षा स्वास्थ्य तथा कृषि समितिमा माओवादीका ठाकुर ढकाल चयन भएका छन्।

संसदीय समितिहरूको बैठकबाट सभापतिहरू सर्वसम्मत चयन गरिएको प्रदेश सभा सचिवालयका प्रवक्ता मनोज गुप्ताले जानकारी दिए। यसअघि बिहीबार नै दलहरूबीच कांग्रेसले दुई तथा एमाले, माओवादी, राप्रपा र एकीकृत समाजवादीले एक-एकवटा समितिको सभापति लिने सहमति भएको थियो। सोहीअनुसार शनिबार भएको निर्वाचन प्रक्रियाबाट चारवटा समितिमा सभापति सर्वसम्मत भएका हुन्। निर्वाचन तालिकाअनुसार शुक्रबार नै ती समितिमा एक-एकजनाको मात्रै उम्मेदवारी परेको थियो। सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गरेपछि समितिका ज्येष्ठ सदस्यहरूले निर्वाचित भएका सभापतिको नाम घोषणा गरेका थिए।

प्रदेश सभामा बाँकी रहेका दुईवटा समितिको सभापतिका लागि भने ७ जेठमा निर्वाचन हुने भएको छ। बागमती प्रदेश सभा सचिवालयका सचिव कृष्णहरि खड्काले उद्योग पर्यटन तथा वातावरण समिति र प्रदेश विशेषाधिकार समितिको सभापतिको लागि सोमबार निर्वाचन हुने जानकारी दिए। त्यसका लागि प्रदेश सभा सचिवालयले निर्वाचन कार्यतालिकासमेत सार्वजनिक गरेको छ।

यसअघि बागमती प्रदेश सभामा दलहरूबीच संसदीय समितिको सभापतिको नेतृत्वको विषयलाई लिएर सहमति हुन नसकेपछि एउटा समिति थप्ने सहमति भएको थियो। सोहीअनुसार शनिबार दिउँसो बसेको बागमती प्रदेश सभाको बैठकले प्रदेशमा प्रदेश विशेषाधिकार समिति गठन गरेको छ। यससँगै बागमती प्रदेश सभामा समितिको संख्या ६ पुगेको छ।

प्रदेश सभा बैठकमा माओवादीका मुख्य सचेतक रत्नप्रसाद ढकालले संविधानको धारा १९३ तथा प्रदेश सभा नियमावली २०७४ को नियम १६७ को उपनियम १ बमोजिम विशेषाधिकार समिति गठन गर्न बैठकमा गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरेका थिए। उनको प्रस्तावमा कांग्रेसका प्रमुख सचेतक गोविन्द लम्साल, एमालेका मधुसुदन पौडेल, राप्रपाकी कुमारी तामाङ र एकीकृत समाजवादीका कृष्णप्रसाद शर्मा खनालले समर्थन गरेका थिए।

धनगढीमा...

पृष्ठ १ बाट क्रमशः

करिब २० टन फोहोरमैला संकलन गर्छ। त्यसमध्ये आधा कुहिने फोहोर हुन्छ। उपमहानगरले नगरका १९ वडामध्ये नौवटाबाट दैनिक फोहोर संकलन गर्छ।

कुहिने फोहोरबाट ग्यास, सिलिन्डरमा राखेर बेच्ने तयारी

धनगढीमा कुहिने फोहोर पनि ल्यान्डफिल साइट जाँदैन। कुहिने फोहोर सीधै बायोग्यास प्लान्टमा लगिन्छ, जहाँबाट दैनिक ५० वटा ग्यास सिलिन्डरका लागि एलपी ग्यास उत्पादन भइरहेको छ। 'कानुनी प्रक्रिया बाँकी रहेकाले उत्पादन भएको ग्यास बजारमा पठाउन सकिएको छैन, अब चाँडै प्रक्रिया पूरा गरेर बजारमा पठाउनेछौं,' प्लान्ट चलाइरहेको कम्पनी देव ट्रेनिङ सेन्टरका कार्यकारी निर्देशक रविनकान्त पन्तले भने, 'फुलफेजमा चलाउँदा दैनिक सय सिलिन्डर उत्पादन हुनेछ।' त्यसमा दैनिक ३० टन फोहोरमैला खपत हुनेछ। यसबाहेक कम्पोस्ट र झोल मल पनि उत्पादन भइरहेको छ। सरकारले ०८० मा २१ करोड खर्चेर वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, धनगढी उपमहानगर र निजी क्षेत्रको त्रिपक्षीय साझेदारीमा बायोग्यास प्लान्ट बनाएको थियो। जसमा सरकारको ४० प्रतिशत र पन्तको ६० प्रतिशत लगानी छ। पन्तले २० वर्षसम्म प्लान्ट चलाएर धनगढी उपमहानगरलाई हस्तान्तरण गर्नेछन्।



वर्गीकरण गरेर थुपारिएको फोहोर

पुनः प्रयोग गर्न नसकिने फोहोरका लागि मात्र बन्नेछ ल्यान्डफिल साइट

धनगढीमा वर्गीकरणपछि पुनः प्रयोग गर्न नसकिने फोहोरका लागि ल्यान्डफिल साइट बनाइँदै छ। एसियाली विकास बैंकको २० करोड ४० लाख ऋण लगानीमा क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत पटेलामा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको काम पनि अगाडि बढेको छ। रुख कटानको काम भइरहेको छ। ल्यान्डफिल साइटमा पुनः प्रयोग गर्न नमिल्ने फोहोर मात्र पठाइने भएको उपमहानगरको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थीले बताए। अहिले ल्यान्डफिल साइट नहुँदा पुनः प्रयोग गर्न नसकिने फोहोर होचो जमिन र खाल्डो भएको ठाउँमा लगेर पुर्ने गरिएको छ। 'पुनः प्रयोग गर्न नसकिने फोहोरलाई स्थानीयबाट विरोध नआउने गरी खाल्डाखुल्डी र होचो ठाउँमा लगेर माटोले पुर्ने गरिएको छ,' अवस्थीले भने, 'केही फोहोर वर्गीकरण नगरेरै पनि यसरी व्यवस्थापन गरिरहेका छौं।' अस्पतालजन्य फोहोर, डाइपर तथा मुख्य बजारबाट संकलन गरिएको वर्गीकरण गर्न नसकिने फोहोरमैलालाई माटोले पुरेर व्यवस्थापन गर्ने गरिएको उनले बताए।

जिम्मेवारीबाट...

पृष्ठ १ बाट क्रमशः

अवैध कार्य गरेको/गर्न लगाएको खुलेको स्रोतले जानकारी दियो। यसमा कार्यालयका तत्कालीन अधिकृत पदमराज आचार्यसमेत संलग्न भएको स्रोत बताउँछ। यसमा पाण्डे स्वयं पनि संलग्न रहेको हुन सक्ने अनुसन्धानमा खटिएका प्रहरी अधिकारीहरूको आशंका छ।

तत्कालीन समयमा यातायात व्यवस्था विभाग सूचना प्रविधि विभागका निर्देशकको भूमिकामा रहेका कर्मचारी र हाल सिआइबीकै हिरासतमा रहेका सुरजप्रकाश अर्यालको संरक्षणमा यस्तो कार्य भएको देखिएको पनि एक अधिकारीले बताए। जिम्मेवारीबाट हटिसकेको व्यक्तिको नाममा रहेको 'युजर आइडी'बाट विवरण प्रविष्ट भएको देख्दा अधिकारीहरू छक्क परेका छन्। 'कि सम्बन्धित व्यक्तिले पूर्वजिम्मेवारीमा रहँदाको युजर आइडी र त्यसको पहुँच जिम्मेवारीबाट हटिसकेपछि पनि लिएर गएको हुनुपऱ्यो, कि त्यो चोरी या दुरुपयोग गरेर अर्कैले प्रयोग गरेको हुनुपऱ्यो,' स्रोत भन्छ, 'जसो हुँदा पनि यो कार्य तत्कालीन कार्यालय प्रमुख र विभागका जिम्मेवार अधिकारी नमिली सम्भव नै हुँदैन।' कतिसम्म भने 'युजर आइडी'बाट कार्यालयबाहिर तथा घरबाटसमेत फर्जी विवरण प्रविष्ट भएको पनि भेटिएका छन्।

जिम्मेवारीबाट हटिसकेका व्यक्तिको नाममा रहेको 'युजर आइडी'बाट कसरी लाइसेन्सका लागि विवरण प्रविष्ट भए र त्यसका आधारमा नयाँ लाइसेन्स जारी भए भन्नेबारे अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि छानबिन गरिरहेको छ। प्राप्त प्रमाण र उनीहरूको बयानका आधारमा सिआइबीले संलग्न अन्य कर्मचारी र बिचौलियाको खोजी तीव्र पारेको छ। छानबिनका क्रममा यस प्रकरणमा के-कस्ता बदमासी भए भन्ने नयाँ तथ्य पनि खुल्दै गएका छन्। नक्कली सवारी लाइसेन्स जारी गर्ने क्रममा मुख्य बदमासी सम्बन्धित कार्यालयकै कर्मचारीबाट भएको देखिएको छ भने उनीहरूलाई संरक्षण गर्ने र अनुचित लेनदेनको हिस्सा भने विभागसम्मै पुगेको देखिएको छ। नक्कली लाइसेन्स प्रकरणमा संलग्न देखिएका थप कर्मचारी तथा लाइसेन्सबाहकलाई पक्राउ गरी विस्तृत अनुसन्धान जारी रहेको सिआइबीका निर्देशक एआइजी श्यामलाल ज्ञवाली बताउँछन्।

■ विभागका पूर्वमहानिर्देशकहरूतर्फ पनि सोझिएो सिआइबी अनुसन्धान

नक्कली लाइसेन्स प्रकरणमा नक्कली लाइसेन्स लिनेसहित १२ जनालाई सिआइबीले पक्राउ गरेकोमा लाइसेन्स लिएका तीनजनालाई हाजिरी जमानीमा छाडेको छ। लजारस दनुवार, दीपक सारू मगर र अजित मिश्रलाई अनुसन्धानमा सघाएपछि प्रहरीले हाजिरी जमानीमा छाडेको हो। कर्मचारीहरू हरीश भट्ट, सुरजप्रकाश अर्याल, नारायणप्रसाद पाण्डे, बिर्जुकुमार चौधरी, वसन्त पाण्डे, गणेश भण्डारी र दीपा न्यौपाने सिआइबीको हिरासतमा छन्। त्यस्तै, गिरोहमा संलग्न प्रदीप सुनार, मिलन बाँस्तोलालाई पनि सिआइबीले थुनामा राखी लिखत किर्तेसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ। छानबिनबाट फेला परेका नयाँ तथ्य र हिरासतमा रहेकाहरूको बयानका आधारमा सिआइबीले यसमा संलग्न अन्य व्यक्ति तथा कर्मचारीको पनि पहिचान गरिरहेको छ। यस क्रममा तत्कालीन समयमा विभागको नेतृत्व गरेका महानिर्देशकहरूसम्म पनि अनुसन्धान गर्नुपर्ने प्रारम्भिक निष्कर्षमा सिआइबी पुगेको छ। नक्कली लाइसेन्सबाट आर्जित लाभ कतिपय महानिर्देशकसम्म पनि पुगेको भेटिएको छ। सिआइबीले छानबिनलाई गति दिएसँगै यसमा संलग्न कतिपय कर्मचारी फरार भएका छन्।

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था"

केन्द्रीय कार्यालय :
पोखरा-२५, हेम्जा, कास्की
फोन : ०६१-४००४२७, ४००४७७

गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०६)

तपसिलमा उल्लेखित ऋणीहरुले यस लघुवित्त वित्तीय संस्थाबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस लघुवित्त वित्तीय संस्थाबाट ऋणीलाई बारम्बार तर ताकेता गर्दा तथा राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ। लघुवित्त वित्तीय संस्थाको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति खरिद गर्न चाहने इच्छुक महानुभावहरुलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले **१५ दिनभित्र** यस लघुवित्त वित्तीय संस्थाको कर्जा असूली विभागमा वा सम्बन्धित शाखा कार्यालयमा समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन (उक्त दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस लघुवित्त वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पोखरा २५, हेम्जा, कास्कीबाट वा सम्बन्धित शाखा कार्यालयबाट रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
१. **शाखा कार्यालयः मनवाबजार, कर्जा शिर्षक नं.,: व्यक्तिगत लघुउद्यम कर्जा, ०९७IML०००१८** **ऋणीको नाम : पदुम महतो थारु** बुबाको नामः कृष्ण महतो थारु बाजेको नामः शंकर महतो थारु ठेगानाः पर्सागढी न.पा.वडा नं.०२, बागवाना, पर्सा ना.प्र.नं. :०४३१२८५०	क) **नामः चमेली देवी थारु** पतिको नामः पदुम महतो थारु ससुराको नामः कृष्ण महतो थारु ठेगाना : बागवाना गा.वि.स. वडा नं. ०६, पर्सा ना.प्र.नं. :३४३००५/६४३	ख) **नाम : बहुरनी देवी थरुनी** पतिको नामः कृष्ण महतो थारु ससुराको नाम :शंकर महतो थारु ठेगाना : बागवाना गा.वि.स. वडा नं. ०६, पर्सा ना.प्र.नं. :०४३१०७१७
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय पर्सामा बहुरनी देवी थरुनीको नाममा दर्ता/श्रेष्ता कामय रहेको पर्सा जिल्ला बागवाना गा.वि.स वडा नं.६ मा रहेको कित्ता नं. २३२ को क्षेत्रफल ०-३-१५-० भएको जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
२. **शाखा कार्यालयः कुम्पुर कर्जा शिर्षक र नं. : व्यक्तिगत लघुउद्यम कर्जा/036IML00005** **ऋणीको नाम : चमेली मगर** बाबुको नाम :कृष्ण बहादुर मगर पतिको नामः तिलक बहादुर थापा ससुराको नामः ईन्द्र बहादुर मगर ठेगानाः सलाङ-८, धादिङ ना.प्र.नं. : २६३०३२/५९७	क) **नामः विनोद आले मगर** बाबुको नामः दल बहादुर मगर बाजेको नामः गिरि बहादुर मगर ठेगाना : कुम्पुर-५, धादिङ ना.प्र.नं. : २६१/२२१६२	ख) **नामः तिलक बहादुर थापा** बाबुको नामः ईन्द्र बहादुर मगर बाजेको नामः नर बहादुर मगर पत्नीको नामः चमेली मगर ठेगानाः सिद्धलेक-०४, धादिङ ना.प्र.नं.: २/५३०
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय धादिङमा तिलक बहादुर मगरको नाममा दर्ता/श्रेष्ता कामय रहेको धादिङ जिल्ला सिद्धलेक गा.पा. वडा नं. ४ मा रहेको कित्ता नं. ४३३ को क्षेत्रफल ०-९-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
३. **शाखा कार्यालयः खजुरा बाँके,** कर्जा शिर्षक र नं. : लघुउद्यम कर्जा/१०३MEG०००००२ **ऋणीको नाम : पुष्पा राना** पतिको नामः बल बहादुर राना ससुराको नामः रत्न बहादुर राना ठेगानाः खजुरा गा.पा./न.पा.०१, बाँके ना.प्र.नं. : ६७६६	क) **नामः ईन्द्रा कुमारी राना** बाबुको नामः सुरज बहादुर राना बाजेको नामः रत्न बहादु राना ठेगानाः नेपालगंज गा.पा./ न.पा.१७, बाँके ना.प्र.नं. : १२५२०	ख) **नामः बिसाल थापा** बाबुको नामः महेन्द्र थापा बाजेको नामः कुल बहादुर थापा ठेगाना : खजुरा.गा.पा./ न.पा.०१, बाँके ना.प्र.नं. : २२८०२
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय बाँकेमा पुष्पा रानाको नाममा दर्ता/श्रेष्ता कामय रहेका बाँके जिल्ला राधापुर गा.पा./न.पा. ०७ मा रहेको कित्ता नं. २६७ को क्षेत्रफल १६९.३० को जग्गा, सो जग्गामा बनेको घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगपात समेत।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
४. **शाखा कार्यालयः खजुरा बाँके,** कर्जा शिर्षक र नं. : लघुउद्यम कर्जा/१०३MEG०००००१ **ऋणीको नाम : सिर्जना थापा** पतिको नाम : सुरेन्द्र बहादुर थापा ससुराको नाम : कुल बहादुर थापा ठेगानाः खजुरा गा.पा./न.पा.०१, बाँके ना.प्र.नं.: २१४४९	क) **नामः सुरेन्द्र बहादुर थापा** बाबुको नामः कुल बहादुर थापा बाजेको नामः सन्तबिर थापा ठेगानाः खजुरा गा.पा./ न.पा.०१, बाँके ना.प्र.नं. : १०९६५	ख) **नामः प्रकाश थापा** बाबुको नामः कुल बहादुर थापा बाजेको नामः मोतीराम थापा ठेगाना : खजुरा.गा.पा./ न.पा.०१, बाँके ना.प्र.नं. : १२४७९
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय बाँकेमा सुरेन्द्र बहादुर थापाको नाममा दर्ता/श्रेष्ता कामय रहेका बाँके जिल्ला राधापुर गा.पा./न.पा.०४ मा रहेको कित्ता नं. २०४ र २३४ को क्षेत्रफल क्रमशः ३२३६.६७ र ११७०.६४ को जग्गा, सो जग्गामा बनेको घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
५. **शाखा कार्यालयः गंगटे,** कर्जा शिर्षक र नं. : लघुउद्यम कर्जा/०१७MEG०००००५ **ऋणीको नाम : उषा कुमारी मिजार** पतिको नाम : भिम बहादुर सार्की ससुराको नाम : मान बहादुर सार्की ठेगाना : रातमाटे ०८, नुवाकोट ना.प्र.नं. : ४७९	क) **नामः बाबुराम सुनार** बाबुको नाम : कृष्ण बहादुर सुनार बाजेको नामः देव सुनार ठेगानाः बेलकोटगढी ०७, नुवाकोट ना.प्र.नं. :४९३८५	ख) **नामः अमन मजकोटी** बाबुको नामः डिल्ले सार्की बाजेको नामः जगत बहादुर सार्की ठेगाना : तारुका ०५, नुवाकोट ना.प्र.नं. :२५।०१।७०।१३२१७
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय नुवाकोटमा भिम बहादुर सार्कीको नाममा दर्ता/श्रेष्ता कामय रहेका नुवाकोट जिल्ला तारुका ०२ मा रहेको कित्ता नं. ४४८ को क्षेत्रफल १-२-०-० को जग्गा, सो जग्गामा बनेको घर र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।		

ऋणीको विवरण	जमानीकर्ताको विवरण	
६. **शाखा कार्यालय : चकचकी,** कर्जा शिर्षक र नं.: व्यक्तिगत लघुउद्यम कर्जा, ११६IML०००११ **ऋणीको नामः प्रतिक भगत** बुबाको नामः दिनेश कुमार भगत बाजेको नामः बबुयालाल भगत ठेगानाः बाह्रदशी गा.पा. ३ राजगढ, झापा ना.प्र.नं. : ०४-०१-७५-०१७५२ जारी मिति : २०७५/०२/११	क) **नामः गुडी जसवाल** बुबाको नामः जगदिश चौधरी पतिको नामः दिनेश कुमार भगत ससुराको नामः बबुयालाल भगत ठेगानाः बाह्रदशी गा.पा. ३ राजगढ, झापा ना.प्र.नं.: ३० जारी मिति :२०६२/०८/२९	ख) **नामः गायक प्रसाद राजवंशी** बुबाको नामः गंगा प्रसाद राजवंशी पत्नीको नामः गुडी जसवाल बाजेको नामः धजवा राजवंशी ठेगानाः बाह्रदशी गा.पा. ३ राजगढ, झापा ना.प्र.नं. : ०४३०३८/५६८ जारी मिति : २०६३/१२/२५ ग) **नामः मनोज कुमार दास** बुबाको नामः शसी भुषन लाल दाश पत्नीको नामः अन्जु कुमारी दत्त बाजेको नामः बिनोथी लाल दाश ठेगानाः बाह्रदशी गा.पा.४ चकचकी, झापा ना.प्र.नं.: ७६१५४२९९ जारी मितिः २०४४/०९/०७
धितो रहेको सम्पत्तिको विवरण : मालपोत कार्यालय भद्रपुर, झापामा प्रतिक भगतको नाममा दर्ता/श्रेष्ता कामय रहेको झापा जिल्ला बाह्रदशी ०३ राजगढमा रहेको कित्ता नं. ३६४० को क्षेत्रफल १६९.३१ व.मी. को जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।		

भावपूर्ण श्रद्धाञ्जली



जन्म
बि.सं. २०१२/०७/१२

स्वर्गारोहण
बि.सं. २०८१/१/२५

स्व. प्राध्यापक खगेन्द्र कुमार खड्का

हाम्रो परिवारका अभिभावक खगेन्द्र कुमार खड्काको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । यस दुखद् घडीमा हामीप्रति समवेदना तथा सहानुभूति प्रकट गर्नुहुने सम्पूर्ण बन्धुवान्धव, इष्टमित्र तथा शुभचिन्तक सबैमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

पत्नी : प्रीति खड्का

छोरी/ज्वाईंहरू
सुप्रिया/सुमन मानसिंह बस्न्यात
सृष्टि खड्का
सृजना खड्का
श्वेता/सम्राट बहादुर सिंह

नाति/नातिनाहरू
साम्रागी सिंह बस्न्यात
अभ्युदय मानसिंह बस्न्यात
आदि सौर्य

आइतबार ६ जेठ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

डुवाना र एलेक्जेन्डरले पेरिस ओलम्पिक खेल्ने

युनिभर्सियालिटी कोटामा अहिलेसम्म नेपालबाट पाँच खेलाडीले पेरिस ओलम्पिक- २०२४ प्रतियोगितामा स्थान पक्का गरेका छन्

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपालका पौडीवाज डुवाना लामा र एलेक्जेन्डर शाहले पेरिस ओलम्पिक २०२४ प्रतियोगिता खेल्ने पक्का गरेका छन् । लामा र शाह ओलम्पिकअन्तर्गत युनिभर्सियालिटी कोटामा छनोट भएका हुन् । पौडीका दुवै खेलाडीले २६ जुलाई देखि ११ अगस्टसम्म पेरिसमा हुने ओलम्पिकमा आ-आफ्नो इभेन्ट्समा प्रतिस्पर्धा गर्नेछन् । अहिलेसम्म नेपालबाट ब्याडमिन्टन, टेबलटेनिस र एथलेटिक्सका खेलाडीले पेरिस ओलम्पिक खेल्ने टिकट पक्का गरिसकेका छन् ।

ब्याडमिन्टनका प्रिन्स दाहाल र एथलेटिक्सकी सन्तोषी श्रेष्ठ युनिभर्सियालिटी कोटामै छनोट भएका हुन् । टेबलटेनिसका स्यान्टु श्रेष्ठले छनोट चरण पार गर्दै ओलम्पिकमा स्थान सुरक्षित गरेका हुन् । सम्बन्धित संघले सिफारिस गरेका खेलाडीहरूको नाम आयोजक राष्ट्रको ओलम्पिक कमिटीमा नेपाल ओलम्पिक कमिटी (एनओसी)ले पठाएको थियो । सिफारिस भएका खेलाडी नै युनिभर्सियालिटी कोटाको माध्यमबाट पेरिस ओलम्पिक खेल्न अवसर पाएको एनओसीले जनाएको छ ।

आइओसीले आफ्नोमातहतमा रहेका एनओसीलाई सन् २००४ को एथेन्स ओलम्पिकदेखि युनिभर्सियालिटी कोटा दिने गरेको हो । छनोट चरणमा असफल भएपछि राम्रो वरीयता तथा उत्कृष्ट प्रदर्शनका आधारमा पनि खेलाडी युनिभर्सियालिटी कोटाको माध्यमबाटै ओलम्पिक प्रतिस्पर्धा गर्न अवसर पाउने गरेको नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक चतुरानन्द राजवैद्यले नयाँ पत्रिकालाई बताएका छन् ।

'कतिपय अवस्थामा छनोट प्रतियोगितामा असफल भएका खेलाडी पनि राम्रो वरीयता प्राप्त गर्दा युनिभर्सियालिटी कोटाको माध्यमबाट ओलम्पिक खेल्ने सपना पूरा गर्छन्,' उनले भने । नेपालको ओलम्पिक इतिहासमा छनोट चरण पार गरी ओलम्पिक खेल्ने पहिलो खेलाडी तेक्वान्दोकी संगीना वैद्य हुन् । उनले छनोट चरण पार गर्दै सन् २००४ को एथेन्स ओलम्पिक खेलेकी थिइन् । त्यसपछि तेक्वान्दोकै दीपक विष्ट छनोट चरणको माध्यमबाट ओलम्पिक खेल्ने दोस्रो नेपाली खेलाडी हुन् ।

उनले सन् २००८ मा बेइजिङ ओलम्पिक खेलेका थिए । समग्रमा टेबलटेनिसका स्यान्टु छनोट खेलबाट ओलम्पिकमा स्थान पक्का गर्ने तेस्रो नेपाली खेलाडी बनेका छन् । टेबलटेनिसका इतिहासमा ओलम्पिक खेल्ने उनी पहिलो खेलाडी हुन् ।

अब पाँच खेलको बाँकी

पेरिस ओलम्पिकमा युनिभर्सियालिटी कोटाको माध्यमबाट छनोट हुने प्रावधानमा अब नेपालका पाँच खेल बाँकी छन् । भारोत्तोलन बक्सिङ, सुटिङ, सुटिङ र गल्फको कोटा बाँकी रहेको एनओसीले जनाएको छ । ओलम्पिक खेलमा आबद्ध खेलको विश्वव्यापी छनोट प्रतियोगिता भइरहेको छ । प्रतियोगिता सकिएलगत्तै आइओसीले युनिभर्सियालाटी कोटामा परेका खेलाडीहरूको नाम सार्वजनिक गर्नेछन् । आइओसीले सम्बन्धित खेलका एनओसीलाई यसको जानकारी दिने गर्छ । 'अहिले पेरिस ओलम्पिकको छनोट चलिरहेको छ, प्रतियोगिता सकेपछि युनिभर्सियालिटी कोटामा छनोट भएका खेलाडी घोषणा हुनेछ,' एनओसीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक वैद्यले भने ।

ओलम्पिक छात्रवृत्तिमा १० खेलाडी

गत वर्षको साउनमा पेरिस ओलम्पिकको तयारी तथा छनोटमा राम्रो नतिजा निकाल्न नेपालका १० खेलका १० खेलाडीले ओलम्पिक छात्रवृत्तिमा पाएका थिए । सम्बन्धित खेल संघको सिफारिसमा नेपाल ओलम्पिक कमिटीले ती खेलाडीलाई छनोट गरेर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले स्वीकृत गरेको हो । छात्रवृत्तिको लक्ष्य ओलम्पिकमा छनोट रहनेछ । टेबलटेनिसका संयोग कपाली (व्यक्तिगत), फेन्सिङका पायस योञ्जन (साबर), पौडीका नासिर याहा हुसेन (दुई सय मिटर फ्री स्टाइल), ब्याडमिन्टनका प्रिन्स दाहाल (व्यक्तिगत), जुडोकी मनिता श्रेष्ठ प्रधान (५६ केजी मुनि), सुटिङकी सुस्मिता नेपाल (१० मिटर र एयर राइफल), तेक्वान्दोकी युनिसिया राई (४९ केजीमुनि), डान्स स्पोर्टस्का दीपक लामा (बी ब्वाइङ), गल्फका सुभाष तामाङ (व्यक्तिगत) र भारोत्तोलनका सागर भण्डारी (१०९ केजी मुनि)ले ओलम्पिक छात्रवृत्ति पाउँदै प्रशिक्षण सुरु गरेका थिए ।

यी खेलाडीमध्ये टेबलटेनिसका स्यान्टुले छनोट चरणबाट ओलम्पिक खेल्ने पक्का गरिसके । छात्रवृत्तिअन्तर्गत प्रत्येक खेलाडीले मासिक सात सय ५० डलर प्राप्त गर्नेछन् । यो ओलम्पिकको अन्तिम छनोटसम्म कायम रहनेछ । छनोटमा सफल रहे ओलम्पिक प्रतियोगितासम्म नै छात्रवृत्ति कायम हुनेछ । ओलम्पिक कमिटीले प्रदान गर्ने रकम प्रशिक्षण, अन्तर्राष्ट्रिय सहभागिता, खेल सामग्री, बिमा, स्वास्थ्य परीक्षणदेखि अन्य तयारीका लागि चाहिने सबै प्रक्रियामा खर्च गरिनेछ । 'छात्रवृत्तिको मुख्य लक्ष्य ओलम्पिक छनोट रहेको छ र यसले खेलाडीलाई ओलम्पिक छनोटको तयारीमा सहयोग छ,' वैद्यले भने ।

डुवाना लामा





एलेक्जेन्डर शाह

पारा ओलम्पिकमा पलेशा



पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्धनले पेरिस ओलम्पिक खेल्ने स्थान पक्का गरेकी थिइन् । उनले चीनमा भएको एसियन छनोटमा पलेशाले के-४४ अन्तर्गत महिला ५७ केजीमुनि तौल समूहमा स्वर्ण जिदै पेरिसमा आयोजना हुने पारा ओलम्पिकमा स्थान पक्का गरेकी थिइन् । पलेशाले फाइनलमा इरानी खेलाडी लेल्ला मिर्जाईलाई ५-४ ले हराउँदै स्थान सुरक्षित गरेकी थिइन् । त्यसअघि पलेशाले सेमिफाइनलमा उज्वेकिस्तानकी खेलाडी करिमा मेलिकुजिएभालाई १८-२ ले पराजित गर्दै फाइनलमा स्थान बनाएकी थिइन् । यसपँगै पलेशा छनोट चरण पार गरेर पारा ओलम्पिक खेल्ने पहिलो नेपाली खेलाडी बनिन् । यसअघि सन् २०२० मा भएको टोकियो पारा ओलम्पिकमा पलेशासँग अनुभव छ । पलेशाले सन् २०२२ चीनमा सम्पन्न पारा एसियाली खेलकुदमा कांस्य पदक जितेकी थिइन् ।

ओलम्पिकमा स्थान पक्का गरेका खेलाडी

● **सन्तोषी श्रेष्ठ (एथलेटिक्स)**


१२औँ दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)मा म्याराथनकी स्वर्ण विजेता सन्तोषीले यपटक ओलम्पिक खेल्ने सपना पूरा गर्नेछिन् । एनओसी र नेपाल एथलेटिक्स संघले युनिभर्सियालिटीका लागि उनको नाम सिफारिस गरेका थिए । 'पेरिस ओलम्पिक खेल्ने वा नखेल्ने दोधारमा थिएँ,' उनले भनिन्, 'प्राप्त अवसरमा राम्रो नतिजा निकाल्ने कोसिस गर्नेछु ।'



उनले सन् २०१९ मा नेपालमा भएको १३औँ सागमा १० हजार मिटरमा स्वर्ण पदक हात पारेकी थिइन् । सागमा नेपालका लागि एथलेटिक्सतर्फ स्वर्ण जित्ने उनी पहिलो महिला हुन् । गत वर्ष नै बंगलादेशमा भएको दक्षिण एसियाली म्याराथनमा उनले स्वर्ण जितेकी थिइन् । उनले बंगलादेशमा पहिलोपटक सहभागी हुँदै स्वर्ण हात पारेका थिए ।

● **स्यान्टु श्रेष्ठ (टेबुलटेनिस)**

टेबल टेनिसका स्यान्टु ओलम्पिक छनोट पार गरी स्थान पक्का गर्ने नेपालका तेस्रा खेलाडी हुन् । यसै साता उनले दक्षिण एसियाली छनोट प्रतियोगिताअन्तर्गत पुरुष एकलको फाइनलमा नेपालका संयोग कपालीलाई ४-३ सेटले हराउँदै पेरिस ओलम्पिकका लागि स्थान पक्का गरेका थिए । कपाली छात्रवृत्तिमा ओलम्पिक तयारी गरेका खेलाडी हुन् । स्यान्टु छनोट खेल्न नै अस्ट्रेलियाबाट आएका थिए । करिअर र पढाइका लागि उनी गत वर्ष अस्ट्रेलिया पुगेका थिए । स्यान्टुले सेमिफाइनलमा श्रीलंकाका चमिरा गिनिगेलाई हराएका थिए । 'ओलम्पिक खेल्ने सपना थियो, यो दिन आउँछ भनेर सोचेकै थिइनँ,' उनले भने, 'दक्षिण एसियालीस्तरसम्म आउँछु भन्ने थियो । तर, ओलम्पिक नै खेल्छु भनेर कहिल्यै सोचिनँ ।'



● **प्रिन्स दाहाल (ब्याडमिन्टन)**

छोटो समयमै प्रिन्सले घरेलु तथा अन्तर्राष्ट्रिय ब्याडमिन्टन प्रतियोगितामा आफ्नो प्रभुत्व जमाउन सफल भएन । सन् २०१८ को विश्व ब्याडमिन्टन महासंघले जारी गरेको जुनियर वरीयताको शीर्ष स्थान उनी रहन सफल भए । नेपालबाट अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता एकलतर्फ विधामा विश्व नम्बर एक खेलाडी बन्ने उनी मात्र एकमात्र खेलाडी हुन् । गत साताको छनोट चरणमा असफल भए पनि वरीयतामा राम्रो स्थान प्राप्त गरेका कारण प्रिन्सले युनिभर्सियालिटी कोटाबाट ओलम्पिक खेल्ने पक्का गरेका हुन् । युनिभर्सियालिटी कोटामा नेपालसँगै एल साल्भाडोर र काजकिस्तानका खेलाडी पहिलोपटक ओलम्पिकमा सीधै छनोट भए । 'मेरो ओलम्पिक खेल्ने सपना पूरा भएको छ,' उनले भने, 'पेरिसमा राम्रो नतिजा निकाल्न धेरै मिहिनेत र परिश्रम गर्छु ।'



खेल संक्षेप

पुरुषतर्फ थापा र महिलातर्फ खनाललाई उपाधि

कास्की/ प्रकाश थापा मगर र उषा खनालले तेस्रो पोखरा राष्ट्रिय साइकल दौड प्रतियोगिताको उपाधि जितेका छन् । थापाले पुरुष र उषाले महिलातर्फका उपाधि हात पारेका हुन् । साइक्लिङको माध्यमबाट खेल पर्यटनको प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजित दौडमा पुरुषतर्फ २८ र महिलातर्फ २० किलोमिटरको दूरीमा प्रतिस्पर्धीले भाग लिएका थिए । गोरखाका थापाले निर्धारित दूरी एक घन्टा ३७ मिनेट १३ सेकेन्डमा पूरा गरेका थिए । महिलातर्फको च्याम्पियन गोरखाकी खनालले एक घन्टा ३९ मिनेट १० सेकेन्डमा दौड पूरा गरेकी थिइन् । पुरुष र महिलातर्फका विजेताले ५० हजार रुपैयाँ प्राप्त गरे ।

वाइआरसिसी फाइनलमा

विराटनगर/ तेस्रो मिल्स कप टी-२० क्रिकेट प्रतियोगितामा विराटनगरको वाइआरसिसी क्रिकेट क्लब फाइनलमा पुगेको छ । विराटनगर जुटमिलको खेलमैदानमा शनिबार भएको पहिलो सेमिफाइनलमा विराटनगरकै एनबिएससी क्रिकेट क्लबलाई ११६ रनले हराउँदै वाइआरसिसी अन्तिम दुईमा पुगेको हो । जितसँगै वाइआरसीसीले आइतबार हुने दोस्रो सेमिफाइनलमा भारत विहारको कटियार र विराटनगरको होराइजन क्रिकेट क्लबबीचको विजेताविरुद्ध उपाधिका लागि खेल्नेछ । टस जितेर ब्याटिङ रोजेको वाइआरसिसीले १९.४ ओभरमा सबै विकेट गुमाई २५१ रन बनाएको हो । वाइआरसिसीको जितमा इमरन नाजिरले आक्रामक ब्याटिङले एक सय चार रन बनाए । उनले ३८ बलमा १४ छक्का र ३ चौका प्रहार गरे ।

यू-१२ च्याम्पियनसिप सोमबारदेखि

काठमाडौं/ नेपाल टेनिस संघको आयोजनामा दक्षिण एसियाली क्षेत्रीय एटिएफ यू-१२ टिम प्रतियोगिता सोमबारदेखि हुने भएको छ । प्रतियोगिताअन्तर्गत पुरुषमा सात तथा महिलामा पाँच राष्ट्रको सहभागिता रहने प्रतियोगिता निर्देशक अजय विष्टले जनाएका छन् । पुरुषमा नेपालसहित भारत, बंगलादेश, श्रीलंका, मालदिभ्स, पाकिस्तान र भुटान सहभागी हुनेछन् । महिलामा पाकिस्तान र भुटानको सहभागिता रहनेछैन । नेपालबाट पुरुषमा निश्चल ज्ञवाली, विश्वविशेष डल्लाकोटी र साहनवाज आलमले प्रतिस्पर्धा गर्नेछन् । महिलामा अनुश्री धोजू, सारा पन्त र आयुशा जिसीले खेल्नेछन् । पुरुष र महिलामा फाइनल पुग्ने खेलाडीले काजाकिस्तानमा सेप्टेम्बरमा हुने एटिएफ यू-१२ टिम प्रतियोगिताका लागि छनोट हुनेछन् ।

नेपाललाई चार पदक

काठमाडौं/ मलेसियाको १० देखि १२ मेसम्म भएको २०औँ अन्तर्राष्ट्रिय ओकिनावा गोजुरियो इपोह सिटी खुला कराँते च्याम्पियनसिपमा नेपाल बादोरियो कराते डो संघका खेलाडीले पदक जितेका छन् । नेपाली टोलीमा इलेशजंग थापाले स्वर्ण हात पारे । आविष्कार श्रेष्ठले पनि स्वर्ण जिते । सान्वी राज्यलक्ष्मी चन्दले रजत जितिन् । यसैगरी, चन्द्रशेखर जैसवाल कास्यमा सीमित भए । लुम्बिनी प्रदेशका वरिष्ठ प्रशिक्षक कमरुदिन अलिले नेपालीको नेतृत्व गरेका थिए । नेपाल, मलेसिया, इन्डोनेसिया, माल्दिभ्स, पाकिस्तान, भारत र सिंगापुरका खेलाडीले भाग लिएका थिए ।

एफए कप फाइनलअघि युनाइटेडका समर्थक निराश



एजेन्सी

विश्वचर्चित फुटबल रंगशाला वेम्बलीमा म्यानचेस्टर युनाइटेडले २५ मेमा यस सिजनको एफए कपको फाइनलमा छिमेकी क्लब म्यानचेस्टर सिटीविरुद्ध खेल्दै छ । युनाइटेडले आफ्ना समर्थक तथा खेलाडीका परिवारलाई निःशुल्क वेम्बलीमा प्रवेश गराउने भएको छ । यो योजना युनाइटेडको नयाँ होइन । युनाइटेडले परम्परागत रूपमा वेम्बलीमा निःशुल्क यात्रा र खानासहित निःशुल्क टिकट दिने गर्छ । खेलअघि खाजा, खेलपछि पार्टी र लन्डनमा बस्ने व्यवस्था समावेश छ ।

तर, यसपटक उनीहरूले सोचेजस्तो रमाइलो गर्न पाउनेछैनन् । समर्थकबाट धेरै खर्च हुने देखेपछि युनाइटेडले बजेटमा कटौती गरेको छ । बेलायती एजेन्सीले युनाइटेडका समर्थकले अब केवल एउटा मात्र टिकट फ्रीमा पाउनेछन् । बस यात्राका क्रममा उनीहरूले २० पाउन्ड मात्र पाउनेछन् ।

> वेम्बली रंगशालामा हुने एफए कपको फाइनलअघि म्यानचेस्टर युनाइटेडले समर्थक तथा कर्मचारीलाई दिँदै आइरहेको सुविधामा कटौती गरेको छ

यसविपरीत म्यानचेस्टर सिटीले आफ्ना सबै कर्मचारीलाई निःशुल्क टिकट र फाइनलका लागि निःशुल्क यात्रा, प्लस वनसहित प्रदान गर्नेछ । फाइनल खेल हेर्न युनाइटेड खेलाडीका प्रेमी तथा श्रीमतीहरूले लन्डनमा मनोञ्जन कार्यक्रम सुरु गरेका छन् । स्कट म्याकटोमिने, ल्युक, एन्टोनी, डिओगो डालोट र आरोन वानका पत्नी र प्रेमिकाहरूले वेम्बली रंगशालानजिककै रेस्टुरेन्टमा मनोरञ्जन गरेको बिसिसीले जनाएको छ । त्यहाँ एक वाइनलाई उनीहरूले ४० पाउन्ड तिरेका छन् । जुन उनीहरूको बजेटभन्दा माथिको रकम थियो ।

बजेट कटौतीमा कर्मचारी निराश

क्लबले आर्थिक पक्षमा कटौती गरेपछि युनाइटेडका स्टाफ रिसाएका छन् । उनीहरूको एउटै माग रहेको छ, वेम्बली रंगशालामा विगतको जस्तै निःशुल्क व्यवस्था हुनुपर्छ । 'वेम्बलीको यात्रा भनेको वर्षौं र वर्षौंदेखि कर्मचारीले रमाइलो गर्ने परम्परा हो, यो हामीले गरेको कामका लागि धन्यवादजस्तै हो,' एक कर्मचारीले भने, 'यसको मतलब यो हो कि जब टोलीले राम्रो गर्छ, तब हामी सबैलाई पुरस्कृत गर्छौं ।' युनाइटेडका कर्मचारीले वर्षौंपछि वेम्बली रंगशालामा छिर्न पाउँदा क्लबले सबै किसिमको व्यवस्थापन गर्नुपर्ने जनाएका छन् । उनीहरूले नीतिविपरीत रकम कटौती भएको दाबी गरे । 'स्पष्ट रूपमा व्यवस्थापन पक्षले लागत कटौती गरिरहेका छन्, हामीलाई यो मान्य छैन,' उनले भने । यद्यपि, क्लबले खेलाडीको साझेदार र परिवारको खुसीलाई प्राथमिकतामा राखेर निर्णय गरेको जनाएको छ ।

जर्मनीमा काठमाडौं किकर्स विजयी

नयाँ पत्रिका

काठमाडौं किकर्स फुटबल एकेडेमीको दुवै टोलीले जर्मनीको बायर्न म्युनिखमा चलिरहेको बालबालिकाको फुटबल प्रतियोगिता भिआर बैंक कपमा जित निकालेको छ । काठमाडौंले खेलेका दुईवटै खेलमा जित निकालेको छ । किकर्सको पहिलो टोलीले अहिलेसम्म एक गोल पनि व्यहोरेको छैन । यस टोलीले आ-आफ्नो पहिलो खेलमा बराबरीको नतिजा निकालेको थियो । किकर्सको दोस्रो टोलीले आफ्नो पहिलो खेल गुमाएको थियो ।

किकर्सको पहिलो टोलीले दोस्रो खेलमा एसभी अउबिडल्लाई २-१ ले हरायो । जितमा आशुतोष महतारा र नोर्गेन शेर्पाले एक-एक गोल गरे । किकर्सको दोस्रो टोलीले एसभी जमरिडल्लाई २-१ ले पराजित गऱ्यो । यस खेलमा गिनिस बसौलालले दुई गोल गरेका थिए । नेपालसहित जर्मनीको विभिन्न एकेडेमीबाट ७६ टोलीका १२ सय खेलाडीले सहभागिता रहेको छ ।

'जर्मनीको यस प्रतिष्ठित प्रतियोगिताको सहभागिता हाम्रा लागि धेरै दृष्टिकोणबाट महत्त्वपूर्ण छ । खेलाडीहरूले जर्मनीको फुटबल सस्कृतिबारे केही सिक्नेछन्,' किकर्सका अध्यक्ष नवीन पाण्डेले भने, 'अझ त्योभन्दा महत्त्वपूर्ण पक्ष नेपाली खेलाडीहरूले आफ्नो जीवनमै महत्त्वपूर्ण हुने अन्य व्यवहार पनि सिक्न सक्छन् ।' जर्मनीको म्युनिखस्थित एसभी मोमेन्डोफले आयोजना भइरहेको प्रतियोगिताको यो ५५औँ संस्करण हो ।

एपिएफ लगातार चौथोपटक च्याम्पियन

सुदूरपश्चिम लगातार तेस्रोपटक ललितपुर मेयर कपको फाइनलमा एपिएफसँग पराजित

नयाँ पत्रिका

एपिएफ क्लबले लगातार चौथोपटक ललितपुर मेयर कप महिला टी- २० क्रिकेट प्रतियोगिताको उपाधि रक्षा गरेको छ । त्रिवि क्रिकेट मैदानमा एपिएफले उपाधि रक्षा गर्ने क्रममा सुदूरपश्चिम प्रदेशमाथि दुई रनको रोमाञ्चक जित निकाल्यो ।

एपिएफले पहिलो संस्करणमा कोशी प्रदेशलाई हराएको थियो । त्यसपछिका दुई संस्करणमा एपिएफले सुदूरपश्चिममाथि जित निकालेको थियो । पाँच टोली सहभागी प्रतियोगिताको लिगमा पनि एपिएफले सुदूरपश्चिमलाई हराएको थियो । पहिलो ब्याटिङ गरेको एपिएफले २० ओभरमा चार विकेटको क्षतिमा एक सय ५५ रन बनाएको थियो ।

प्रत्युत्तरमा सुदूरपश्चिमले २० ओभरमा पाँच विकेट गुमाउँदै १ सय ५३ रनको योगफल बनायो । च्याम्पियन हुने लक्ष्यका साथ ब्याटिङ गरेको सुदूरपश्चिमको सुरुवात कमजोर रह्यो । इनिङ्सको ६.४ ओभरमा सुदूरपश्चिमले पाँच विकेट गुमाएर ४९ रन बनाएको थियो । त्यसपछि कविता जोशी र लक्ष्मी साउदले छैटौं विकेटका लागि १०४ रनको साझेदारी गर्दै टोलीलाई जितको आशा दिलाएका थिए । सुदूरपश्चिमलाई अन्तिम ओभरमा पाँच रन आवश्यक थियो । तर, सुदूरपश्चिमले आवश्यक रन बनाउन सकेन् ।

सुदूरपश्चिममकी कविता सर्वाधिक ६७ रनको योगदान दिइन् । उनले ४५ बलमा सात चौका र तीन छक्का प्रहार गरिन् । लक्ष्मी २९ रनमा नट आउट रहिन् । उनले ३५ बलमा दुई चौका हिर्काइन् ।



सर्वोत्कृष्ट खेलाडी रानामगर

च्याम्पियन टोली एपिएफकी अलराउन्डर सीता रानामगर प्रतियोगिताकै उत्कृष्ट खेलाडी बनेकी छिन् । उनले कुल ५ खेलमा १ सय ४२ रन बनाइन् । साथै, बलिङ क्रममा उनले ४ विकेट लिइन् । यसैगरी, सुदूरपश्चिमकी सम्झना खड्काले उत्कृष्ट ब्याट्समयान भइन् । आयोजक ललितपुरकी कृतिका मरासिनी उत्कृष्ट बलर भइन् । उनले ४ खेलमा ११ विकेट लिएकी थिइन् ।

बलियो ओपनिङ साझेदारी

एपिएफको बलिङमा करुणा भण्डारीले दुई र सुमन विष्टले एक विकेट लिएका थिए । करुणाबाहेक सबै बलर महँगा रहे । यसअघि ब्याटिङ गरेको एपिएफका ओपनरद्वय राजमती ऐरी र सीता रानामगरले ९१ रनको अर्धशतकीय साझेदारी गरेका थिए । राजमती ५० रन बनाउन ४६ बलमा सात चौका प्रहार गरिन् । कप्तान सीता ७४ रनको योगदान दिइन् । उनले ५५ बलमा सात चौका प्रहार गरेकी थिइन् ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्सको रोकथाम तथा उपचारमा सहयोग चाहिएमा
सम्पर्क गर्नुहोस् ।

NARCONON NEPAL
नार्कोनन् नेपाल
The Only Narconon Drug Treatment, Rehabilitation & Prevention Center in South Asia
- बसन्त कुँवर/पुजा कुँवर
रिह्याव स्पेसलिस्ट
(अमेरिका, बेलायत, अस्ट्रेलिया बाट)
नि:शुल्क परामर्शका लागि
नार्कोनन् नेपाल
9851037529, 9745660707,9851048432
01-4377124, 01-4650054
E-mail: narcononnepal@gmail.com, Website : narcononnepal.org.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com